# नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन

शान्तिकुमार भट्टराई

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघु शोधप्रबन्ध

दिसम्बर २०१५

# **नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन**

सिक्किम विश्वविद्यालयको भाषा तथा साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघु शोधप्रबन्ध


शोध निर्देशक

**पुष्प शर्मा**

सह प्राध्यापक

नेपाली विभाग

भाषा तथा साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।

शोधार्थी

**शान्तिकुमार भट्टराई**

एमफिल 14MPNP10

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


दिसम्बर २०१५

# कृतज्ञता ज्ञापन

प्रस्तुत लघु शोधप्रबन्ध मैले आदरणीय गुरुमा पुष्प शर्माको कुशल निर्देशनमा तयार परेको हूँ। आफ्नो कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई लक्षित मार्गमा पुऱ्याउन उहाँले येथेष्ट समय, उत्साहबर्धक सुझाव तथा शोधविषय सम्बन्धी धेरै उपयोगी पुस्तकहरू उपलब्ध गराई यस लघु शोधप्रबन्ध सम्पन्न गराउन सहयोग गर्नुभयो। आवश्यकता पूर्ण गर्न तत्काल सहयोग पुऱ्याउनु हुने गुरूमा पुष्प शर्माप्रति म आन्तरिक कृतज्ञता प्रकट गर्दछु। यसरीनै लघु शोधप्रबन्ध लेखनका लागि प्रेरणा, हौसला तथा सहयोग गरिदिनुहुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका गुरुबा-गुरुमाहरू प्रतापचन्द्र प्रधान, कविता लामा, बलराम पाण्डे, समर सिन्हा, देवचन्द्र सुब्बाप्रति आभारी छु। यसैगरी कतिपय उचित सुझाव दिएकामा उत्तर बङ्ग विश्वविद्यालयका गुरुजन मोहन पी. दाहाल, घनश्याम नेपाल, पुष्कर पराजुली, कृष्णराज घतानी, नरेशचन्द्र खाती तथा शान्तिराज शर्मा प्रति पनि आभार व्यक्त गर्दछु। यस विषय खोज गर्दा अन्तरवार्ता दिने सबै व्यक्तिहरूप्रति पनि उत्तिकै आभारी रहेको छु। प्रस्तुत शोध कार्यका लागि सामग्री सङ्कलन, सन्दर्भ आदि खोजी गर्दा सहयोग पुऱ्याउने सिक्किम विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, उत्तर बङ्ग विश्वविद्यालको पुस्तकालय संचालकप्रति पनि म आन्तरिक हृदयबाट आभार व्यक्त गर्दछु।

शान्तिकुमार भट्टराई
एमफिल
क्रम संख्या 14MPNP10
नेपाली विभाग,
भाषा तथा साहित्य सङ्काय,
सिक्किम विश्वविद्यालय

## लघु शोधप्रबन्धमा प्रयुक्त संक्षेप शब्दरुप

| | |
|---|---|
| १. क्र. सं | ------ क्रम संख्या |
| २. पृ. सं. | ------- पृष्ठ संख्या |
| ३. वि. सं | ------- विक्रम संवत् |
| ४. सम्पा | ------ सम्पादक |
| ५. द. सिक्किम | ------- दक्षिण सिक्किम |

## विषय सूची

| विषय | पृ.सं |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| शोध निर्देशकबाट अग्रसारण | ख |
| कृतज्ञता ज्ञापन | ग |
| लघु शोधप्रबन्धमा प्रयुक्त संक्षेप शब्दरुप | घ |
| **पहिलो अध्याय** | **१-९** |
| १ शोध परिचय | |
| १.१ शोध परिचय | |
| १.२ शोध शीर्षक | |
| १.३ शोधको समस्याकथन | |
| १.४ शोधको उद्देश्यकथन | |
| १.५ शोधको प्रयोजन | |
| १.६ शोधको औचित्य | |
| १.७ पूर्वकार्यको सर्वेक्षण | |
| १.८ शोधविधि | |
| १.९ शोध सीमा र क्षेत्र | |
| १.१० सामग्री सङ्कलन विधि | |
| **दोस्रो अध्याय** | **१०-४५** |
| २ लोक र लोकवार्ताविज्ञान परिचय | |

२.१ 'लोक' शब्दको अवधारणा

२.२ लोकवार्ताको परिचय

२.३ लोकवार्ताविज्ञानका शाखा

२.४ लोकवार्ताविज्ञानको अध्ययन परम्परा

२.५ लोकविश्वास

२.६ विश्वास, लोकविश्वास र अन्धविश्वास

**तेस्रो अध्याय** ४६-१२३

३ नेपाली लोकजीवन अनि संस्कृति

३.१ नेपाली समाज

३.२ नेपाली लोकजीवन

३.३ नेपाली संस्कृति

**चौथो अध्याय** १२४-१८६

४ नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन

४.१ नेपाली लोकविश्वासको अवधारणा

४.२ नेपाली लोकविश्वास स्रोत अनि परम्परा

४.३ नेपाली लोकविश्वासको वर्गीकरण अनि विश्लेषण

४.४. नेपाली लोकविश्वासको वर्तमान स्थिति

४.५ लोकविश्वास अनि संस्कृति : परम्परा अनि परिवर्तन

**पाँचौं अध्याय** १८७-१९५

५ निष्कर्ष

**सन्दर्भग्रन्थ सूची** १९६-२००

**परिशिष्ट** २०१-२०८

# पहिलो अध्याय

## १ शोध परिचय

### १.१ शोधको परिचय

नेपाली समाज विश्वका कुना कुनासम्म फैलिएको पाइन्छ। भारतका पूर्वोत्तर क्षेत्र जस्तै अरुनाचल प्रदेश, असम, मणिपुर, मेघालय, त्रिपुरा, मिजोरम, आदि क्षेत्रमा अधिकांश नेपाली जाति बसोबास गर्दै आएका छन्। असम, सिक्किम र पश्चिम वङ्गाल त नेपाली जातिको मूल थलो रहेको छ। भारतका अरु प्रान्तमा पनि नेपाली जाति व्यवशायका निम्ति अथवा जीवन धान्नका निम्ति रहँदै बस्दै आएका छन्। पश्चिमाञ्चल भारतका वनारस, देहरादुन, वर्मा, भाक्सु आदि स्थानहरूमा नेपाली जाति छरिएर बसेका छन्। भारत मात्र नभएर भुटान तथा नेपालमा पनि नेपाली जातिको रासो बासो उत्तिकै रहेको छ। मलेसिया, अमेरिका, दुवइ, इत्यादि देशमा मात्र नभएर विश्वभरी नै नेपाली जाति रहदै बस्दै आएका छन्।

नेपाली जाति यसरी फैलिदै जानको मुख्य कारण नेपाल भारत खुल्ला सीमा, नयाँ नयाँ रोजगारको खोजी, पठन-पाठनका निम्ति, विभिन्न देशका सेनामा भर्ति आदि कारणले हो

भन्न सकिन्छ। यसरी विश्वव्यापी रुपमा फैलिए तापनि जहाँ जहाँ उनीहरूको वसोवासो रहेको छ त्यहाँ त्यहाँ उनीहरूले आ-आफ्नो रहन-सहन, रीतिथिति, जीवनशैली, संस्कार, संस्कृति, चाडपर्व, मूल्यमान्यतालाई पनि संरक्षण गर्दै आएका पाइन्छन्। आफ्नो परिचय, ऐतिहासिक धरोहर लोकविश्वास, लोकसंस्कृति, लोकसाहित्य आदिको पनि सम्बर्धन गर्दै आएका देखिन्छन्।

नेपाली जातिलाई चिनाउने यस्ता धरोहर र चिन्हारी शनैः शनैः लोप हुदै गएको विदित हुँदछ। जब लोकसाहित्य, लोकसंस्कृति, लोकविश्वास हराउँदै जान्छ तब जातीय चिन्हारी पनि खतरामा पर्ने सम्भावना हुँदछ। यसलाई जोगाएर राख्नु नेपाली जातिको पहिलो कर्तव्य ठान्दछु। त्यसोसले पनि यस दिशातिर अन्वेषण गर्न प्रेरित रहेको जानकारी दिन चाहन्छु। लोपोन्मुख लोकसंस्कृतिको अस्तित्व खतरामा पर्नअघि यसको संरक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वासले प्रेरित बन्नु र समृद्ध लोकसंस्कृतिको भण्डार लोक अगाडि राख्नु नै मेरो यस शोधको मूल अभिप्राय रहेको छ।

ग्रामीण संस्कृति, जहाँ लोकसंस्कृति सुरक्षित रहन्छ अब विस्तारै घटेर गएको अनुभव प्रतीत हुँदछ। कारण ग्राम विस्तारै नगरमा परिवर्तन हुँदै गइरहेको छ। त्यसकारण ग्रामको विशुद्दता, जैवता पनि विस्तारै वजारीकरणको प्रभावले लोपोन्मुख हुँदै जाँदैछ।

त्यसतर्फ समयमै सचेत नबने जातिको चिन्हारी र अस्तित्व हराउँछ भन्ने त्राशले म पनि ग्रसित छु। यस विषयमा विशेष रुचि रहनु र ग्रामीण परिवेशमा आफू पनि जन्मिएर हुर्केकाले त्यसपट्टि विशेष लगन र अनुभव पनि रहेको जानकारी दिन चाहन्छु। तर यस लघु शोधप्रबन्धको कार्य क्षेत्र सिक्किमभित्र मात्र सीमित रहेकाले भारतीय तथा देश विदेशभरी छरिएर रहँदै-वस्दै आएका सम्पूर्ण नेपाली जातिको लोकविश्वास, लोकसंस्कृति, सांस्कृतिक मूल्य मान्यता, लोकसाहित्य आदिको वेलीविस्तार लगाउन क्षेत्रसीमितता तथा तोकिएको समयसीमालाई ध्यानमा राखेर **नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** शीर्षकमा केन्द्रित रहेर सिक्किम क्षेत्रलाई शोधको केन्द्र बनाएको छु।

नेपाली लोकविश्वास नेपाली समाजको सांस्कृतिक धरोहर तथा चिन्हारी भएको कारण यसको अध्ययन अध्यापन हुन आवश्यक देखिन्छ तसर्थ यहाँ यस लघु शोधप्रबन्धअन्तर्गत यथासम्भव **नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** गर्ने कोशिश भएको छ। यस विषयसँग सम्बन्धित अन्य विषय भने प्रसङ्गवश यथास्थानमा चर्चा गरिनेछ।

## १.२ शोध शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक **नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** रहको छ।

## १.३ शोधको समस्याकथन

प्रस्तुत लघु शोधप्रबन्धमा मूल समस्याका रुपमा नेपाली लोकविश्वासको अध्ययन गर्नु हो। शोधप्रबन्धका समस्याहरू यस प्रकार रहेका छन्-

१. लोकविश्वास भन्नाले के बुझिन्छ?

२. नेपाली जातिमा के कस्ता लोकविश्वास पाइन्छन्?

३. आधुनिक समाजमा लोकविश्वासको के कस्तो महत्त्व पाइन्छ? त्यसको सांस्कृतिक महत्त्व के कस्तो छ?

४. समाजमा लोकविश्वासको कस्तो मनोवैज्ञानिक प्रभाव छ?

## १.४ शोधको उद्देश्यकथन

१. लोकविश्वासको विस्तृत परिचय दिनु।

२. नेपाली जातिमा रहेका लोकविश्वास के कस्ता छन्, वर्गीकरण गरी विश्लेषण गरेर खुट्याउनु।

३. आधुनिक नेपाली समाजमा लोकविश्वासको स्थान र महत्त्व देखाउनु र त्यसका सांस्कृतिक महत्त्व देखाउनु।

४. लोकविश्वासले समाजमा पारेको मनोवैज्ञानिक प्रभाव देखाउनु ।

## १.५ शोधको प्रयोजन

नेपाली जाति भनेर चिनिने विभिन्न जात-जाति अर्थात् जातगोष्ठीमध्ये छेत्री, बाहुन, राई, लिम्बु, नेवार, मगर, कामी, दमाइ, तामाङ, शेर्पा, जोगी, सन्यासी आदि जातिका लोकविश्वासहरूको विश्लेषणात्मक अध्ययन गरी तिनको आधुनिक दृष्टिकोणमा मूल्याङ्कन गर्नु हो। सिक्किम विश्वविद्यालयको नेपाली विभाग अन्तर्गत एमफिल तहको पाठ्यक्रमको आंशिक परिपूर्ति गर्नु पनि प्रस्तुत शोधकार्यको प्रयोजन रहेको छ ।

## १.६ शोधकार्यको औचित्य

नेपाली समाजको आफ्नै लोकवार्ता छ। नेपाली लोकवार्तामा रहेका विभिन्न विषयहरू जस्तै- लोकसाहित्य, लोककला, लोकसंस्कृति इत्यादिको अध्ययन भएको पाइए तापनि

नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन भएको पाइन्न। नेपाली लोकविश्वासलाई लोकको चेतना तथा बौद्धिकतामा केलाएर हेर्नु औचित्यपूर्ण देखिन्छ।

## १.७ पूर्व कार्यको सर्वेक्षण

**नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** विषयमा आजसम्म कुनै शोधकार्य भएको पाइदैंन। नेपाली लोकविश्वासका विषयमा भने एकाध विद्वानहरूबाट केही पहल भएको पाइन्छ जो यस प्रकार रहेका छन्-

हंसपुरे सुवेदीले **नेपाली लोकजीवन : लोकविश्वास**मा नेपाली लोकजीवनमा प्रचलित लोकविश्वासको अध्ययन गरेका छन्। यसमा नेपाली समाजमा प्रचलित रीति–रिवाज, पूजापाठ, धामी–झाँक्री , बोक्सी–डाइनी आदि रहेका छन्। कृष्ण पराजुलीले **नेपाली गीतको आलोक**मा नेपाली लोकविश्वासको पनि चर्चा गर्दै लोकविश्वास लोकगीतको सर्जक पनि बनेको हुन्छ भनेका छन्। यसका अतिरिक्त उनले आँखा फर्फराएको सन्दर्भ, सपनाको सन्दर्भ पनि लोकप्रचलित रहेको चर्चा गरेका छन्। यसै सन्दर्भमा क्यास्पर जे. मिलरले **फेत–हिलर इन दि हिमालय**मा नेपालको दोलखा क्षेत्रमा प्रचलित धामी–झाँक्री प्रथा, बलिप्रथा आदिको अध्ययन गरेका छन्। उत्तर बङ्ग विश्वविद्यालयको

नेपाली विभागबाट प्रकाशित **नेपाली जर्नलमा** पनि नेपाली लोकविश्वासबारे थेरथोर कार्य भएको पाइन्छ। **नेपाली लोकवार्ता : अध्ययनहरू, लोकवार्ता विषयक अध्ययन पत्रहरूको सङ्कलनमा** प्रकाशित गङ्गाप्रसाद शर्माको **लोकविश्वास: तुलनात्मक अध्ययन** र विनेश प्रधानको **नेपाली लोकविश्वास र लोकव्यवहारको अध्ययन** जस्ता लेखहरू पनि लोकविश्वासमा आधारित छन्। गङ्गाप्रसाद शर्माले नेपाली लोकविश्वास र विश्वका अरु जातिमा रहेका लोकविश्वासको तुलनात्मक अध्ययन गरेका छन् भने विनेश प्रधानले नेपाली लोकविश्वासलाई वर्गीकरण गरेर अध्ययन गरेका छन्। उत्तर बङ्ग विश्वविद्यालयमा स्नातकोत्तरको क्रमिक मुल्याङ्कनका निम्ति प्रस्तुत र स्वीकार्य दुइवटा लघुशोध प्रबन्धहरूमध्ये पहिलो सुचन प्रधानको **मिरिक क्षेत्रमा प्रचलित लोकविश्वास : एक अध्ययनमा** मिरिक क्षेत्रमा प्रचलित विभिन्न लोकविश्वास जस्तै धामी–झाँक्री , भूत–प्रेत, शकुन–अपशकुन आदि विषयमा कार्य भएको पाइन्छ भने दोस्रो सचिन विश्वकर्माको **लोकवार्ताको सैद्धान्तिक परिचय र नेपाली लोकसाहित्यको अध्ययन–परम्परामा** संक्षिप्त रुपमा नेपाली लोकविश्वासलाई हेरिएको पाइन्छ। यसै क्रममा युद्धवीर राणाले **नेपाली संस्कृति :हाम्रो अस्तित्वमा** धामी-झाँक्री प्रथालाई लिएर **नेपाली परम्परामा धामी-झाँक्री** लेख लेखेका छन्। यस लेखमा उनले धामी-झाँक्रीमा रहेको अलौकिक

शक्तिको वर्णन गर्दै उनीहरूले गर्ने उपचारमध्ये लागो-भागो हटाउनु, बोक्सी, भूत-पिसाच पन्छाउनु इत्यादिलाई धामी झाँक्रीको कार्य मानेका छन्। **परम्परागत नेपाली लोकगीत-लोकसंस्कृति**मा एम.एम. वाइबाले **झाँक्री ताण्डव नृत्य** विषय लेखमा सर्वप्रथम धामी-झाँक्रीको चर्चा गर्दै उनीहरूले गर्ने चिन्तालाई मनको डर हटाउने प्रक्रिया मानेका छन्। यसमा उनले धामी झाँक्रीको सामा सर्जामको चर्चा साथै चिन्ता बस्ता लगाउने पहिरन तथा वस्त्रादिको चर्चा पनि गरेका छन्।

## १.८ शोधविधि

प्रस्तुत लघु शोधशीर्षक **नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** –मा शोध कार्य गर्दा पारम्परित पद्धति भित्रको निगनात्मक पद्धतिको प्रयोग गरी निष्कर्ष निकालिएको छ।

## १.९ शोधको सीमा र क्षेत्र

प्रस्तुत लघु शोधप्रबन्धमा प्रमुख एवम् प्रचलित नेपाली लोकविश्वासमा केन्द्रित रही तिनको वर्गीकरण गरी विश्लेषण गर्ने प्रयास गरिएको छ। यसैका आधारमा यसको सीमा र क्षेत्र निर्धारित गरिएको छ।

## १.१० सामग्री सङ्कलन विधि :

प्रस्तुत लघु शोधप्रबन्ध तयार पार्न विभिन्न पुस्तकालय, लेख, पत्र–पत्रिका आदिबाट विभिन्न सामग्री सङ्कलन गरिएको छ। यसका अतिरिक्त अन्तर्वार्ता तथा अन्य दस्तावेज आदिलाई पनि सामग्रीका रुपमा प्रयोग गरिएको छ। गाउँ वस्तीतिर बुजुक अभिभावकहरूसँग सोधखोज, भेटवार्ता, अन्तर्वार्ता गरेर सर्वेक्षण र स्थानगत भ्रमण आदिबाट पनि सामग्री सङ्कलन गरिएको छ।

# दोस्रो अध्याय

## २ लोक र लोकवार्ताविज्ञान परिचय

### २.१ 'लोक' शब्दको अवधारणा

संस्कृत व्याकरण अनुसार  'लोकृ दर्शने' धातुमा 'घञ्' प्रत्यय लगाउँदा लोक् + घञ्(अ) = लोक बनेको देखिन्छ।[1] 'लोकृ दर्शने' धातुको अर्थ 'देख्ने वा हेर्नेवाला' भन्ने हुन्छ।[2] यसरी हेर्दा **'लोक'** शब्दको अर्थ देख्ने वा हेर्ने साधारण जनसमुदाय भन्ने अर्थ निस्कन्छ। **'लोक'** शब्दको अवधारणा पूर्वमा वैदिक कालदेखिनै रहेको पाइन्छ। **ऋग्वेद**मा 'देहि लोकम्' भनेर **'लोक'** शब्दलाई स्थानका अर्थमा प्रयोग गरिएको पाइन्छ।[3] वैदिक कालमा वेद इत्तर तत्वलाई लौकिक भनेको पाइन्छ। जस्तै वेदको संस्कृतलाई 'वैदिक संस्कृत' भनिन्छ भने साधारण जनसमाजले वोल्ने संस्कृतलाई 'लौकिक संस्कृत' भनिएको पाइन्छ।

---

[1] कृष्णप्रसाद पराजुली, वि.सं२०५७, **नेपाली लोकगीतको आलोक,** काठमाडौ : वीणा प्रकाशन पृ. १८

[2] मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी, वि. सं. २०६८, **नेपाली लोक साहित्यको रुपरेखा,** साझा प्रकाशन पृ ३

[3] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १७

**ऋग्वेद**मा साधारण जनताका निम्ति लोक शब्दको प्रयोग पाइन्छ। लोक शब्दको पर्यायका रुपमा 'जन' शब्दको प्रयोग पनि **ऋग्वेद**मा नै पाइन्छ।

"य इमे रोदसी उभे अहमिन्द्रमतुष्टवं।

विश्वमित्रस्य रक्षति ब्रह्मेद भारतं जनं।।"[४]

प्रस्तुत श्लोकमा 'लोक' शब्दको निम्ति 'जन' शब्दको प्रयोग भएको छ।

ऋग्वेदको प्रसिद्ध पुरुष सूक्तमा **लोक** शब्दलाई प्रयोग गरिएको पाइन्छ।[५]

यसरी लोक शब्दको प्रयोग **ऋग्वेद**मा भएको पाइन्छ। वेदपछि उपनिषद्हरूमा पनि लोक शब्दको प्रयोग व्यापक रुपमा भएको पाइन्छ। **जैमिनीय उपनिषद् ब्राह्मण**मा भनिएको छ "लोक अनेक प्रकारले फैलिएको छ। प्रत्येक वस्तुमा लोक व्याप्त छ।"[६]

"बहु व्याहितो वा अहुशो लोक: ।

क एत्द अस्य पुनरीहितो अयात् ।।"[७]

---

[४] पूर्ववत्

[५] पूर्ववत्

[६] पूर्ववत्

यसप्रकार लोक शब्दले व्यापक र विस्तृत अर्थ बोकेको पाइन्छ। संस्कृतमा लोकको एउटा अर्थ स्थानका रुपमा पनि पाइन्छ। चौध भुवनको कुरा संस्कृत साहित्यले गरेको पाइन्छ। पृथ्वीदेखि उँभोका सात भुवनलाई सात लोक भनिएको छ। जो क्रमश: यसप्रकार छन्- भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक अनि पृथ्वीदेखि उँधोका सात भुवनलाई सात तल मानिएको छ, जो क्रमस: यसप्रकार छन्- अतल, वितल, सुतल, तलातल, रसातल, महातल र पाताल।

देवताको वास स्थानलई 'देवलोक' मानिएको पाइन्छ। जस्तै, शिवलोक, ब्रह्मलोक, विष्णुलोक, गोलोक आदि। कतिपय ग्रहहरूलाई पनि 'लोक' भनिएको पाइन्छ। जस्तै, चन्द्रलोक, सूर्यलोक, ध्रुवलोक आदि। मुख्य रुपमा 'लोक' शब्दले जनसाधारणलाई नै अर्थ्याइएको पाइन्छ। जस्तै, नेपाली लोक, वङ्गाली लोक, आदिवासी लोक आदि। यसैप्रकार मृत्युलोक, परलोक, स्वर्गलोक, पितृलोक आदि शब्दलाई बढी प्रचलनमा ल्याएको पाइन्छ।

---

[७] पूर्ववत्

नेपालीमा पनि **'लोक'** शब्दको प्रयोग दुई अर्थमा भएको पाईन्छ। भानुभक्त आचार्यले **रामायण**को पहिलो श्लोकमा नै यी दुवै अर्थका रुपमा 'लोक' शब्दको प्रयोग गरेका छन्-

"एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी।

ब्रह्मा ताहिँ थिया पऱ्या चरणमा खूशी गराया पनि॥ "[८]

यहाँ 'लोक' शब्द एकातिर 'सत्यलोक' भनेर स्थानको रुपमा प्रयोग भएको छ भने अर्कातिर 'लोकको हित्' गर्ने भनेर जनसाधारण बुझाएको छ। दुई अर्थमा 'लोक' शब्द प्रयोग भए तापनि यसले मुख्य रुपमा 'जनसाधारण'-लाई नै बुझाएको पाइन्छ। नेपालीमा मात्र होइन हिन्दीमा पनि 'लोक' शब्दको प्रयोग साधारण जनतालाई चिन्हित गर्न नै गरिएको पाइन्छ। हिन्दीमा प्रचलित 'लोग' शब्द यसैबाट अपभ्रंशका रुपमा आएको बुझिन्छ।[९]

पाश्चात्य जगत्मा 'फोक' शब्दलाई 'लोक' शब्दको पर्यायिका रुपमा चलाएको पाइन्छ। अङ्ग्रेजी **फोक (folk)** शब्दको उत्पत्ति एङ्लो सेक्सन भाषाको **फोक (folc)** बाट भएको

---

[८] भानुभक्त आचार्य, वि. सं. २०६७ **भानुभक्तको रामायण ,** छैटौं संस्करण, ललितपूर नेपाल : साझा प्रकाशन पृ. १

[९] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १८

पाइन्छ। जर्मन भाषामा यो शब्द भोक (volk) भएको पाइन्छ।[१०] पूर्वमा लोक शब्दले जति व्यापकता वहन गरेको छ तर पाश्चात्य 'फोक' शब्दले त्यति व्यापक अर्थ वहन गर्न सकेको छैन। अङ्ग्रेजी 'फोक' शब्दले समाजमा रहेका अशिक्षित, असभ्य तथा आधुनिक ज्ञानदेखि वञ्चित रहेका जाति भन्ने बुझाउँछ तर पूर्वीय वाङ्मयमा प्रयोग गरिने लोक शब्दले शिक्षित-अशिक्षित, ग्राम-शहर, धनी-गरीब सबै वर्गका जनसाधारण भन्ने बुझाउँछ। तसर्थ, पूर्वमा प्रचलित 'लोक' शब्द व्यापक र विस्तृत देखिन्छ।

'लोक' शब्दका निम्ति 'जन' शब्दको पनि प्रयोग वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ। 'जन' शब्दको अर्थ पनि 'साधारण मानिस' नै हो।[११] संस्कृतमा 'जन' शब्दको प्रयोग 'लोक' शब्दकै पर्यायका रुपमा भए तापनि अचेल औद्यौगिक समाजका श्रमिक वर्गका रुपमा बढी प्रयोग भएको पाइन्छ।[१२] 'लोक' शब्दका निम्ति 'ग्राम' शब्दको पनि प्रयोग भएको पाइन्छ।

---

[१०] चूडामणि बन्धु, वि. सं. २०६६, **नेपाली लोकसाहित्य,** पुनर्मुद्रित संस्करण, काठमाडौं : एकता बुक्स प्रकाशन, पृ.१

[११] पूर्ववत्, पृ. १३

[१२] पूर्ववत्

## २.२ लोकवार्ताको परिचय

अङ्ग्रेजीमा प्रचलित फोकलोर दुइ शब्दको मेलबाट बनेको छ। 'फोक' शब्दको उत्पति एङलो सैक्सन folc बाट भएको मानिन्छ। जर्मन भाषामा folc लाई volc भनिन्छ। डा. बार्करका मतमा 'फोक' शब्दले सभ्यताबाट टाढा रहेका कुनै जातिलाई बुझाउँछ तर यस शब्दको विस्तृत अर्थ लिनु हो भने कुनै सुसंस्कृत राष्ट्रका सबै व्यक्तिलाई समेट्न सकिन्छ।[१३] अङ्ग्रेजी 'फोक' शब्दका निम्ति पूर्वीय विद्वानहरूले 'ग्राम', 'जन' र 'लोक' गरी तीन शब्दको प्रयोग गरेको पाइन्छ। हिन्दी साहित्यका विद्वान रामनरेश त्रिपाठीले 'फोक' शब्दका निम्ति 'ग्राम' शब्दको प्रयोग गर्ने आग्रह गरेका छन्।[१४] यसैका आधारमा 'फोकसांग'-का निम्ति उनले 'ग्राम-गीत'को प्रयोग गरेका छन्।[१५] यस मतको खण्डनमा कृष्णदेव उपाध्याय भन्छन्- "ग्राम शब्द लोक शब्दको भाव व्यक्त गर्न असमर्थ छ। ग्राम शब्दले लोक शब्दको विशाल अर्थयुक्त भावनालाई सङ्कुचित गरिदिन्छ। 'लोक' गाउँ तथा

---

[१३] पूर्ववत्, पृ. १६

[१४] कृष्णदेव उपाध्याय, सन् २००८, **लोक-साहित्य की भूमिका**, संसोधित एवं परिवर्द्धित संस्करण, इलाहावाद: पृ. १६

[१५] पूर्ववत्

शहर दुवैमा व्याप्त छ भने ग्राम केवल गाउँमा मात्र निहित छ।"[१६] जन शब्दले पनि लोक शब्दको व्यापकतालाई समेट्न सक्दैन। यसैकारण फोक शब्दको व्यापकता र विस्तृततालाई लोक शब्दले नै समेटेको पाइन्छ। लोक शब्द नै सर्वमान्य रहेको छ भन्न सकिन्छ।

फोकलोर शब्दका निम्ति विभिन्न विद्वानहरूले विभिन्न मत अघि सारेका छन्। कृष्णदेव उपाध्याय फोकलोर शब्दका निम्ति लोक-संस्कृति शब्दको प्रयोग उचित ठान्दछन्।[१७] उनका मतमा "'लोक-संस्कृति' अन्तर्गत जनजीवनमा प्रचलित आचार-विचार, विश्वास, प्रथा-परम्परा, धर्म तथा धार्मिक अनुष्ठान आदि पर्दछन्।"[१८] उनको यो आग्रह रहे तापनि फोकलोर शब्दको पर्याय लोक-संस्कृति शब्द होइन बरु फोक-कल्चर शब्दको पर्याय लोक-संस्कृति शब्द मान्न सकिन्छ।[१९] सुनीतिकुमार च्याटरजीले फोकलोर शब्दका निम्ति

---

[१६] पूर्ववत्

[१७]पूर्ववत, पृ. १८

[१८] पूर्ववत

[१९] चूडामणि बन्धु, पूर्ववत्, पृ.१४

लोकयान शब्दको प्रयोग गरेको पाइन्छ।[२०] उपाध्यायका मतमा यो शब्द हिनयान र महायान शब्दको अनुकरणबाट बनेको हो। हिनयान, महायान र वज्रयान शब्द बौद्ध धर्मसँग सम्बन्ध राख्ने हुँदा लोकयान शब्दले फोकलोरको सम्पूर्णतालाई समेट्न सक्दैन भन्ने उनको भनाई रहेको पाइन्छ।[२१]

वासुदेवशरण अग्रवालले 'फोकलोर' शब्दको पर्यायका रुपमा 'लोकवार्ता' शब्दको प्रयोग उचित ठानेका छन्।[२२] अङ्ग्रेजीको फोकलोर शब्दको अर्थ अशिक्षित, असभ्य र असंस्कृत जातिको ज्ञान भन्ने बुझिन्छ। पूर्वमा प्रचलित 'लोकवार्ता' शब्दले सभ्य असभ्य, शिक्षित, अशक्षित केही नछुट्याएर, जनसाधारणको आचारविचार, व्यवहार, संस्कृति, रहनसहन, रीतिथिति, चाडपर्व, खानपान, लोकविचार, लोकव्यवहार, लोककला, लोकसाहित्य, लोकधर्म, लोकआचरण, लोकोक्ति, उखानतुक्का, गाउँखाने कथा, आदि सबै विषयलाई समेटेको पाइन्छ।

---

[२०] कृष्णदेव उपध्याय, पूर्ववत्, पृ. १८

[२१] पूर्ववत्

[२२] पूर्ववत्, पृ. १६ र १७

लोकवार्ताको अध्ययन, अनुसन्धान, विश्लेषण तथा मूल्याङ्कन गर्ने ज्ञानानुशासनलाई **लोकवार्ताविज्ञान** भनिन्छ। लोकवार्ताविज्ञान अन्तर्गत लोकमा प्रचलित लोकतत्त्वको अध्ययन गरिन्छ। लोकसाहित्य, लोककला, लोकसंस्कृति, लोकपरम्परा, लोकाचार, लोकविश्वास, रीति-थिति, लोकोपचार, रहन-सहन, धार्मिअनुष्ठान, चाडपर्व, खानपान, आदि विभिन्न विषयको अध्ययन गर्ने कार्य **लोकवार्ताविज्ञान** अन्तर्गत नै गरिन्छ। **लोकवार्ताविज्ञान**ले लोकमा प्रचलित सबै ज्ञानका स्रोतको अध्ययन गर्दछ। लोकतत्त्वको वैज्ञानिक अध्ययन, अनुसन्धान र परीक्षण गर्ने ध्येय **लोकवार्ताविज्ञान**ले राखेको हुनाले नै यसलाई विज्ञानको उपाधि दिइएको मान्न सकिन्छ।

**लोकवार्ताविज्ञान**ले समाजमा प्रचलित विभिन्न लोकतत्त्वको अध्ययन गर्दछ। मुख्य रुपमा **लोकवार्ताविज्ञान**लाई लोकसाहित्यसँग जोडेर हेरिएको पनि पाइन्छ। वास्तवमा **लोकवार्ताविज्ञान**ले केवल **लोकसाहित्य** मात्र नभएर **लोक**मा प्रचलित सबै ज्ञानका स्रोतहरूको अध्ययन गर्दछ।

## २.३ लोकवार्ताविज्ञाका शाखा अनि भेदपोभेद

लोकवार्ताविज्ञानका शाखा अनि भेदपोभेद खुट्याउनु त्यति सजिलो कार्य छैन। विभिन्न विद्वानहरूले लोकवार्ताविज्ञानका विभिन्न भेदपोभेदको चर्चा गरेका छन्। सोफिया बर्नका मतानुसार, लोकवार्ता अन्तर्गत लोकसाहित्य, लोकजीवनका रीतिथिति, लोकविश्वास गरी तीन विषय पर्दछन्।[२३] उनको वर्गीकरण यस प्रकार छ-

क. Belief and Practice relating to:

विश्वास अनि प्रचलन

The Earth and the Sky.

धर्ती अनि आकाश

The Vegetable World.

वनस्पति जगत्

The Animal World.

पशु जगत्

[२३] Charlotte Sophia Burn, 1914, A **Handbook of Folklore,** London: The Folklore Society पृ. ४

Human Beings.

मानव जगत्

Things made by Man.

मानव निर्मित वस्तु

The Soul and Another Life.

आत्मा अनि पूनर्जन्म

Superhuman Beings, (Gods, Codlings, and Others).

महामानव

Omens and Divination.

लक्षण, साइत/जोखाना, भद्रा, आर्जे

The Magic Art.

जादुइ कला, टुनामुना

Disease and Leechcraft.

रोगव्याधि/लागोभागो/देशान(देस्यान) बोक्सी डायनी विद्या

ख. Customs.

रीति-थिति अथवा रीति-रिवाज

Social and Political Institutions.

सामाजिक अनि राजनैतिक संस्थान

Rites of Individual Life.

व्यक्तिगत क्रियाकलाप

Occupations and Industries.

व्यवसाय अनि उद्योग

Calendar Fasts and Festivals.

चाडपर्व, तीर्थव्रत, उत्सव, धार्मिक-सामाजिक उत्सव

Games, Sports, and Pastimes.

खेलकूद, बसिवियालो

ग. Stories, Songs and Sayings.

लोकसाहित्य ( लोककथा, लोकगीत, मतमतान्तर), किंवदन्ती

Stories : (a) told as true ; () told for amusement.

सत्यकथा

Songs and Ballads.

गीतगाथा

Proverbs and Riddles.

उखान, तुक्का, गाउँखाने कथा

Proverbial Rhymes and Local Sayings.

लोहोरी, दोहोरी, संगिनी, मारूनी, स्थानीय कहावत, लोकपरम्परा र मान्यता।

यसरी नै डा. श्याम परमारले लोकवार्ताका शाखा यसप्रकारले देखाएका छन्-

लोकगीत, लोककथा, लोकोक्ति, पहेली आदि।

रीति-रिवाज, उत्सव पूजा, अनुष्ठान, ब्रत।

टुना-मुना, जादू, भूत-प्रेतसमब्धी विश्वास।

लोकनृत्य, लोकनाट्य, आङ्गिक अभिव्यक्ति आदि।

बाल-बलिकाहरूका विभिन्न खेल, ग्रामीण एवं आदिवासीहरूका खेल, गीत आदि।[२४]

**लोक साहित्य की भूमिका**मा कृष्णदेव उपाध्यायको वर्गीकरण यस प्रकार छ-

१. लोकविश्वास तथा अन्धविश्वास

२. संस्कार, आचारविचार तथा विधिविधान

३. सामाजिक, राजनैतिक तथा आर्थिक संस्था

४. धार्मिक तथा आध्यात्मिक मान्यता एवम्

५. लोकसाहित्य

यसै सम्बन्धमा नेपाली साहित्यका विद्वान मोहनराज शर्मा र खगेन्द्र लुइटेलको वर्गीकरण यसप्रकार रहेको छ-

१. मौखिक-श्रव्य लोकवार्ता,

---

[२४] नारायण चौधरी, सन् २००९, **लोक साहित्य के स्वरुप का सैद्धान्तिक विवेचन**, कानपुर : चन्द्रलोक प्रकाशन पृ. ११

२. दृष्य लोकवार्ता र

३. चिन्तनमूलक लोकवार्ता[२५]

उनीहरूले मौखिक-श्रव्य लोकवार्ता अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र तथा लोकसङ्गीत राखेको पाइन्छ। दृष्य लोकवार्ता अन्तर्गत लोककला, लोकशिल्प, लोक वेशभूषा, लोक आभूषण, लोकनृत्य, र लोक अनुष्ठान राखेको पाइन्छ। चिन्तनमूलक लोकवार्ता अन्तर्गत लोकविश्वास, लोकोपचार, लोकचिकित्सा, लोकोक्ति रहेको पाइन्छ।

दृष्य लोकवार्ता अन्तर्गत, लोककला लोकशिल्प, लोकवेशभूषा, लोकनृत्य र लोकअनुष्ठान रहेको पाइन्छ।

चिन्तनमूलक लोकवार्ता अन्तर्गत, लोकविश्वास, लोककोपचार, लोकचिकित्सा, लोकोक्ति रहेको पाइन्छ।

चूडामणि बन्धुले पनि लोकवार्ता अन्तर्गत

लोकसाहित्य वा मौखिक परम्परा,

---

[२५] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, वि. सं. २०६३, **लोवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी प्रकाशन, पृ. ५

लोकविश्वास, लोकरीति एवं व्यवहारहरू,

लोकेकला र

भौतिक संस्कृति।[२६] गरी चार विषय देखाएका छन्।

उनले लोकसाहित्य वा मौखिक परम्परा अन्तर्गत, गीत, गाथा, कथा, उखान आदि विषयलाई राखेको पाइन्छ। यी विधाहरू लोकमा एक पुस्तादेखि अर्को पुस्तामा मौखिक रुपमा स्वत: हस्तानतरण हुनाले यी विषयहरूलाई उनले मौखिक परम्परा भन्न रुचाएका छन्।

लोकविश्वास, लोकरीति एवं व्यवहार अन्तर्गत उनले लोकविश्वास, रीति-थिति, संस्कार संस्कृति आदि विषयलाई राखेको पाइन्छ। जसमा लोकविश्वास अन्तर्गत, विश्वब्रह्माण्ड प्रकृति, पशुपक्षी, रुखपात, दिन, महिना, स्वप्न, आदि बारेका लोकविश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी, जादू, धामी, झाँक्री आदि जनविश्वास एवं तीसँग सम्बन्धित लोकव्यवहार राखेका छन्।

[२६]चुडामणि बन्धु, पूर्ववत, पृ.२५,२६

बन्धूले लोककलाअन्तर्गत, लोकजीवनमा प्रचलित र परम्परादेखि हस्तान्तरित ती कार्यसम्पादनमूलक कलाहरू (पर्फमिङ आर्टस) जस्तै, लोकगीतहरू, सङ्गीतहरू, लोकनाटकहरू र लोकनृत्यहरू छन्। उनले लोककला र लोककौशललाई पनि यसैअन्तर्गत समेटेका छन्।

लोकका खाद्य तथा पेय पदार्थ बनाउने, लुगा-कपडा सिउने र  बुन्ने, घर र घरका सर-सामानहरू बनाउने खेल मनोरञ्जनका वस्तुहरू र बाजाहरू बनाउने कामलाई परम्परागत प्रवृत्ति अर्थात् भौतिक संस्कृतिभित्र राखेका छन्।

यसरी विद्वाहरूले  विभिन्न किसिमले लोकवार्ताका शाखा तथा भेदपोभेद वर्गीकरण गरी देखाएका छन्। यिनै वर्गीकरणलाई आधार लिएर लोकवार्ताका शाखा तथा भेदपोभेद यसरी केलाउन सकिन्छ-

लोकसाहित्य- लोकगीत, लोककथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा आदि।

लोकसंस्कृति- रीति-थिति, चाडपर्व, उत्सव, मेला, संस्कार विधि आदि।

लोकखेल- बाल-बालिकाका खेल, ग्रामीण खेल, आदिवासीका खेल आदि।

भौतिक संसाधन- हात-हतियार, भाडाँ-कुडाँ, खेतिपातीका सर-समान झिटी-झामटी आदि।

लोकोपचार- जडीबुटी, परम्परित लोकोपचारका पद्धति आदि।

लोकविश्वास- जादू-टुना, मन्त्र, भूत-प्रेत सम्बन्धि विश्वास अन्तर्गत पाइने, लागो-भागो, झार-फूक, देवी-देउराली आदि।

## २.४ लोकवार्ताविज्ञानको अध्ययन परम्परा

लोकवार्ताको अध्ययन परम्परा पाश्चात्य जगतबाट शुरु गरिए तापनि यसको सङ्कलन भारतबाट नै भएको पाइन्छ। भारतवर्ष लोकवार्ताका दृष्टिले समृद भएको कारण यसको सङ्कलन यहाँबाट हुनु कुनै असामान्य कुरो होइन। आर्यहरूले **वेद**लाई धेरै कालसम्म मौखिक रुपमा नै सुरक्षित राखेको पाइन्छ। यो श्रुति परम्परामा नै हाँगिएको कारण **वेद**लाई **श्रुति** पनि भनिएको पाइन्छ।[२७] पछिबाट **वेद**लाई सङ्कलन गरी लिपिबद्ध पारियो। यसरी नै लोकविश्वास र आस्थामा रहेका पौराणिक कथाहरूको सङ्कलन गरी पुराणहरूको रचना भएको पाइन्छ।[२८] यसरी नै लोकजीवनमा रहेका लोककथाहरूको सङ्कलन गरी गुणाढ्यको **वृहतकथा,** विष्णु शर्माको **पञ्चतन्त्र र तन्त्राख्यान** जस्ता लोककथाका सङ्ग्रह पनि सर्वप्रथम भारतबाट नै तयार गरिएको पाइन्छ।

---

[२७] पूर्ववत्, पृ. ३८

[२८] पूर्ववत, पृ. ३९

**लोकवार्ता अध्ययनको पृष्ठभूमि**

मध्यकालमा विश्वका विभिन्न देशका विभिन्न परिस्थिति, परिवेश तथा संस्कृतिमा रहेका व्यक्तिहरू परस्पर सम्पर्कमा आएको पाइन्छ। यसो हुनुको मुख्य कारण व्यापार धन्दा, देशको सीमा विस्तार, रोजगार र नयाँ नयाँ व्यवशायको खोजी मान्न सकिन्छ। यसैकालमा त्यससमयका समृद्ध भाषाका रुपमा प्रचलित संस्कृत, ग्रीक, ल्याटिन भाषाका सट्टामा लोकव्यवहारका भाषा प्रयोग हुन थाल्यो। यसैक्रममा विभिन्न देशमा पर्यटन गर्ने, धर्म प्रसार-पचार गर्ने व्यापार-वाणिज्यमा संलग्न मानिसहरू तथा साधु, सन्त, धर्म प्रचारक, व्यापार, पर्यटकहरूले ज्ञानगुणका कुरा, धर्म संस्कृति, लोकविस्वास र लोकव्यवहारका वस्तुहरू एउटा ठाउँबाट अर्को ठाउँमा पुऱ्याए। विभिन्न जाति, समुदायका, बीचमा समय समयमा युद्ध पनि भइरहे। वीरहरूको प्रशंसामा लोकद्वारा लोकगीतहरू रचिए र ती एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित पनि भइरहे। यसरी नै विभिन्न परिस्थिति जस्तै दुर्भिक्ष, भुखमरी, रोग, डकैत, आतंक, भूइँचालो, प्राकृतिक प्रकोपले ल्याएका ध्वंशलीला, महामारी आदि विषयमा गाइनेद्वारा गीत रचिए र एक ठाउँबाट अर्को ठाउँ पुर्‍याइए। ती गीतहरू पुस्तौं पुस्ता हस्तान्तरित भइरहे। भूत-प्रेत, जादू-टुना-मूना, मन्त्र-तन्त्र, संस्कार-संस्कृति, कथा, गाथा, नाटक आदि पनि लोकजीवनमा

प्रचलित हुँदै आए। लोकजीवनमा ती लोकमा मौखिक रुपमा नै सुरक्षित रहँदै आए। यसरी लोकवार्ताको पृष्ठभूमि तयार भएको पाइन्छ।

**लोकवार्ता अध्ययनको थालनी**

पुनर्जागरणकालमा आएर विश्वमा एउटा चेतनाको विकास भयो। अमेरिकाको स्वतन्त्रता, फ्रान्सको राज्य क्रान्ति, युरोपमा प्रारम्भ गरिएका नयाँ नयाँ आन्दोलन र औद्योगिक क्रान्ति तथा नयाँ नयाँ जाति र संस्कृतिको सम्पर्कले मानिसको जीवनशैलीमा परिवर्तन आयो। जातीयता र चिन्हारीको खोजी हुन थाल्यो। जातीय चिन्हारी आधुनिक संसाधनले होइन तर लोक चेतना लोक संस्कार, लोक संस्कृति, लोक-व्यवहारहरू, रीति-तिथि, आदिले दिन्छ भन्ने भावनाले पाश्चात्य जगतमा लोकवार्ता अध्ययनको चेतना जागृत भयो।[२९] सन् १७४६मा रेवरेन्ड हेनरी ब्रोनले इसाई धर्म मान्ने साधारण जनताका विश्वासहरूको पुरावशेष **Antiquities of the Common People** नामक एउटा ग्रन्थ प्रकाशित पारेका थिए।[३०] यसपछि ब्रेन्डले नै अठारौं शताब्दीको वेलायतको सामाजिक व्यवहार, चालचलन, रीतिस्थिति, आचारविचारहरूको वर्णन गरी लोकप्रिय पुरावशेष

[२९] पूर्ववत

[३०] पूर्ववत्, पृ. ३९

**Popular Antiquities** नाम दिएर अर्को ग्रन्थ प्रकाशित गरे।[३१] यसै सन्दर्भममा सन् १७६५मा टामस पर्सीले प्राचीन अङ्ग्रजी कविताको अवशेष **Reliecs of Ancient English Poetry** प्रकाशित गराए।[३२] युरोपीय देशहरूमा **Popular Antiquities** का नाममा परम्परागत गीत, कविता, गाथा, र कथा साथै विभिन्न विश्वास र मान्यताहरूको अध्ययन शुरु भयो। यता भारतमा पनि सन् १७८४मा कलकत्तामा **रोयल एसियाटिक सोसाइटी**को स्थापना भयो। यसपछि सन् १८०४मा मुम्बइमा **रोयल एसियाटिक सोसाइटी अफ बम्बे**को स्थापना भयो। यी दुई सोसाइटीको गुख्य उद्देश्य र कार्य लोकजीवनका विभिन्न परम्पराको सङ्कलन गरी अध्ययन गर्नु थियो।[३३] लोकसाहित्यको अध्ययन गर्ने कार्य सर्वप्रथम जर्मनीका ज्याकव ग्रीम र विलहेल्म ग्रीम दुई दाजुभाइले गरे।[३४] यिनीहरूले सन् १८१२मा बालक र परिवारका जर्मन लोककथाहरूको सङ्कलन **Deutsche Kinder unde Housemarchen** को पहिलो भाग र सन् १८१५मा

---

[३१] पूर्ववत्

[३२] पूर्ववत्, पृ. ४०

[३३] पूर्ववत्

[३४] पूर्ववत्

दोस्रो भाग प्रकाशित गराए।[३५] ज्याकव ग्रीमलाई लोकवार्ताका जनक पनि भनिन्छ। यिनले लोककथाका स्रोत  पुराकथा हो भन्ने कुरा गरेका छन्। उनले विभिन्न लोककथाहरूको तुलनात्मक अध्ययन गरी ती कथाहरू एउटै स्रोतबाट आएका कुरा पनि गरेका छन्। यिनले स्थापित गरेको सिद्धान्तलाई **पुराशास्त्रीय सिद्धान्त** भनिन्छ।[३६]

फिनल्यान्डमा सन् १८२५मा **कालेवाला** महाकाव्यको प्रकाशन भयो। यो काव्यलाई पछिबाट फिनल्यान्डको राष्ट्रिय महाकाव्यको दर्जा दिइयो।[३७] डेनमार्कमा पनि यसै समय लोकगाथाहरूको सङ्कलन कार्य थालियो।

**फोकलोर** शब्दको प्रयोग पहिलोपल्ट विलहेल्म जोन थम्स नाम गरेका एकजना अङ्ग्रेज विद्वानले  गरेका हुन्। उनी एक पुरातत्वशास्त्री थिए र उनले त्यस समयमा प्रचलनमा रहेको लोकप्रिय **Popular Antiquities** शब्दका निम्ति **फोकलोर** शब्दको प्रयोग गरेका

[३५] पूर्ववत्

[३६] पूर्ववत्

[३७] पूर्ववत्

थिए। उनले यो शब्दको प्रयोगका निम्ति **एथेनियम (Athenaeum)** पत्रिकाका सम्पादकलाई एउटा पत्र लेखेका थिए।[३८]

यसपछि सन् १८५७मा थियोडोर बेन्फेले **पञ्चतन्त्र**को अनुवाद गरी प्रकाशित गराए। उनले **प्रसार सिद्धान्त**को स्थापना गरे। उनले लोककथाहरू भारतबाट अरुतिर फैलिएको कुरा पनि गरे। यसपछि म्याक्समुलरले लोककथाहरू पुराकथाबाट विकसित भएको कुरा गरे अनि **सौर्य पुराशास्त्रीय सिद्धान्त**को स्थापना गरे। सन् १८७८मा एन्ड्रयु लङ्ग, एडविन सिडनी हर्टल्यान्ड, एडवर्ड क्लड, जर्ज लरेन्स गोम्मे र डब्ल्यु ए. कल्स्टन आदि प्रभृति छजना विद्वानहरूले **फोकलोर सोसाइटीको** स्थापना गरे।[३९] यसै समयदेखि यस संस्थाले **फोकलोर** नामक पत्रिका निकाल्न थाल्यो र यसमा लोकवार्ताबारे महत्त्वपूर्ण लेखहरू प्रकाशित हुनथाले।[४०] उन्नाइसौं शताब्दीमा जर्मनी, फ्रान्स, इटाली, आयरल्यान्ड, फिनल्यान्ड आदि देशका साथै भारतमा पनि लोकवार्ता सामग्रीको सङ्कलन र प्रकाशन भयो। कर्नल जेम्स टाडले राजस्थानको सामाजिक स्थिति, आचारविचार, वेशभूषा आदिको

[३८] पूर्ववत्

[३९] पूर्ववत्

[४०] पूर्ववत्, पृ. ४२

अध्ययन गरी राजस्थानको परम्पराबारेको एउटा ग्रन्थ प्रकाशित गराए।[४१] जेम्स लोङ्गले बङ्गालको उखानको अध्ययन गरी सन् १८६८मा **प्रवादमाला** भन्ने ग्रन्थ प्रकाश गराए।[४२] यसरी विश्वका विभिन्न देश विदेश लगायत भारतमा पनि लोकवार्ता अध्ययनको परम्परा स्थापित भयो अनि यो परम्परा विकसित हुँदै आएको पाइन्छ।

## २.५ लोकविश्वास

'लोक' र 'विश्वास' दुइ पदको योगद्वारा 'लोकविश्वास' शब्द बनेको छ। 'लोक' शब्दको अवधारणा माथि नै चर्चा गरिएकोछ। 'विश्वास' भन्नाले 'भरोसा' वा 'पत्यार' वा कुनै पनि कुरालाई आत्मसात् गर्नु हो।[४३] यसरी हेर्दा 'लोकविश्वास' भन्नाले साधारण जनमानसले परम्परागत रुपमा गर्दै ल्याएका विश्वास हुन। यी विश्वासहरू विभिन्न समाजमा विभिन्न प्रकारले विद्यमान छन्। विश्वमा लोकविश्वासको लामो परम्परा छ। आजको समाज जे जस्तो छ यसको स्वरुप परापूर्वको लोक र त्यहाँ रहेका लोकविश्वासको देन नै मान्न

---

[४१] पूर्ववत्

[४२] पूर्ववत्

[४३] हेमाङराज अधिकारी र बद्रीविशाल भट्टराई, सन् २०६८, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि पृ.९२१

सकिन्छ। वास्तवमा लोकको चेतना नै 'लोकविश्वास' हो। ती चेतनालाई भौतिक संसाधनसँग जोडिएर हेरियोस् वा आध्यात्मिक प्रसङ्गसँग जोडेर हेरियोस् तर ती केवल लोकका चेतना मात्रै हुन्। युगौंदेखि मानव जातिले भोग्दै ल्याएका विभिन्न समस्या, सुख-दु:ख, प्राकृतिक आपदा, भुखमरी, रोग-व्याधी आदिले लोकमा लोकचेतना सिर्जित गरेका हुन्। लोकविश्वास मानव समाजको निर्माणसँगसँगै उब्जिएको हो भन्न सकिन्छ। जब मानवको चेतना पलायो तब नै लोकविश्वासको उदय भयो भन्न सकिन्छ। सूर्य, चन्द्र, तारामण्डल आदिलाई देखेर मानवले ईश्वरीय सत्ताको कल्पना गऱ्यो र त्यो कल्पना नै मानवको पहिलो 'लोकविश्वास' हो। आजसम्म पनि त्यो विश्वास मानव जातिले गरिरहेको छ। समय समयमा घाम लाग्नु, पानी पर्नु, तूल-फूल उम्रिनु, फूल्नु, फल्नु, यो संसारमा जीवन हुर्किनु कुनै साधारण लौकिक घटना होइन। यही धारणाले नै मानिसका चेतनामा ईश्वरीय कल्पना जन्मायो र त्यो एउटा लोकविश्वास भयो र यसकै आधारमा अरु अरु लोकविश्वास जन्मिए। जसरी दिनपछि रात हुन्छ, त्यसरी नै ईश्वरीय शक्तिसँगसँगै अद्वैत शक्ति अर्थात् पराभौतिक शक्ति पनि हुन्छ भन्ने धारणाले भूत, प्रेत, आदि कालो शक्तिप्रति पनि लोकविश्वास जन्मायो। मानिसको रहन-सहन, संस्कार, संस्कृतिको चेतनाको

विकाससँगै लोकविश्वासको चेतना र विकास भयो। आर्यद्वारा **वेद**को रचना भयो यसमा अग्नि, वायु, जल, सूर्य आदि तत्त्वलाई दैवी शक्तिको रुप मानियो। उदाहरणार्थः

"अग्ने व्रतपते व्रतं चरिष्यामि तच्छकेयं तन्मे राध्यताम्। इदमहमनृतात्सत्यमुपैमि ॥५॥ हे व्रतका पालक तेजस्वी अग्निदेवता ! हामी ब्रतशील बन्न सकौं। असत्यको मार्ग त्यागेर सत्यको मार्गमा चल्ने हाम्रो व्रत पुरा होस्।"[४४]

माथिको श्लोकमा अग्नि देवताको आहवान छ। आज पनि अग्निलाई हिन्दु एवं प्राय सबै धर्ममा देवताका रुपमा हेरिने चलन रहेको पाइन्छ।

यसरी नै अन्य धर्म, जात जातिमा पनि यस्ता लोकविश्वासको रचना भएको पाइन्छ। जस्तै क्रिश्यन धर्मको ग्रन्थ **बाइबलमा** पनि लोकविश्वासको अवधारणा पाइन्छ। यहोवा परमेश्वरले आदम र हवा सृष्टि गरेर एउटा बगैंचाको रखवारी गर्न लगाइ आदेश दिए कि यो बागैंचाका सबै फल खान सक्छौ तर एउटा वृक्षको फल नखानु।[४५] यो नखानु भन्नु नै लोकविश्वासको नमुना हो।

---

[४४] तिलकप्रसाद लुइटेल, वि. सं २०६३, **ऋगवेद(नेपालीमा),** काठमाडौं : विद्यार्थी प्रकाशन, पृ. २

[४५] **हिन्दी बाइबल,** उत्पत्ति १:५-२:३

लोकविश्वासको महत्वलाई बुझाउँदै अनातोले फ्रान्सले "कुनै पनि राष्ट्र आफ्नो लोकविश्वासमा जीवित रहेको हुन्छ" भनेका छन्।[४६] यसरी हेर्दा नेपाली समाजका प्रचलित लोकविश्वासले पनि नेपाली जातिलाई जीवन्त राखेको छ। जुन जातिको सांस्कृतिक परम्परा जति पुरानो र दीर्घकालीन छ, त्यस जातिमा प्रचलित लोकविश्वास र मान्यता उति नै गहन र महत्वपूर्ण हुन्छ भन्ने धारणा रहेको पाइन्छ। भारतीय समाज, लोकविश्वास तथा मान्यताका दृष्टिले धेरै समृद्ध रहेको कारण पनि यही हो।[४७] नेपाली समाज लोकविश्वास र मान्यताले उत्तिकै समृद्ध छ। नेपाली लोकवार्ता अध्ययेताहरूले लोकविश्वासलाई विभिन्न प्रकारले हेरेको पाइन्छ। विनेश प्रधानका मतमा "लोकले परम्परादेखि विश्वाससाथ आत्मसात गरेका मान्यता, धारणा, सत्यता र स्वीकृति नै

---

[४६] श्यामचरण दुबे, सन् १९९८, **मानव और संस्कृति**, पुनर्मुद्रित संस्करण, दिल्ली : राजकमल प्रकाशन पृ.१८२

[४७] सुखविन्दर बाठ कौर सन् २००७, **कवीर का लोकतात्विक चिन्तन**, दिल्ली : प्रभात प्रकाशन पृ.७६

लोकविश्वास हो।"[४८] हंसपुरे सुवेदीका मतमा "लोकले आफ्नै ढंगले गर्ने पत्यार वा विश्वास नै लोकविश्वास हो।"[४९]

वास्तवमा लोकविश्वास भन्नाले परम्परागत रुपमा मान्दै आएका विश्वास हुन्। यस्ता विश्वास भूत प्रेत, जादू टुना, तन्त्र मन्त्र, सकुन-अपसकुन आदिका रुपमा समाजमा रहेका हुन्छन्।

शकुन-अपशकुन सम्बन्धित लोकविश्वास, जन्म-मृत्यु सम्बन्धित लोकविश्वास, खानपान सम्बन्धित लोकविश्वास, वन्यप्राणी र उद्भिद सम्बन्धित लोकविश्वास, भूत-प्रेत सम्बन्धित लोकविश्वास, देवी-देउराली सम्बन्धित लोकविश्वास आदि नेपाली जीवनमा दैनिक बसउठ एवम् प्रचलनमा आउने लोकविश्वासहरू हुन्। शकुन-अपशकुन लोकविश्वासमा अन्तर्गत शुभ साइत गरेर हिँड्नु पर्ने, बेला-बार मिलाएर लेन-देन गर्नुपर्ने आदि। जस्तै, साँझपख खोल्सा खोल्सी छाँगा अथवा डाँडा मसान घाट आदि ठाउँमा डुल्नु हुँदैन, सोमबार र

---

[४८] विनेश प्रधान, *नेपाली लोकविश्वास र लोकव्यवहारको अध्ययन,* **नेपाली लोकवार्ता : अध्ययनहरू** (सम्पा पुष्कर पराजुली) पृ.७९

[४९] हंसपुरे सुवेदी, वि. सं २०५५, **नेपाली लोकजीवन : लोकविश्वास,** काठमाडौं : साझा प्रकाशन पृ. (ख)

विहिबार लेनदेन गर्नु हुँदैन, आठ बाह्र पार्नु हुँदैन, हिँड्दा दही चिनी खाएर हिँडे शुभ साइत हुन्छ आदि।

नेपालीमा मानवेतर जगतसम्बन्धी प्रचलित लोकविश्वास पाइन्छ। वन्यप्राणी तथा उद्भिद सम्बन्धित लोकविश्वास विशेष गरेर प्रकृतिमा केन्द्रित रहेको पाइन्छ। यस्ता लोकविश्वासमा पर्यावरण चेतना पाइन्छ । पिपलको पूजा गर्नु, पिपल रोप्नु, नागको पूजा गर्नु, संसारी माई, सिमसार, देवीथान र पानी उम्रने ठाँउमा पूजा गर्नु तथा त्यहाँ फोहोर मैला नगर्नु आदि यसभित्र पर्दछन्।

धामी-झाँक्री सम्बन्धित लोकविश्वासमा नेपाली समाज खूवै सक्रिय रुपले विश्वास गर्दछन्।यसअन्तर्गत परम्परागत र मनोवैज्ञानिक तरिकाले विरामीको उपचार गरिन्छ। ड्याङ्ग्रो बजाउनु, थान बनाउनु तथा रातभरी नाचेर धुमधाम चिन्ता गर्नाले विरामीको आत्माबल बढाउँछ र त्यो विरामी जाती हुँदै जान्छ।

मानवेतर सम्बन्धित लोकविश्वासमा पनि धामी-झाँक्रीको अवधारणा सम्मिलित पाइन्छ। विभिन्न प्रकारका भूत जस्तै, राँके भूत, छाँगे भूत, मुर्कुट्टे भूत आदिको सन्दर्भ नेपाली समाजमा पाइन्छ जसले दैवी शक्ति मात्रै होइन संसारमा अद्वैत तत्त्व पनि छ भन्ने

दर्शाउँछ। यसले समाजलाई एउटा भयका साथ-साथै ईश्वरीय सत्ता मात्र होइन् मानवेतर सत्ता, रहस्यात्मक सत्ता बुझ्न पनि मद्दत गरेको पाइन्छ।

यस्ता लोकविश्वासहरूको पुन विस्तृत रुपमा चर्चा चौथो अध्यायमा गरिनेछ।

**लोकविश्वासका विशेषता**

कुनै पनि विषयमा पाइने विशेष गुणलाई विशेषता भनिन्छ। लोकविश्वासलाई अन्य साहित्यिक सिर्जनाभन्दा भिन्न र मौलिक तुल्याउने गुणहरू नै यसका विशेषता हुन्। यसका विशेषताहरूलाई लोकले जीवित राखेको छ। लोकविश्वासलाई छुट्टै चिनाउने प्रमुख विशेषताहरू यसप्रकार छन्-

**लोकधारणा**

लोकविश्वास लोकको धारणा हो। लोकले नै लोकविश्वास बनाउँछ। लोकले जस्तो तत्त्वमा आस्था राख्छ या जुन तत्त्व मान्ने गर्छ त्यसलाई नै लोकविश्वासको संज्ञा दिइन्छ। जो लोकको चेतनामा निहित हुन्छ र सो लोकको धारणा मात्र हो।

**लोकप्रचलन**

लोकविश्वास लोकमा नै प्रचलनमा आउँछ। लोकले अचेतन रुपमै लोकविश्वासको प्रचलन गरिरहेको हुन्छ।

**लोक आस्था**

लोकविश्वास लोकको आस्था हो। लोकविश्वासमा समाज वा समुदायले दृढ विश्वास राखेको हुन्छ। लोकविश्वास समाजको आत्मबल हो।

**लोकपरम्परा**

लोकपरम्परामा लोकविश्वास बाँचेको हुन्छ। मानिसको परम्परा एक पुस्तादखि अर्को पुस्तामा हस्तान्तरित हुँदा लोकविश्वास पनि परम्पराका रुपमा हस्तान्तरित हुँदछ।

**लोकमान्यता**

लोकले सदैव लोकविश्वासलाई मानेर नै बचाइराख्दछ। लोकमा लोकविश्वासको अटल आस्था र विश्वास रहेको हुन्छ। यही लोकमान्यताको बढो महत्त्व रहेको पाइन्छ।

**लोकव्यवहार**

लोकले जीवनमा जुन कुराको व्यवहार, प्रयोग र प्रचलन गर्दछ त्यही लोकव्यवहार हो। लोकले व्यवहारमा ल्याएको हुँदा नै लोकविश्वासको महत्त्व छ। लोकले परापूर्वकालदेखि नै व्यवहार तथा प्रचलनमा ल्याएको विश्वास हो।

**लोकपरिपाटी**

लोकविश्वास लोककै परिपाटीमा आधारित हुन्छ। लोकविश्वास विश्वका सबै समाजमा पाइए तापनि ती लोक अनुरुप नै हुन्छन्। कतिपय समानता देखिएका लोकविश्वास पनि भिन्न भिन्न लोकमा भिन्न भिन्न प्रचलनमा हुन्छन्। जस्तै नेपाली समाजमा काँच फुट्नु अपशकुन मानिन्छ भने मराठी समाजमा त्यो शकुन मानिन्छ।

## २.६ विश्वास, लोकविश्वास र अन्धविश्वास

विश्वास, लोकविश्वास र अन्धविश्वास, लोकविश्वाससंग सम्बन्धित देखिन्छन्।लोकविश्वास र अन्धविश्वास एउटै अर्थबोध गराउने शब्द जस्तो लाग्दछ। शब्दकोशीय अर्थमा हेर्दा, विश्वास भन्नाले "पत्यार आस्था वा भरोसा" हो।[५०] प्रायःजसो लोकविश्वास र अन्धविश्वास

[५०] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश**, पूर्ववत्, पृ. ९२१

दुई शब्दलाई एउटै अर्थमा प्रयोग गरिएको पाइन्छ। विना सोचविचार गरिने विश्वास नै अन्धविश्वास हो।[५१] वास्तवमा सर्वसाधारण जनतामा लोकपरम्पराले मान्दै आएको विश्वास नै लोकविश्वास हो।[५२]

यसरी हेर्दा लोकमा परापूर्वकालदेखि मान्दै ल्याएका विभिन्न परिपाटीका विश्वास नै लोकविश्वास हुन्। लोकविश्वासका आडमा अन्धपरम्परामा मानिदैं ल्याएका विश्वासलाई पनि अन्धविश्वास भन्न सकिन्छ। लोकविश्वास लोक आस्थामा निहित हुन्छ भने अन्धविश्वासले लोक आस्थालाई क्षति गरेको हुन्छ। नेपाली समाजमा रहेका बाल विवाह, सती प्रथा आदिलाई अन्धविश्वास मानिन्छ। हंसपुरे सुवेदीका मतमा-

“हाम्रा सामाजिक संस्कार कति सुसंस्कृत ठानिन्छन्, कति कुसंस्कृत। अनि कुसंस्कृत परमपराजन्य लोकविश्वासलाई यहाँ ‘अन्धविश्वास’ नामकरण गरिएको छ। ‘अन्धविश्वास’ अन्धाको विश्वास हो कि अन्धो विश्वास अर्थात् अन्धो सुरमा विना विचार गरिने विश्वास हो।”[५३] भन्ने भनाइ रहेको पाइन्छ।

---

[५१] पूर्ववत, पृ. ३५

[५२] पूर्ववत, पृ. ८८७

[५३] हंसपुरे सुवेदी, **नेपाली लोकजीवन : लोकविश्वास**, पूर्ववत्, पृ. क

सुवेदीले लोकविश्वास र अन्धविश्वासलाई एकै रुपमा मानेका छन्। तथापि लोकविश्वास लोकले आत्मसाथ गर्दै ल्याएका मूल्य-मान्यता, रीतिथीति, संस्कार-संस्कृति आदि हुन्। लोकविश्वास नै लोकआस्था पनि हुन्छ। जसको पालनमा लोक रमेको हुन्छ। जब लोक शिक्षित तथा आधुनिक हुँदै जान्छ स्वयं लोकले मानेर ल्याएका परम्परा नै अन्धपरम्परा बन्छन्। यसरी लोकविश्वास पनि अन्धविश्वास बन्न पुग्दछ। परम्परागत रुपमा मान्दै ल्याएका तर त्यसका उपयुक्त, औचित्यपूर्ण प्रयोजन, प्रचलन, विशेषता तथा सही अर्थ नजानेका विश्वासहरू नै वास्तवमा अन्धविश्वास हुन्। परम्पराप्रति अति निष्ठा, मोह, अन्धाधुन्ध गरिने स्वीकृतिबाट नै अन्धविश्वास विकसित भएको हो भन्न सकिन्छ।

लोकविश्वास भन्नाले लोकचेतना बुझिन्छ। कुनै विश्वासलाई लोकको आन्तरिक समर्थन भयो भने त्यो लोकमानसमा प्रसिद्ध बन्दै जान्छ र लोकले त्यही विश्वालाई सचेत भएर पालन गर्दछ। त्यसैले विश्वास र लोकविश्वास नै लोकचेतना हो भन्न सकिन्छ। लोकले विश्वासपूर्वक मानिसकेपछि सो अन्धविश्वास नभएर लोकविश्वास मात्र हुँदछ भन्न सकिन्छ।

**निष्कर्ष**

पूर्वीय साहित्यमा वैदिक कालदेखि नै 'लोक' शब्दको प्रयोग प्रचलन रहेको पाइन्छ। पाश्चात्य साहित्यमा 'लोक' शब्दका निम्ति 'फोक' शब्दको प्रयोग भएको पाइन्छ। पूर्वीय

लोक शब्दले गहन अर्थ बोकेको छ भने पाश्चात्य फोक शब्दले त्यति व्यापक अर्थ दिएको पाइदैंन। पूर्वीय साहित्य एवं धर्मगन्र्थहरूमा सातलोक तथा चौध भुवनको चर्चा भएको पाइन्छ। लोक शब्द स्थान तथा साधारण जनता दुवै अर्थका निम्ति प्रयोग गरिन्छ। हिन्दी भाषामा प्रयुक्त 'लोग' शब्द पनि लोक शब्दकै अपभ्रंश मान्न सकिन्छ। लोकमा निहित रहेका विभिन्न तत्त्व जस्तै लोकसाहित्य, लोक कला, लोकविश्वास, लोकोक्ति आदिको अध्ययन गर्ने शास्त्रलाई **लोकवार्ताविज्ञान** भनिन्छ।

वैदिक कालदेखि नै भारतीय परम्परा लोककथा, लोकनाटक, लोकगाथा, लोकविश्वास आदिको प्रचलन रहे तापनि तिनको अध्ययन अध्यापन पाश्चात्य जगतबाट नै भएको पाइन्छ। सर्वप्रथम पाश्चात्य जगतले लोकलाई असभ्य, अशिक्षित, असंस्कृत माने तापनि ग्रीम बन्दुको योगदान पछि लोकवार्तामा पश्चिममा जगतको पनि रुचि रहेको पाइन्छ। पूर्वीय विद्वाहरूले पाश्चात्यमा प्रचलित 'फोकलोर' शब्दका निम्ति विभिन्न शब्द प्रयोग गर्ने मत राखेको पाइन्छ। कृष्णदेव उपध्यायले 'लोक-संस्कृति', सुनीतिकुमार च्याटरजीले 'लोकायन' र वासुदेवशरण अग्रवालले 'लोकवार्ता' शब्दहरू फोकलोर शब्दका निम्ति उचित मानेका छन्। यद्धपि लोकप्रचलनमा भने वासुदेवशरण अग्रवालले राखेको लोकवार्ता शब्दनै रहेको पाइन्छ। यसरी लोकसाहित्य, लोककला, लोककौशल,

लोकविश्वास, लोकोक्ति आदि लोकमा रहेका विभिन्न विषयको अध्ययन लोकवार्ताविज्ञानले गरेको पाइन्छ।

लोकविश्वास पनि लोकवार्ताविज्ञानकै एउटा शाखा अन्तर्गत पर्दछ। लोकले गरेको विश्वास नै वास्तवमा लोकविश्वास हो। लोकविश्वास परम्परा तथा लोकसंस्कृतिमा बाँधिएको हुन्छ। रहन सहन आदि सबै किर्याकलापमा लोकविश्वास निहित हुन्छ। लोकविश्वास सार्वभौम छ। मानिसको चेतनामा लोकविश्वास बाँचेको हुन्छ। लोकले परापूर्वकालदेखि मान्दै ल्याएका आस्था, मान्यता, विचारधारा नै वास्तवमा लोकविश्वासका रुपमा प्रचलित रहेको पाइन्छ।

# तेस्रो अध्याय

## ३ नेपाली लोकजीवन अनि संस्कृति

### ३.१. नेपाली समाज

नेपाली समाज विभिन्न जात गोष्ठिले बनेको छ। यो कुराको पुष्टि पृथ्वीनारायण शाहको **दिव्योपदेश ( वि. सं. १८३१ )**को **"चारै जात छतिसै वर्न"** भन्ने वाक्यले जनाउँछ।[५४] नेपाली समाज छेत्री,बाहुन, राई, लिम्बु, कामी, दमाई, आदि विभिन्न नेपाली जातिगोष्ठी मिलेर बनेको छ। कतिपय जात गोष्ठीको आफ्नै भाषा, आफ्नै चाडपर्व, रीति-थिति, धर्म भए तापनि समग्रमा सौहार्द पूर्ण परिवेशबाट निर्मित विभिन्न जातिगोष्ठीका विभिन्न प्रकारका भावनात्मक, सांस्कृतिक, सामाजिक व्यवहार र क्रियाकलापका समन्वय स्वरुपबाट नै नेपाली जातिको निर्माण भएको छ।विभिन्न जात जाति, भाषा-भाषी, धर्म-संस्कृति, रीति-रिवाज, वेशभूषाका रङ्गरोगनले बनिएको भए तापनि नेपाली जातिलाई एउटा भाषा र सांस्कृतिक व्यापकताले एउटै धारामा बाँधेको छ।

---

[५४] पृथ्वीनारायण शाह, वि. सं. २०५८, ***दिव्योपदेश(१८३१),*** **सयपत्री** (सम्पा, ईश्वर बराल), पाँचौं प्रकाशन, ललितपुर: साझा प्रकाशन पृ. ६२-६५

## ३.२ नेपाली लोकजीवन

विभिन्न व्यवसाय, खेती-पाति, फौजमा भर्ना, सरकारी रोजगार जस्ता धर्मकर्ममा नेपाली लोकजीवन संलग्न रहेको पाइन्छ। नेपाली लोक संस्कृतिप्रिय हुनाले विभिन्न चाड, पर्व, उत्सव आदिद्वारा मनोरञ्जन पनि उठाइ रहेको पाइन्छ। खानपान, रहन सहन, रीतिरिवाज, धर्म-संस्कृति आदिमा पनि नेपाली लोकजीवन समृद्ध रहेको देखिन्छ। नेपाली लोकजीवनको गहिराइ पहाडदेखि मदेश, मदेशदेखि समुन्द्र, समुन्द्रदेखि समुन्द्रपारिका देशसम्मा फैलिएको पाइन्छ।

सङ्गिनी, मारुनी, देउसी-भैलीको तालमा नेपाली लोकजीवन रमेको पाइन्छ। विभिन्न प्रकारका ज़डीबुटी जस्तै चिरैतो, हड्चुर, ओखती आदिको घरेलु औषधी बनाएर विभिन्न रोग तथा चोटपटक आदिको लोक चिकित्सा गरेको देखिन्छ। विभिन्न प्रकारका बाँस-परेङका वस्तुले घर-ग्वाली छाएको पनि पाइन्छ। खर परालका वस्तु निर्माण गरेर जीवनमा उपयोग गर्नाले पनि नेपाली कलालाई झल्काउँछ। विज्ञान र प्राविधि नभएको संसारमा पनि विभिन्न पारम्परित खेल खेलेर जीवन सुगम सहज बनाएको देखिन्छ।

गाउँखाने कथा प्रतियोगिता तथा बाघचाल जस्ता खेल खेलेर बौधिक विकास गराएको पाइन्छ।

नेपाली लोकजीवमा ढिकी, पानी ढिकी, जाँतो, कोल आदि जस्ता घरमा प्रयोग गरिने वस्तुहरूको उपयोगिता आजको दिनमा पनि उत्तिकै भएको देखेर नेपाली लोकजीवन समृद्ध भएको भन्न सकिन्छ। सरल, सहज तथा हितैसी मानिसहरूको योगद्वारा नेपाली लोक बनेको पाइन्छ।

## ३.३ नेपाली संस्कृति

संस्कृति कुनै पनि समाज, गोष्ठी वा जातिको आत्मा हो[५५] भन्ने उक्त भनाइलाई सही र सटीक मान्न सकिन्छ। कुनै पनि समाजको धरातल संस्कृतिमा नै निहित हुन्छ। यसैले कुनै पनि देशले अर्को देशमा आक्रमण गर्नुपर्दा त्यस देशको संस्कृतिलाई ध्वंश पार्ने गर्छ। यसको उदाहरण इतिहासले दिइरहेको पाइन्छ। १६औं शताब्दीसम्म पनि भारत समृद्ध देश थियो, कारण भारतीय संस्कृति उच्च थियो, यही उच्चता नै यस देशको मेरुदण्ड थियो। सीमामिचाहा अङ्ग्रेजले यहाँको संस्कृतिलाई छिन्नभिन्न पारेर मात्र यहाँ

[५५] लक्खीदेवी सुन्दास, सन् २०१४, ***संस्कृति बद्लँदो स्वरुप,*** **निर्माण सांस्कृतिक विशेषाङ्क**(सम्पा, पवन चामलिङ 'किरण'), वर्ष-१९, अङ्क- ३४, द. सिक्किम : निर्माण प्रकाशन पृ. २६

राज गर्न सफल बनेको पाइन्छ। यसको साक्षी इतिहास छ। यसरी संस्कृति नै एउटा देशको सम्पति, धरोहर, मेरुदण्ड आदि हुनेगर्छ। जाति पनि तब विकसित हुन्छ जब त्यस जातिको संस्कृति उच्च हुन्छ अनि त्यसरीनै तब जाति मासिन्छ जब त्यस जातिको संस्कृतिको विलय हुन्छ। कुनै पनि जातिको अस्तित्व र अस्मिता जोगाउन त्यस जातिको संस्कृति जोगाउनु अति आवश्यक देखिन्छ।

अङ्ग्रजीमा **संस्कृति** शब्दका निम्ति **कल्चर (culture)** शब्दको प्रयोग भएको पाइन्छ।[५६] युद्धवीर राणाको मतमा पश्चिमी कल्चर सभ्यतासँग सम्बन्धित छ। सभ्यता र संस्कृति दुई भिन्न भिन्न तत्त्व हुन। सभ्यता छोटो समयमा विकसित भएर विलुप्त पनि हुनसकछ र विकास र ह्रास भइरहन्छ तर संस्कृति समयानुकूल केही परिवर्तित हुँदै जाने हुँनाले यो सहजै नासिदैन। तर यसको निर्माण हुन पनि युगौंयुग लाग्दछ।[५७] यसरी हेर्दा आज हामी माझमा भएको संस्कृति वैदिक युगदेखि रुढ भएर स्थापित रहेको छ। भवन निर्माण गर्नु, नयाँ-नयाँ वस्त्र धारण गर्नु, नयाँ तरिकाले कृषि गर्नु, नयाँ-नयाँ पकवान बनाएर खानु अथवा नयाँ सूचना प्रविधि (टेकनोलोजी)को विकास हुनु नै संस्कृति होइन। यो त केवल

---

[५६] युद्धवीर राणा, सन् २००६, **नेपाली संस्कृति : हाम्रो अस्तित्व,** द. सिक्किम : निर्माण प्रकाशन, पृ. १०

[५७] पूर्ववत्

सभ्यताको विकास मात्र हो। संस्कृति त चेतनामा हुन्छ। यसको सभ्यतासँग कुनै सरोकार हुँदैन। मानिसले जति नै विकास गरे तापनि उसको संस्कृति उसँग जन्मगत अथवा पूर्व अवस्थामा नै रहेको हुन्छ।त्यसैले संस्कृतिको व्याख्या विशलेषण गर्न अति गाह्रो छ।

संस्कृतिबारे विभिन्न विद्वानहरूको विभिन्न मत मतान्तर पाइन्छन्। लक्खीदेवी सुन्दासका भनाइअनुसार, **"संस्कृतिको शाब्दिक अर्थ सम्यक् कृति, उच्च प्रकारले गरिएको कार्य, सफा वा परिष्कृत गर्नु, तथा अभिप्राय, बुद्धि, सुधार, संसोधन, परिमार्जन वा आभ्यान्तर रुपको प्रकाशन हो।"**[५८] संस्कृतिलाई परिभाषित गर्दै आयोद धौम्य **"संस्कृति शब्द सम् उपसर्गपूर्वक कृ धातुले कृत प्रत्यय लगाएपछि निष्पन्न हुन्छ। यसको भावार्थले संस्कार निखार्नु भन्ने बुझाउँछ"** भन्ने मत प्रकट गर्दछन्।[५९] विदुषी कमला सांकृत्यायनका मतमा **"जसरी एउटा सिङ्गो रुख बनिनमा त्यसका शाखाहरूको पूर्ण योगदान रहन्छ, उसरी नै संस्कृतिरुपी वृक्षका शाखाहरू हुन्छन्- संगीत, कला, नृत्यकला, वास्तुकला, मूर्तिकला, जीवन शैली, धार्मिक अनुष्ठान, भोजन-रसपान आदि जसलाई समेटेर एउटा विराट संस्कृति**

---

[५८] लक्खीदेवी सुन्दास, पूर्ववत्

[५९] आयोद धौम्य, ***नेपाली संस्कृति,*** **निर्माण संस्कृति विशेषाङ्क,** पूर्ववत्, पृ. १३६

**बनिएको हुन्छ। संस्कृति यस विराट स्वरुपको मूल आधार लोकसंस्कृति हो भन्ने कुराबाट हामी सबै अवगत छौं।"**[६०] वास्तवमा **संस्कृति** लोकको धरातलमा नै उब्जिने तत्त्व हो भन्ने तथ्य उक्त सांकृत्यायनको मतबाट  स्पष्ट हुन्छ। यो शब्द **संस्कार** शब्दबाट आएको हो।[६१] यसरी हेर्दा **संस्कृति** भन्ने तत्त्व कुनैपनि जाति, समाज वा राष्ट्रले युगौंदेखि आर्जन गरि ल्याएको सम्पत्ति हो।

नेपाली समाज बहुआयामिक छ। त्यसैले नेपाली संस्कृति पनि उत्तिकै बहुआयामिक र विविधतापूर्ण छ। विश्व सभ्यताको हाराहारीमा नेपाली जाति र सभ्यता अघि पनि विकसित हुँदै गइरहेको अनुभव हुन्छ। नेपाली जातिले युगौंदेखि मान्दै ल्याइरहेको संस्कार र संस्कृति आज पनि उत्तिकै व्यापक र विस्तृत छ। वास्तवमा यहाँ नेपाली संस्कृतिलाई चिन्हित् गर्नु आवश्यक देखिन्छ। संस्कृति कुनै पनि जातिका निम्ति समुद्र जत्तिकै व्यापक एवम् विस्तृत विषय हो। जसरी समुद्रमा असङ्ख्य जलाशय रहन्छ त्यसरीनै संस्कृतिका वृत वरीपरी व्यापक सांस्कृतिक स्वरुपहरू रहन्छन्। नेपालीमा रहेका चाढ-पर्व, मेला-उत्सव, खान-पान, मराउ-पराउतिर गरिने संस्कार, कृषि कार्य वा कृषिकार्यका निम्ति गरिने तौर

---

[६०] कमला सांकृत्यायन, ***संस्कृति,*** **निर्माण संस्कृति विशेषाङ्क,** पूर्ववत्, पृ १३२

[६१] राजेन्द्र भण्डारी, ***संस्कृति, सभ्यता र बद्लिँदो विश्व-परिवेश,*** **निर्माण संस्कृति विशेषाङ्क,** पूर्ववत्, पृ १४९

तरिका, लोकगीत-गाथा, लोककथा, गाउँखाने कथा, उखान-तुक्का, बिहे-बटुलो, धार्मिक-सामाजिक कर्मकाण्ड, कार्तिक माहत्म्य ब्रत, स्वस्थानी व्रत, वेश-भूषा, घर बनाउने प्राचीन पद्धति, सिलोक गाउँने चलन, बाल-बालिकाका खेल, ढिकी जाँतो डेली, चोयाले बनिने डोको, लोकविश्वास, आदि समग्र तत्त्व नेपाली संस्कृतिको भण्डार हो। यी समग्र तत्त्वलाई वर्गीकरण गरेर हेर्न अपेक्षित ठान्दछु।

### संस्कार कर्म

संस्कार कर्मभित्र नेपाली जातिका विभिन्न जाति गोष्ठीका विभिन्न कर्म पर्दछन्। नेपाली भनेर चिन्हित जातिका सबै वर्गमा पर्ने कर्मको यहाँ समग्रमा अध्ययन प्रस्तुत गरिनेछ। मानव जाति मानवीय संस्कारमा हुर्केको जाति हो। संस्कार विभिन्न परिपाटीका हुन्छन्। कतिपय स्थानमा केवल जीवनपछि मरणका समयमा गरिने कार्यलाई मात्र संस्कार भनिएको पाइन्छ। वास्तवमा मरेपछि गरिने संस्कारलाई अन्तिम संस्कार भनिन्छ। जन्मदेखि लिएर मरणसम्म गरिने विभिन्न संस्कारहरू हुन्छन्। नेपाली समाजमा यस्ता संस्कार सोलहवटा हुन्छन जसलाई “सोह्र संस्कार” भन्ने लोकधारणा पनि पाइन्छन। सोलह संस्कारबारे लोकमा श्लोक पनि पाइन्छ-

**गर्भाधानं पुंसवनं सिमन्त्रो जात कर्मच**

**नामक्रिया निष्क्रमणोन्नाशनं वपन क्रिया**

**कर्णविधो ब्रनादेशो वेदारम्भ क्रियाविधि**

**केशान्तः स्थानमुद्राहो विवाहान्गी परिग्रह**

**चेताडग्निसंग्रहश्चेती संस्काराः षोडशस्मृता**

यी सोलह संस्कारमध्ये प्राचीनकालदेखि अहिलेसम्म प्रचलित केही मुख्य-मुख्य संस्कारहरूको परिचय यहाँ प्रस्तुत गरिन्छ-

**न्वारन**

गर्भसंस्कारपछि जन्मसंस्कार हुन्छ। जन्मसंस्कार पछि नाभीछेदन (नाइटो गिड्ने) गरिन्छ। अर्थात् कुनै पनि नेपाली जातिका घरमा बालकको जन्मलाई जयजन्म संस्कार मानिन्छ। त्यस दिनदेखि लिएर एगाह्र दिनसम्म त्यो परिवारमा सुतक पर्दछ। गाउँ-घर, छर-छिमेक आदिले त्यस परिवारमा खानपान वारण गर्ने चलन पाइन्छ। त्यस अवधिलाई सुतक काल भनिन्छ। सुतकमा विशेष कुनै चाडपर्व मनाइदैंन अर्थात् उत्सव, कार्य, गरिदैन। तर जयजन्ममा खुशीयाली मनाइन्छ। कतिपय परिस्थितिमा सुतकको समयावधि घटाएर चाड-पर्वलाई ध्यानमा राखेर तीन दिन, सात दिन तथा एगाह्र दिनमा गरिने प्रचलन

छ। काहीं-काहीं त यसलाई घटाएर केवल दिन रातको गणना गरी, तीन बनाइन्छ अनि डेढ दिनमा पनि सुतक फुकाइन्छ।

नियमित रुपले एगाह्र दिन पुगेपछि सुतक लागेको घरमा पुरोहितद्वारा तिथि मिति दिन बार र समय हेरेर नवजात शिशुको नामकरण गरिन्छ। यही नामकरण गर्ने प्रक्रियालाई नेपाली लोक बोलीमा **न्वारन** भनिन्छ। पुरोहितले बाछीको गउँत फकिदिन्छन्। त्यो गउँत सबैतिर अभिषेक गरेर आचमन गरेपछि त्यो परिवार सुतक मुक्त हुन्छन् अर्थात् चोखिन्छन्। मुख्य रुपमा न्वारनको यो विधान नेपाली समाजमा भए तापनि राई वा खम्बु जातिमा भने शिशु जन्मिएको पाँचदिन पछि आमाहरू भेला भएर शिशुको नाम राखिदिने चलन पनि पाइन्छ।

## छैटी

छैटीं जन्मपछि छ दिनमा गरिने विशेष संस्कार हो। त्यसदिन इष्टमित्र घर परिवारका सदस्यहरू भेला भएर शिशुको जन्मोत्सव मनाइन्छ र छ दिनका दिन भाग्यमा (निधारमा) भावीले भाग्य निर्माण गरिदिन्छन् वा लेखिदिन्छन् भन्ने लोकधारणा रहेकाले त्यसदिन शिशुका सिह्रानपट्टि दीप कलश राखिन्छ। गृह परिष्कार गरेर कलम कापी राखिन्छ।

चक्रमूर्ती (भावी) मानिसका भाग्य तय गर्ने भाग्यविधाताको नाउँ हो भन्ने लोकविश्वास यथावत जीवित रहेको पाइन्छ। तर यसको अर्को वैज्ञानिकता रहेको पाइन्छ भन्ने कुरा माथि उल्लिखित श्लोकबाट बुझिन्छ।

**अन्नप्रासन्न**

बालक छ महिना पुगेपछि अन्नप्रासन्न संस्कार गरिन्छ। त्यसदिनदेखि बालखलाई अन्नपानी, फलफूल तथा आवश्यक अन्नादि सेवन गर्न थालिन्छ। विभिन्न पकवान बनाएर चाँदीका थालमा अन्न पस्केर चाँदीकै चम्मचले बालखलाई अभिभावकहरू अन्न ग्रहण गराउँछन्। अन्नप्रासान्न संस्कारलाई लोकबोलीमा 'भातखुवाई' पनि भनिन्छ।

**नाक कान छेड्ने कर्म (नासिका भेदन, कर्ण भेदन)**

नेपाली जातिमा आभुषण, गर-गहनाको बडो महत्त्व रहेको पाइन्छ। विभिन्न प्रकारका गहना जस्तै गलामा नौ गेडी माला, नाकमा फूली, कानमा चेप्टे सुन आदि नेपाली समाजमा आज पनि उत्तिकै प्रचलनमा छन्। यस्ता गहना लगाउन नाक कान छेडनु पर्ने विधान नेपाली समाजमा प्रचलित रहेको पाइन्छ। शिशु जन्मका २० २१ दिन अथवा पछि नाक कान छेडिन्छ र त्यस ठाउँमा हर्दी र तोरीको तेल लगाइन्छ। छेंड न

बुजियोस् भनेर त्यस छेंडमा नाकपिनीको काँडा लगाइन्छ। छेड्दा सुनकै वस्तुले छेडिने गरिए तापनि पछिबाट नाकपिनीको काँडाको प्रयोग गरिन्छ। घाउ थाकेपछि नाक कानमा गहना लगाइन्छ। पुरुषहरूको नाक छेड्ने प्रचलन नभए पनि कान छड्ने चलन पाइन्छ कारण नाक कान नछेडिएको मान्छेले छोएको पानी पनि चल्दैन भन्ने लोकविश्वास नेपाली समाजमा व्याप्त रहेको पाइन्छ। तर यसको अर्कै वैज्ञानिक कारण पनि रहेको पाइन्छ। शरीरमा कुनै नराम्रो रोग नलागोस् भनेर पनि नाककान छेडिने चलन रहेको छ।

**चुडा कर्म**

शिशुको जन्मपछि उसको कपाल काट्नु वा छाँट्नु वर्जित गरिन्छ। बालक तीन वर्ष पुगेपछि मात्र उसको कपाल विधिविधानपूर्वक खौरिइन्छ। यस कर्मलाई **छेवर** भनिन्छ। यो कर्म तीन, पाँच, सात, नौं आदि वर्षमा पनि गरिने चलन रहेको छ। छेवर संस्कार गर्न विजोडी वर्ष हुन आवश्यक छ। **'प्रथमाब्दे तृतीय कर्तव्यं श्रुतिचोधना'** भन्ने श्लोक **मनुस्मृति**मा पाइन्छ। दिन साइत जुराएर मामाका हातबाट वा कुनै जुरेको व्यक्तिवाट त्यो बालकको कपाल मुण्डन गरिन्छ। यही कपाल मुण्डन गर्ने कर्मलाई **चुडा कर्म** वा **छेवर कर्म** भनिन्छ।

**व्रतबन्ध, उपनयन, द्विज कर्म**

नेपाली समाजमा रहेका छेत्री, बाहुन, नेवार जातिमा **व्रतबन्ध** कर्म गरिने प्रचलन छ। विशेष गरेर जब वालक ८ वर्ष उमेरको हुन्छ। त्यस बालकलाई जीवनमा शिक्षा दीक्षा लिन अभिप्रेरणाका निम्ति तथा जीवनका केही जिम्मेवारी उठाउनका लागि यो कार्य गरिन्छ। यस समय उसको कपाल खौरिइन्छ। एउटा ठूलो पूजाको आयोजना गरिन्छ। गाउँ-घर, छर-छिमेक, इष्ट-मित्र तथा बन्धु-बान्धव आदिलाई निम्तो गरिन्छ। गुरू पुरोहितद्वारा दीक्षा दिइन्छ भने ती आएका मानिसबाट भिक्षा पनि दिइन्छ। त्यस बालकलाई एउटा कपासको छ डोरे सुत्र लगाइन्छ। जसलाई **जनै** भनिन्छ। जनै धारणका केही नियम र केही विधान हुन्छन् त्यसको पालना गर्नु एउटा तागाधारीको परम कर्तव्य मानिन्छ। प्रत्येक वर्ष जनै पुर्णिमाका दिन जनै पुरोहितहरूले फुकेर जाग्रित गर्ने प्रचलन छ। त्यही दिन त्यो जनै  फेर्नुपर्ने हुन्छ। अन्यथा कुनै पनि जुठो, सुतक परे त्यसबाट शुद्धीकरणका लागि आवश्यकताअनुसार फेर्नुपर्ने हुन्छ। प्राचीन कालमा व्रतबन्ध कर्म पछि बालक शिक्षाका निम्ति गुरूकूल जानु पर्थ्यो। किशोर अवश्थासम्म उसले त्यहीं बसेर ज्ञान हासिल गर्नुपर्थ्यो। यस अवस्थालाई ब्रह्मचर्य अवस्था भनिन्छ। ज्ञान

विद्या आर्जन गरेर  बालक किशोर बनेपछि उ पुनः गृह प्रत्यागमन गर्दछ। शिक्षा आर्जन पछि उ कुनै व्यवशायमा संलग्न बन्नसक्छ।

**गृहस्थ आश्रम वा विवाह**

जब ब्रह्मचार्य अवस्था सकिन्छ अथवा ज्ञानविद्या लिएर छोरो घर आउँछ तब उसको निम्ति जीवनसाथी हरेर उसको **विवाह** गरिन्छ। मागी विवाह, चोरी विवाह वा गान्धर्व विवाह गरी विवाह दुई प्रकारले पनि गरिन्छ। यद्धपि वैदिक रीति अनुसार विवाह गरिने प्रचलन प्रचलित रहेको पाइन्छ।

**चोरी विवाह**

आफूलाई मन परेकी स्त्री वा मनपरेको पुरुषको चयन गरी अभिभावकको अनुमतिविना गरिने विवाह नै **चोरी विवाह** हो। यसलाई **गन्धर्व विवाह** भनिन्छ। यस प्रकारको विवाहको प्रचलन **महाभारत** कालदेखि नै पाइन्छ। पाण्डवहरू वनवासमा रहँदा भीमले हिडम्वासँग गरेको विवाह वास्तवमा यसको पौराणिक नमुना हो। दुष्यन्त-शकुन्तला विवाह पनि गन्धर्व विवाह हो।

नेपाली समाजमा  रहेका राई, लिम्बु, तामाङ, गुरुङ जातिमा **चोरी विवाह**को प्रचलन पाइन्छ। हिजो आज छेत्री बाहुन समाजमा पनि यदाकदा यो प्रचलन देखिन्छ। भागेर गएका युवा युवतीले कुनै पनि मन्दिरमा सिन्दुर पोते गर्ने र परस्पर विवाह बन्धनमा बाँधिएको साक्षी ईश्वरलाई मान्ने गरेको पनि देखिन्छ।

यसरी भागेर गइसकेपछि आ-आफ्नो  घरमा सुचित गरिन्छ। पछिबाट युवकको घरको कुनै सदस्य युवतीको घर गएर आफ्नो गच्छेनुसार फल-फूल, मिठाइ, जाँड, रक्सी आदि सगुन रित बुझाउने सामग्री लिएर जाने चलन छ। युवतीका घरका सदस्य पनि राजी भएपछि कुनै दिन तिथिमिति तोकेर युवक युवतीको टीका टालो गरिदिइन्छ। यसरी छोरी ज्वाँइ माइत ससुराल आवजाउ गर्न खोलिन्छ। यदि टीका टालो नगरिएमा तिनीहरूलाई माइत ससुराल आउन वर्जित मानिन्छ।

चोरी विवाहसँग सम्बन्धित अर्को एउटा प्रचलन छ जसलाई **जारी प्रथा** भनिन्छ। कुनै पनि युवकले अर्काको पत्नीलाई भगाएर लग्यो भने दण्डस्वरुप उसले जारी तिर्नु पर्ने हुन्छ। जारीका निम्ति समाज जुटाइन्छ। त्यस समाजमा जारीको प्रस्ताव राखिन्छ। विहेमा गरिएको खर्चपातको विवरण दिइन्छ। युवतीको गर गहना र वेशभूषामा गरिएको हरहिसाब लगाइन्छ। सोहीअनुरुप नै जारीको रकम माग गरिन्छ। पछिबाट नयाँ

युवकको पनि दलिल सुनाइन्छ। त्यसपछि बसेको  समाजले आफ्नो  निर्णय सुनाउँछ र सोही अनुरुप जारी तिर्नेले तिर्छ साथै लिनेले पनि लिनुपर्ने हुन्छ। त्यसपछि पुरानो युवक र युवतीको कुनै सम्बन्ध रहँदैन। नेपाली समाजमा जार काट्ने चलन पनि पाइन्छ। यदि आफ्नी स्वास्नी भगाएर लाने जारलाई काटेर मारियो भने कुनै कानुन लाग्दैन भन्ने भनाई पनि रहेको पाइन्छ।

**मागी विवाह**

युवतीको घर गएर त्यसलाई मागेर विवाह गर्ने चलनलाई **मागी विवाह** भनिन्छ। विशेष गरेर यो चलन छेत्री बाहुन समुदायमा प्रचलित देखिए तापनि नेपाली समाजमा यही प्रथालाई मान्यता दिइन्छ। यसका निम्ति युवकतर्फबाट केटी माग्न युवतीका घरमा जाने चलन छ। युवतीको परिवारमा गएर प्रस्ताव राखिन्छ। पछिबाट युवक युवतीको भेट गराइन्छ। टिप चिन्हा कुण्डली साइत हेरिन्छ। दिन, बेला, बार मिलाएर विवाह सम्पन्न गरिन्छ।

दौरा सुरुवाल लगाएर बेहुला सिंगारिन्छ। बेहुलाको साथमा अरु पनि मानिस बेहुली लिन जान्छन् जसमा  आफन्तहरू, गाउँलेहरू, इष्ट-मित्रहरू आदि हुन्छन्। त्यसरी गएका

मानिसहरूलाई **जन्ती** भनिन्छ। जन्तीलाई फूल अक्षताले घरको मूल द्वारदेखि नै पूजा गरिइँदै लगिन्छ। जसलाई **जन्ती पर्सिनु** भनिन्छ। विवाह घरमा ठूलो पूजाको आयोजना गरिएको हुन्छ। बेहुलालाई मण्डपमा राखिन्छ। पुरोहितद्वारा विवाहको दश कर्म गराइन्छ। अग्निलाई साक्षी मानेर बेहुला बेहुलीलाई विवाह मण्डपमा सात परिक्रमा गराइन्छ। लगन गाँठो विशेष रुपमा बाँधि दिइन्छ। सात जन्मसम्म एक अर्काको भएर बाँच्ने प्रतिज्ञा यी सात फेरामा गरिन्छ। यसपछि बेहुलीको सिउँदोमा बहुलाले सिन्दुर लगाइदिन्छ। यसलाई लग्न (शुभ लगन) भनिन्छ।

विवाहमा सिलोक हाँकने प्रचलन पनि छ। भानुभक्तको **रामायण** लगायत विभिन्न धार्मिक ग्रन्थको सिलोक गायन वाचन हुन्छ। सिलोकद्वारा प्रश्नोत्तर गर्ने परम्परा पनि रमाइलो हुन्छ। बेहुलापट्टि जन्तीमा सिलोके हुन्छन्। बेहुलीपट्टि पनि सिलोके हुन्छन्। बेहुलीबाट प्रश्न हुन्छ र जन्तिबाट उत्तर हुनु आवश्यक हुन्छ।जसलाई प्रहेलिका भनिन्छ। उदाहरणार्थ:

**प्रश्न- कहाँदेखि आयौ तम जनती मनती कहाँसम्मको दाऊ?**

**धरती हाम्री भान्जी बुहारी के भनी टेकी आयौ पाऊ??**

उत्तर- घरैदेखि आयौं हामी जनती मनती यहाँसम्मको दाऊ।

धरती हाम्री भान्जी बुहारी हर हर भनी टेकी आयौं पाऊ॥

प्रश्न- कता **पऱ्यो** माल मदेश कता **पऱ्यो** चिन?

बेहुलो आउँदा भइजान्ध्यो तिमीहरू आयौ किन??

उत्तर- उँधो **पऱ्यो** माल मदेश उँभो **पऱ्यो** चिन॥

बेहुलो आउँदा भइजान्ध्यो हामी आयौं साथ दिन॥

प्रश्न- कता **पऱ्यो** माल मदेश कता **पऱ्यो** लाहुर?

कति वर्षको बेहुलो ल्यायौ कति अक्षरको माहुर??

उत्तर- उँधो **पऱ्यो** माल मदेश उँभो **पऱ्यो** लाहुर।

सोह्र वर्षको बेहुलो ल्यायौं बत्तिस अक्षरको माहुर॥

प्रश्न- कति बाट्यौ नाम्ला दाम्ला कति बाट्यौ कुच्चा?

कति आयौ बुडा पाका कति आयौ फुच्चा??

**उत्तर- धेरै नाम्ला दाम्ला थोरै बाट्यौं कुच्चा॥**

**धेरै आयौं बुडा पाका थोरै आयौ फुच्चा॥**

यसरी नै नेपाली समुदायको मङ्नी विवाहमा खाँडो जगाउने प्रचलन पनि छ। खाँडो भन्नाले खुकुरी हो। नेपालीको पौरख, गौरव, वीरता र शौर्य पनि यही खाँडो नै मानिन्छ। तसर्थ विवाहको उपलक्ष्यमा खाँडो जगाउनु विशेष महत्त्वपूर्ण मानिन्छ। उदाहरणार्थ:

| | |
|---|---|
| **श्री प्रतापी महाराज राणाजीके वंशमे** | **हुंकार** |
| **पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशा जित्नको** | **हुंकार** |
| **लङ्का पलङ्का जित्नको** | **हुंकार** |
| **नागा देश घोर्मुखा देश जित्नको** | **हुंकार** |
| **शूरवीर सेना चलते हैं** | **हुंकार** |
| **हात्ती घोडा रथ रथान चल्ते हैं** | **हुंकार** |
| **भाला बर्छा धनुर्बाण चल्ते हैं** | **हुंकार** |
| **असियान खान चल्ते हैं** | **हुंकार**[६२] |

[६२] चूडामणि बन्दु, वि. स. २०६६, **नेपाली लोकसाहित्य**, पुनर्मुद्रित संस्करण, काठमाडौं : एकता बुक्स प्रकाशन, पृ. १८७

सबैकार्य सकेपछि बेहुलीलाई विवाह घरबाट विदाइ(विदा) गरिन्छ। पुरानो समयमा प्रायः रातीको विवाह हुने चलन थियो। रातभरी हर्षोल्लाससहित सिलोक, बालन, नाचगान आदि गरिन्थ्यो बिहानीपख छोरी विदा गरिन्थ्यो जसलाई छोरी वा बेहुली अन्माउनु भनिन्छ। हिजोआज दिवालग्नमा विवाह गरिने र अपरान्नमा बेहुली अन्माउने चलनको थालनी भएको पाइन्छ।

बेहुलीको विदाइ भएपछि बेहुलाको घर ल्याइन्छ। नवदुलहीलाई गृहप्रवेश गराइन्छ। सासु बुहारीको चुल्ठो जोर्ने दस्तुर गरिन्छ। ढिकुटीको दर्शन गराइन्छ। भोलीपल्ट नव वर-वधुलाई घर-परिवार, इष्ट-मित्र, आफन्तहरू भेला भएर टीका लगाएर आजीवन सुखी अनि खुशी बस्ने आशिष दिन्छन।

**मृत्यु कर्म (अन्तिम संस्कार)**

जीवनको अन्तिम अपरिहार्य सत्य हो **मृत्यु।** मानिस जन्मिएपछि एकदिन मर्छ। मृत्यु अनिश्चित निश्चितता हो। मरेपछि दिवङ्गत आत्मालाई पार लाउने क्रियाकर्म प्रथा जसलाई नेपाली समाजले **क्रिया** भन्ने गर्छन् र अन्तिम संस्कारपछि गरिने क्रियाकर्मका परिपाटी आ-आफ्नै प्रकारको पाइन्छ।  छेत्री बाहुन, नेवार आदिले १३ दिने क्रिया गर्ने गर्छन्।

यसलाई जुठो बार्नु र शुद्धयाई गर्नु भनिन्छ जो नेपाली समाजमा प्रचलित छ। यसमा मरेका व्यक्तिलाई घाट लगिन्छ। अन्तिम समयमा मर्नु अघि दश दान र वैतर्नी दान गर्ने प्रचलन छ। आतुरी दान र वैतर्नी दान गर्नाले मरेको व्यक्ति सोझै बाछिको पुच्छर समातेर स्वर्ग जान्छन् भन्ने लोकविश्वास छ।

मृत्युपछि शवलाई घाट लगिन्छ। परिवारका सदस्य तथा आफन्त लगायत गाउँलेहरू मलामीका रुपमा पनि अन्तिम सत्कारमा **घाट** पुऱ्याउछन्। शवलाई चितामाथि राखिन्छ। शव जलाउन बनाइएको ठाउँलाई **चिता** भनिन्छ। परिवारको जेठो छोरोलाई चितामा आगो दिने अधिकार हुन्छ। त्यो आगो दिने प्रक्रियालाई **दागवत्ति** दिनु भनिन्छ। अन्तिम संस्कार सकिएर मलामी घर फर्किन्छन्। जेठो छोरो आएर कोरामा बस्छ। कान्छो छोरो अस्ति(अस्तु) लिएर गङ्गा विसर्जन गर्न जान्छ। पछि आएर ऊ पनि कोरामा बस्छ। क्रियाका निम्ति बस्ने छोराको निम्ति भकारीले बेह्रेर बनाइएको कोठो नै **कोरो** हो। अर्को ठाउँमा एउटा ढिस्कनु जस्तो बनाइन्छ जसलाई **ढिकुरो** भनिन्छ। जहाँ दश दिनसम्म पिण्डदान गरिन्छ। पितृलाई चडाउन बनाइएको खीरको डल्लोलाई **पिण्ड** भनिन्छ। जसरी जन्मदा सुतक लागेको हुन्छ त्यसतै मरनमा पनि जुठो र सुतक लाग्दछ। दशदिनमा पुरोहितले फुकेको गउँतद्वारा परिवारका अरू सदस्य शुद्ध गरिन्छ। मरन भएकै घरका

व्यक्ति एकवर्षसम्म शुद्ध हुँदैनन। उनीहरूले सेतो वस्त्र धारण गर्नुपर्ने हुन्छ। दश दिनसम्म अरु परिवारका सदस्यले नुन तेल बार्नुपर्छ। मराउका क्रियामा वस्नेले दश दिनमा कोरो ढिकुरो फोर्छन् तर उनीहरूको काम तेह्र दिनमा मात्र पुरोहितलाई दान दक्षिणा गरेर सकिन्छ। आफन्तहरूलाई भने बाह्र दिनको काम सकेर देव कार्य गर्न खोलिन्छ। बाह्र दिनको काममा पितृमा पिण्ड जोडिन्छ जसलाई **सपिण्डी** भनिन्छ। काम सकेर एकवर्षसम्म हर महिना पिण्डदान गरिन्छ। जसलाई **मासे** भनिन्छ। एक वर्षपछि पूजा पाठ गरेर घर शुद्ध गरिन्छ र व्रत खोलिन्छ यसलाई बर्खान्त बारेको भनिन्छ। हरेक वर्ष पितृ पूजा वा पिण्ड तर्पण अथवा श्राद्ध गरिन्छ। यसरी गरिने कर्मलाई सराद अर्थात् श्राद्ध भनिन्छ।

तागादारी समुदायमा पनि चौथो आश्रम लिएका व्यक्तिलाई दफन गरिन्छ। दफन गरिएको ठाउँमा समाधी बनाइन्छ। क्रियाको परिपाटी एउटै हो तर कोरो र ढिकुरो हुँदैन। उनीहरूको मृत्युमा मिस्री बाड्ने चलन छ। **'मीठा खाए जुठा खाए'** भन्ने गरिन्छ। चौथो आश्रम लिएका व्यक्तिले आफ्नो क्रिया आफै गरिसकेका हुनाले उनीहरूको जुठो लाग्दैन भन्ने चलन रहेको पाइन्छ।

राई लिम्बुको क्रिया गर्ने परिपाटी केही भिन्न पाइन्छ। उनीहरू शवलाई दफन गर्छन्। त्यसपछि पाँचदिनसम्म क्रिया गर्छन्। त्यो पाँचदिनसम्म त्यो परिवार अशुद्ध हुन्छ। पछिबाट कुनै विजुवाद्वारा चिन्ता गरिन्छ। राई वा लिम्बुको मुन्दुम गर्ने पुजारीलाई **विजुवा** भनिन्छ। अकाल मृत्यु भएको भए विजुवाले प्रेत मार्ने गर्छ जसलाई **स्याँ मार्नु** भनिन्छ। बुढा पाका भएर मरे पितृमा लगेर गाभ्ने गर्छन्।

तामाङ, सेर्पाको क्रिया बौद्ध परिपाटीमा गरिन्छ। उनीहरू लामा पढाउछन्। बौद्ध पुरोहितहरूलाई **लामा** भनिन्छ। उञ्चास दिनका दिन दिवङ्गतका नाममा ठूलो भोज राखिन्छ। परिवारका सदस्य, आफन्तहरू, घर-गाउँलेहरू सबैलाई निम्तो दिइन्छ। त्यस दिन विभिन्न पकवान, पेय वस्तु आदि राखिएर मर्ने व्यक्तिका नाममा बाँडिन्छ जसलाई **घेवा** गर्नु भनिन्छ।

यसरी नेपाली जातिका विभिन्न गोष्ठीको मृत्यु संस्कार विभिन्न परिपाटीद्वारा सम्पन्न गरिन्छ।

## नेपाली जातिको आश्रम विभाजन

नेपाली जातिमा रहेका आर्य मानिने समुदायमा विभिन्न आश्रम विभाजन पाइन्छ। मनुष्यको आयु १०० वर्षको अनुमान गरी जीवनलाई जम्मा चार भागमा बाँडिएको छ। जसलाई चार आश्रम भनिन्छ। ती हुन ब्रह्मचार्य, गृहस्थ, वानप्रस्थ र सन्यास।

### ब्रह्मचार्य

जन्मिएर २५ वर्षसम्मलाई ब्रह्मचार्य आश्रम भनिन्छ। यसमा बाल्य अवस्थामा गरिने खेलकूददेखि लिएर उपनयन संस्कार पछि गुरुकूलको शिक्षा दीक्षा दिइने प्रथालाई ब्रह्मचार्य आश्रम अन्तर्गत राखेको पाइन्छ। व्रतबन्ध पछि गुरूकूलमा शिक्षा आर्जन गर्ने समय ब्रह्मचार्य हो। यसमा घर परिवार छोडेर आध्यात्मिक एवं भैतिक शास्त्र र अस्त्रको ज्ञान आर्जन गरिन्छ।

### गृहस्थ

२५ वर्षदेखि ५० वर्षसम्मको उमेरलाई गृहस्थ आश्रमअन्तर्गत राखिएको पाइन्छ। दाम्पत्य जीवनमा प्रवेश गर्ने समय हो गृहस्थ आश्रम। यस समय घरवार जिम्मा लिएर जीवन चलाउने छोरा छोरी आफन्त वन्धु वान्धव अतिथि आदिको उत्तरदायित्व निर्वाह

गर्ने, गृहस्थी जीवनमा आइपर्ने समस्त क्रियाकलाप सुचारु रुपमा सञ्चालन गर्ने प्रकिया गरिन्छ। यससमय धर्म, अर्थ, काम, मोक्ष चारै वर्ग फल प्राप्तका निम्ति कार्य गरिन्छ।

**वानप्रस्थ आश्रम**

५० वर्षदेखि ७५ वर्षसम्म उमेरलाई वानप्रस्थ आश्रमअन्तर्गत राखिएको पाइन्छ। यस उमेरमा मानिस आफ्नो गृहस्थ कार्यबाट फुर्सत भएर समाज सेवामा संलग्न बन्दछ। पूजा, पाठ, दान, पुण्य गर्ने समय नै वानप्रस्थ आश्रम हो। यस समय धर्म र मोक्षका प्राप्तका निम्ति कार्य गरिन्छ।

**सन्यास आश्रम**

जब मानिस ७५ वर्ष काटेर उँभो लाग्छ तव ऊ जीवनको जञ्जालदेखि मुक्त भएर ईश्वरमा लिन हुनखोज्छ। त्यससमय एउटा कर्म गरिन्छ। त्यसलाई बिर्खे स्वर्ग क्रिया भनिन्छ। जसमा त्यस व्यक्तिले आफ्नो क्रिया गर्दछ। जब मानिस ८० वसन्त काटेर चौरासी वर्ष पुग्दछ उसको **'चौरासी'** संस्कार गरिन्छ। यो पनि एउटा ठूलो अनुष्ठान हो जो वैदिक रीति अनुसार गरिन्छ। यसपछि ऊ संसारको माया, मोह, लोभ, लालचदेखि मुक्त भएर आफ्नो कारवार छोराछोरी र नातानातिनीलाई जिम्मा लगाइ मृत्युको प्रतीक्षामा

घरपरिवारदेखि अलग बस्ने गर्छ। त्यस अवस्थालाई **सन्यास** अवस्था भनिन्छ। प्राचीनकालमा राजा महाराजा आफ्नो राजकाज सबै छोरालाई सुम्पिएर सन्यासी भइ वन पसेर आफ्नो मृत्युको प्रतीक्षा गर्ने गर्थे। यस समय केवल मोक्षका निम्ति कार्य गरिन्छ।

## नेपाली चाड-पर्व

नेपाली समाजमा प्रचलित विभिन्न प्रकारका चाड-पर्व छन्। नेपाली यस्तो समाज हो जहाँ वर्षका प्रायः सबै महिनामा केही न केही चाड वा पर्व मनाइन्छ। मुख्य रुपले दशै र तिहारलाई महत्त्व दिइन्छ तापनि अरू पर्व पनि उत्तिकै महत्वपूर्ण छन्। यहाँ यी चाड-पर्वको विस्तृत अध्ययन प्रस्तुत गरिन्छ-

### दशै

नेपाली समाजमा दशैंको ठूलो महत्त्व छ। वर्षमा दुईपल्ट दशैं मनाइन्छ। **चैते दशैं** र **बडादशैं**। चैत महिनाको कृष्णपक्षमा मनाइने दशैलाई **चैते दशैं** भनिन्छ। यसलाई **रामनवमी** पनि भनिन्छ। नेपाली समाजमा मनाइने चाड वाडमध्ये बडा दशैं सबैभन्दा ठूलो चाड हो। यो चाड असोज महिनाको शुक्लपक्षको प्रतिपदा तिथिबाट शुरू भएर पूर्णिमामा सकिन्छ। यस समय शरदऋतुको रमाइलो समय हुन्छ। उघारो दिन, जुनेली रात,

खेतमा  पाकेको पहेंलपूर धानको खेती साह्रै नै रमाइलो समय पनि हुन्छ। यही अवसरमा यो पर्व पर्दछ।[६३] प्रतिपदादेखि नवमीसम्म नौ दुर्गा माताको नौ रुपको पूजा हुन्छ त्यसपछि दशमीमा टीका लगाउने प्रचलन छ। चामल, दही, र रातो रङ्ग मिसेर एक खास किसिमको मिश्रण बनाइन्छ त्यसलाई **टीका** भनिन्छ। पूजा आजामा निधारमा टीका लगाइए तापनि यसको खास् महत्त्व भने बडादशैंमा नै पाइन्छ। नयाँ वस्त्र धारण गरी मूलद्वारमा दही, अक्षता, जमरा दुबो लगाइन्छ।त्यसपछि परिवारका माता पिताका हातबाट टीका लगाइ आशिर्वाद लिने प्रचलन छ। यसपछि काका, बडाका घर तथा माइती मावली जाने प्रचलन छ। टीकासँग शिरमा जमरा पनि लगाइन्छ। वास्तवमा दशैं आउन अधि औँसीमा एउटा कुनै वर्तन वा गमलामा धान, मकै, गौं आदि अन्न भेला गरि छरेको हुन्छ। त्यसलाई अँधेरो कोठामा राखिन्छ। पछि त्यो दशमीमा पूर्ण उम्रिएर लामो भइसकेको अङ्कुरलाई **जमरा** भनिन्छ। नेपाली संस्कृतिमा परम्परादेखि दिइने आसिक दुई प्रकारका छन्। पुरुषको निम्ति दिइने आसिक-

**"आयु द्रोण सुते श्रियो दशरथे शत्रुक्षयं राघवे।**

**ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने॥**

[६३] उदयचन्द्र वशिष्ठ, सन् २००६, **सिक्किमका चापर्व,** दोस्रो संस्करण, गान्तोक : जनपक्ष प्रकाशन पृ.९

**दानं सूर्य सुते बलं हलधरे सत्यं च कुन्ती सुते।**

**विज्ञानं विदुरे भवतु भवतां कीर्तिश्च नारायणे॥"**[६४]

अर्थात्, तिम्रो आयु अश्वत्थामाको जस्तो लामो होस्, दशरथको जस्तो श्रीसम्पत्ति, रामको जस्तो विजयी, बलराम जस्तो बलियो, नहुष राजा जस्तो ऐश्वर्यशाली, हावाको जस्तो गति, दुर्योधनको मान-मनितो, कर्ण जस्तो दानी, विदुर जस्तो ज्ञानी र भगवान कृष्णको जस्तो यश-कीर्ति फैलियोस्।[६५]

स्त्रीको निम्ति "**जयन्ती मंगला काली भद्रकाली कपालीनी, दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोस्तु ते"** भन्दै दुर्गा भवानीले मङ्गल गरून, कालीको जस्तो शक्ति, दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा जस्ता देवीहरूको जस्तो शक्ति सम्पन्नता र उर्जा प्राप्त होस् भन्ने आशिष दिइन्छ ।[६६]

दशै मनाउन विभिन्न पौराणिक कथाहरू जोडिएका छन्। एक हो **रामायण**मा रहेको रावण वधको कथामा श्रीरामले रावणलाई दशमीको शुभ अवसरमा मारेका थिए। दोस्रो,

---

[६४] पूर्ववत्, पृ. ११

[६५] पूर्ववत्

[६६] पूर्ववत्, पृ. १२

**श्रीमद्देवीभागवत**को कथामा महिशाशुर वधमा देवी दुर्गाले महिशासुरलाई पनि त्यही शुभ अवशरमा मारेकी थिइन्। त्यसैले नौरथाभरी महिशासुरमर्दिनी नौ देवी दुर्गा र विजय दशमीका दिनदेखि असत्य, पाखण्डमाथि सत्यको विजय हासिल गरिएकोले नेपाली समाजमा यो चाड धेरै प्रचलित रहेको बोध गरिन्छ।

यस चाडमा मुख्य रुपले दही र चिउरा केरा दिने र खाने प्रचलन छ। मासु खानेले मासु-भात खाए तापनि दही, चिउरा र केरा बिना यो चाड फिका बन्न जान्छ।

**तिहार (दिपावली)**

नेपाली समाजमा मनाइने अर्को चाड हो **तिहार।** यो पनि दशै जत्तिकै महत्त्वपूर्ण चाड हो। जम्मा पाँच दिन मनाइए तापनि मुख्य रुपमा तीन दिने पर्व हो। शरद ऋतुमा पर्ने हुनाले यो पर्व झिलीमिली सयपत्री, गोदावरी फूल फूल्ने याममा पर्छ। कार्तिक महिनाको कृष्णपक्षको त्रयोदशी तिथिबाट तिहारको पर्व सुरू हुन्छ। यसदिन कागको पूजा गरिन्छ। काग एउटा पक्षी भए तापनि नेपाली समाजमा यसको ठूलो महत्त्व छ। कागले राम्रो नराम्रो सबै प्रकारको घटना पूर्वभासमा सूचना दिन्छ भन्ने लोकविश्वास पाइन्छ। कसैकसैले कागको कराइ, बसेको रुख, कराको समय आदिको गणना गरेर भविष्यमा

हुने घटनाको अनुमान लगाउने गरेको पनि पाइन्छ। यसैले काग तिहारका दिन कागको पूजा गरिन्छ। भारतका अरु हिन्दु समाजमा यस पर्वलाई **धनतेरस** भनेर मनाउने गर्दछन्। यसदिन औंसीमा लक्ष्मी पूजा गर्न बजारबाट गक्षे अनुरुप सुन, चाँदी, ताँबो आदि धातुका वर्तन-वस्तु किनेर घर ल्याइन्छ र पछि त्येही लक्ष्मी पुजनमा प्रयोग गरिन्छ।

भोलीपल्ट चतुर्दशीमा कुकुरको पूजा हुन्छ। त्यसैले यस दिनलाई **कुकुर तिहार** भनिन्छ। नेपाली समाजमा कुकुरको पनि ठूलो महत्त्व छ। यस प्राणीले घरको रक्षा गर्छ साथै सिकार गर्न पनि यो उपयोगी छ। त्यस दिन कुकुरलाई सयपत्री वा मखमली फूलको माला लगाएर पूजा गरिन्छ र कुकुरलाई मीठो-मीठो खान पनि दिइन्छ।

कार्तिक महिनालाई कालो कार्तिक भनिएको पाइन्छ। त्यसमा पनि औंसीको कालो रात घनघोर कालो हुन्छ। तर औंसीलाई हिन्दु र नेपाली समाजले कहिले कालो हुन दिएका छैनन्। ऐश्वर्य धन्धान्यकी माता लक्ष्मीको स्वागतमा नेपाली समाज बेलैमा घरको साफ सफाइ गरेर सजावट गर्दछन्। मूल ढोकामा सयपत्री फूलको माला, केराका थम्बा र उखुका लाँक्रा सजाएर माता लक्ष्मीको स्वागत गर्दछन्। दीयो, बत्ती तथा दीप प्रज्ज्वलन गरिने पर्व हुनाले यसलाई दिपावली वा दिवाली भन्ने पनि गरिन्छ। लक्ष्मी पूजाको दिन

प्रातः कालमा गाई बाछीको पूजा गर्ने गरिन्छ र लक्ष्मी पूजाको भोलीपल्ट मात्र बाछो र गोबर्धन पूजा गरिन्छ। हुनत्, अरू हिन्दु समाजले पनि लक्ष्मी पूजा गर्ने गर्छन् तर नेपाली समाजमा लक्ष्मी पूजाको महत्त्व नै अर्कै छ। त्यसदिन सेल रोटी पकाइन्छ। पूजा सकेर त्यसदिन स्त्रीहरू भैली खेल्न जान्छन्। भैली पुरुषले पनि खेल्छन तर स्त्रीले खेलेको भैलीको ठूलो महत्त्व छ। स्त्रीलाई लक्ष्मीको रुप मानिन्छ। स्त्रीले खेल्ने भैलीमा तुक जोडेको हुन्छ। यिनीहरुले गाउने गीतलाई **भैलो** वा **भैलेनी** गीत पनि भनिन्छ। उदाहरणार्थ-

**भैलेनी आयौं आगन, बडारी कुडारी राखन**

**हे औंसीको दिन गाईतिहारो भैलो।**

पुरुषले खेल्ने भैलोमा एउट भट्टयाउने हुन्छ अरु भैलो राम भन्ने हुन्छन्। उदाहरणार्थः

भट्टयाउने- **हे झिलीमिली झिलीमिली**

अरु- **भैलो राम**

**केको झिलीमिली?**

**भैलो राम**

**केको फूल?**

**भैलो राम**

**सयपत्री, गदवारी हे फूलको झिलीमिली**

**भैलो राम आदि**

यस सम्बन्धमा एउटा पौराणिक मिथक यस्तो रहेको पाइन्छ। बली राजा महादानी राजा थिए। कुनै समयमा बलि राजाका सम्मुख बामन नाम गरेका बाउन्ने व्यक्ति दान माग्न गएका थिए। दान लिन गएका बाउन्नेले दानमा केवल तीन पाइला जमीन माग गरको प्रचलित कथा रहेको छ। विष्णुको वामन अवतार नै बाउन्नेको छद्म भेष हो। बाचा बन्धन गरेपछि बली राजाले आफ्नो शर्त अनुसार तीन पाइला जमीन बाउन्नेलाई दान दिए। तर छलपूर्वक वामनले एउटा पाइला टेकेर स्वर्ग, अर्को पाइला टेकेर पृथ्वी र अर्को पाइला टेकेर बलीलाई पाताल भसाएका थिए भन्ने किंवदन्ती पाइन्छ। फलस्वरुप तिनी पातालमा गएर बस्नु परेको थियो। तर तिनलाई वर्षमा तीन दिन पृथ्वीमा राज्य गर्ने वर्दान पनि तीनै वामनले दिएका थिए। भनाई छ आज पनि वर्षमा तिहारको तीन दिन बलि राजा राज्य गर्छन्। उनकै अनुमति र प्रचार पसारमा देउसे भैले घुम्ने गर्छन्।

दिपावलीको भोलीपल्ट. बिहान गोरु पूजा गरिन्छ।  त्यस रात देउसी खेलिन्छ। देउसी र पुरुषले खेल्ने भैली एउटै एउटै भए तापनि देउसीमा **भैलो राम**का सट्टा **देउसी राम** (देव श्री राम) भनिन्छ।

गोरु पूजाको भोलीपल्ट मनाइने पर्वलाई **भाइ टीका** भनिन्छ। यो तिहारको अन्तिम दिन हो। यसमा चेलीहरूद्वारा माइती दाजु भाइलाई आदर सत्कार गरी एउटा आसनमा राखेर पूजा गरी टीका लगाइदिने गरिन्छ। चामलको पिठोको लेपन बनाएर निधारमा पोतेर ठाडो लगाइन्छ। ठाडो टीकाको बीचमा पहेंलो, रातो, नीलो, वैजनी, हरियो आदि रङ्ग विरङ्गी अवीर  लगाइन्छ। नेपाली समाजमा मात्र नभएर भारतका अन्य हिन्दु सम्प्रदायका जातिमा पनि यो चाड मनाउने चलन छ। उनीहरू यसलाई **भाइ दूज** भन्दछन्।

यस चाडको मुख्य पकवान **सेलरोटी** हो। सेल रोटी चामलको पिठो कुटेर, त्यसलाई पानीमा घोलेर मर मसला, चीनि आदि हालेर ताइमा तेल तताएर त्यसमा कलापूर्वक ढङ्गमा गोला गोला फेरा पारेर बनाइन्छ। सोलरोटी एक फेरे या दुई फेरे हुन्छ। नेपाली जातिका पकवानमध्ये सेल रोटी प्रमुख पकवान हो।

**मकर-सङ्क्रान्ति**

नेपाली समाजमा मकर सङ्क्रान्तिको ठूलो महत्त्व छ। यसलाई नेपाली लोक भाषामा **माघे सङ्क्रान्ति** पनि भनिन्छ। यसदिन सूर्य धनुराशिबाट मकरराशिमा प्रवेश गर्छन्। यसपछि उत्तराइन लाग्छ र दिन लम्बिन् सुरू हुनका साथै रात घट्न थाल्छ।[६७]

यस चाडलाई भारतमा ठूलो मान्यता दिइएको पाइन्छ भने नेपाली समाजमा पनि यसको महत्त्व कम छैन। यो चाड आउन अघि नै ठाउँ ठाउँमा मेलाको तयारी गरिन्छ। विभिन्न प्रकारका पिङहरू लगाइन्छ। जाडोको उग्रता भए तापनि गर्मीको आगमनका आशामा मानिसहरू रमाइ रहेका हुन्छन्। मकर नुहाउन सखारै मानिस नदी, खोला तथा तलाउमा जान्छन्। त्यसदिन स्नान गर्नाले मोक्ष प्राप्ति हुन्छ भन्ने लोकविश्वास छ। हिन्दुहरू सङ्क्रान्तिमा गङ्गा स्नान गर्छन्। पूजा-पाठ गर्छन् र मेला घुम्न जान्छन्। उल्लासमय वातावरण सृजना गरिन्छ र माघे संक्रान्तिलाई महत्त्वपूर्ण चाढको रुपमा मनाइन्छ।

---

[६७] पूर्ववत्, पृ. २२

मकर सङ्क्रान्तिको मुख्य पकवान हो तरूल र कन्दमूल। पुष महिनाको अन्तिम दिन अर्थात् मकर सङक्रान्तिको अघिल्लो दिन उसिनेको तरूल भोलिपल्ट खाने गर्छन्। नेपाली समाजमा वन तरूलको ठूलो महत्त्व छ। अघिल्लो दिन पोलेको वन तरूल संक्रान्तिका दिन कूल पितृलाई चडाइन्छ साथै त्यसको तिलक बनाइ निधारमा लगाइन्छ। यसो गर्नाले कूल पितृको उद्धारका साथै आफूले पनि मोक्ष पाइन्छ भन्ने अर्को लोकविश्वास छ।

**श्रीकृष्ण जन्माष्टमी**

भदौ कृष्णपक्षको अष्ठमीका दिन भारत भरी भगवान् श्रीकृष्णको जन्म उत्सव धुम धामले मनाउने प्रचलन छ। यस उत्सवलाई नेपाली समाजले पनि मनाउने गर्छन्। भगवान श्रीकृष्ण लोकनायक हुन्। उनलाई भगवान विष्णुको दशौं अवतार मानिन्छ। कंश बध, महाभारतको युद्धमा पाण्डवहरूको प्रतिनिधि, गीता ज्ञान आदि कार्यहरूका कारण श्रीकृष्ण आज पनि हिन्दुहरूका नायक मानिन्छन्। तसर्थ उनको जन्मोत्सव आज पनि उत्तिकै श्रद्धा र भक्ति साथ गरिन्छ। ठाउँ-ठाउँमा पण्डाल लगाएर पूजापाठका साथ २४ घण्टा अखण्ड हरे राम हरे कृष्णको जाप गरि पूजा अर्चना र भजन कीर्तन गरिन्छ।

**गुरुपूर्णिमा**

आषाड महिनाको पूर्णिमालाई गुरुपूर्णिमा भनेर मनाउने प्रचलन छ। जुनै पनि जातिमा गुरुको महिमा उच्च छ। हिन्दु संस्कारमा पौराणिक कालदेखि नै गुरूलाई सर्वोच्च स्थान दिइएको पाइन्छ। आजको शिक्षा प्रणालीमा गुरुकूलको व्यवस्था हटेको छ। प्राचीन भारतमा प्रचलनमा रहेको गुरु शिष्य परम्परा आज पौराणिक ग्रन्थमा पाउनका साथै लोकमा किंवदन्तीका रुपमा पनि पाइन्छ। जसमा एक हो **गुरुभक्त आरुणिको कथा** र **एकलव्यको** कथा। आरुणिले गुरुको आज्ञानुरुप खेतमा कुलो लगाएर खेत थुन्न नस्कदा त्यसको आलीमा सुती पानी बारेका थिए। एकलव्यले गुरु द्रोणको मूर्ति बनाइ गुरु स्थापना गरेर धनुर्विद्या सिकेका थिए। उनलाई पनि थहा थियो कि गुरु विना ज्ञान सम्भव छैन। जब उनले गुरु द्रोणचार्यलाई भेटे तब गुरुदक्षिणाका रुपमा द्रोणचार्यले उनको दाहिने हातको बुडी औंलो मागे। गुरुको षडयन्त्र बुझेर पनि गुरुआज्ञा शिरोधार्य गरी एकलव्यले दाहिने हातको बुढी औंलो दिए। यसरी प्राचीन भारतमा गुरूका निम्ति शिष्य

समर्पित थिए। कवीरदास जस्ता सन्तले त गुरु विना ज्ञान नै सम्भव छैन भनेका छन्। उनले गुरुको महत्त्व भगवानभन्दा ठूलो मानेका छन्।[६८]

यो पर्व भारतीय समाजमा प्रचीन कालदेखि रहे तापनि हिजोआज सेप्टेम्बर महिनाको ५ तारिका सर्वपल्ली राधाकृष्णनको जन्म जयन्तीमा शिक्षक दिवस मनाउने प्रचलन छ। गुरुपूर्णिमामा धामी झाँक्रीले गुरु पुज्ने, नयाँ धामी बकाउने, मन्त्र-दीक्षा आदि दिएर सबै सेरगेमसहित धामी भएको घोषणा गर्ने चलन उत्तिकै प्रचलित रहेको पाइन्छ।

**फागुपूर्णिमा अर्थात् फगुवा / होली**

**होली** पर्व पनि पौराणिक कथालाई आधार मानेर मनाइन्छ। नेपाली फागुन महिनाको पूर्णिमाको दिन यो पर्व मनाइन्छ। भारतवर्षमा यस पर्वको ठूलो महत्त्व छ।यस पर्वसँग जोडिएको पौराणिक कथा यस्तो छ-

प्राचीन कालमा असुर राज हिरण्यकशिपु भगवान् विष्णुलाई आफ्नो ठूलो शत्रु मान्थे। कसैले विष्णुको गुणागान गरे ऊ मृत्यु दण्ड दिने गर्थे। उनकै पुत्र प्रह्लाद विष्णुको भक्त थिए।  भक्त प्रह्लादको विष्णु भक्ति देखेर कशिपुले प्रह्लादलाई पनि मार्न चाहे। त्यसमध्ये

[६८] पूर्ववत् पृ. ३४

एक हो **होलीका दहन**। होलीका नाम गरेकी हिरण्यकशिपुकी बहिनी थिइन् र उसलाई अग्निले जलाउन सक्दैन भन्ने ब्रह्माजीको बरदान प्राप्त थियो। दाजु हिरण्यको आज्ञाअनुरुप एउटा ठूलो चिता बनाएर बालक प्रह्लादलाई काखमा च्यापी भीषण आगो आगो भित्र पसेकी होलीका आगो निम्दा ऊ पनि खरानी भइसकेकी थिइन्। तर प्रह्लाद अग्निबाट सुरक्षित निस्केका थिए। यही अवसरमा त्यहाँ भेला भएका मानिसहरूले त्यस होलीकाको खरानीले एउटी राक्षसी मरेको खुशीयालीमा एक अर्कामा छ्यापि खेल्न थाले र त्यहीँबाट **होली** खेल्ने परम्परा बसेको हो। नेपालीहरू पनि फागु पूर्णीमाका दिन होली मनाउने गर्छन् र यसलाई **फगुवा** भन्ने गरिन्छ। विभिन्न किसिमका रङ्गविरङ्गी अवीर वा धुलोपीठोद्वारा होली खलेर उल्लास गरिन्छ। ठाउँ ठाउँमा भाङका लड्डु पनि बाड्ने गरिन्छ।

**रामनवमी / चैतेदशैं**

भगवान श्रीकृष्ण झैं श्रीराम पनि भगवान विष्णुको अवतार मानिन्छन्। उनी पनि त्रेतायुगका लोकनायक नै हुन्। यिनै श्रीरामको स्मरणमा चैत महिनाको कृष्णपक्षको नवमी तिथिमा जन्मोत्सव मनाइन्छ।

श्रीरामले जीवनमा तीन कर्तव्य पालन गरेर मानिसलाई तीन शिख (शिक्षा) दिएका छन्। मातृपितृ आज्ञा पालन, भातृ प्रेम र एक पत्निव्रता धर्मका लागि उनी प्रसिद्ध छन्-

**हे भाइ ! गर्छौ किन आज जिद्दी ।**

**फिर्नू असल् छैन र काम् न सिद्धी ॥**

**जान्छु म वन्मा तिमी फर्कि जाऊ ।**

**यस् राज्यको काम् तिमीले चलाऊ ॥**[६९]

यसरी श्रीरामले भरतलाई राजपाट सुम्पिएर वनवास गएकाले दाजु भाइको भातृ प्रेम आज पनि उत्तिकै लोकमा प्रसिद्ध छ।

यसैले श्रीरामलाई **मर्यादा पुरुषोत्तम श्रीराम** पनि भनिन्छ। यनै श्रीरामको जन्मउत्सवमा रामनवमी मनाइन्छ। नेपाली समाजले यसलाई **चैतेदशै** भनेर नवदुर्गाको पूजा गरी दशैं झै मनाउने गर्छन्।

---

[६९] भानुभक्त आचार्य, सन् २०६७, **भानुभक्तको रामायण**, छैटौं संस्करण, ललितपुर : साझा प्रकाशन पृ. १४

**वसन्तपञ्चमी / सरस्वती पूजा**

भारतीय आर्य समाज तथा नेपाली समाजमा विद्याको ठूलो महत्त्व छ। हिन्दु मान्यता अनुसार तीन देवीमध्ये महादुर्गा, महालक्ष्मी र महासरस्वती यी तीन देवीलाई शक्ति ऐश्वर्य र विद्याका देवीका रुपमा मान्ने चलन रहेको छ। यसै सन्दर्भमा सरस्वती बुद्धिदायिनी हुन। यिनको उपासनाले विद्या, बुद्धि, विवेक वृद्धि हुन्छ भन्ने मान्यता छ। शक्तिको पूजा नौ दुर्गाका रुपमा दशैंको अवसरमा गरिन्छ भने लक्ष्मीको पूजा तिहारको हर्षोल्लासमा गरिन्छ। माता सरस्वतीको पूजा माघ महीनाको शुक्लपक्षको पञ्चमी तिथिमा गरिन्छ। यसलाई **वसन्तपञ्चमी** वा **श्रीपञ्चमी** पनि भनिन्छ।

यसदिन माता सरस्वतीको पूजा हुन्छ। नेपाली समाजमा अर्को चलन के छ भने यस दिन नयाँ सालमा लगाइने तुलफूलको विजारोपण गरिन्छ। यसलाई साइत गर्नु भनिन्छ। विशेष गरेर मकैको खेतीका निम्ति यसो गरिन्छ। यसो गर्नाले वर्षभरी फसल राम्रो हुनुका साथै पछि साइत जुराएर अन्न लगाउनु पर्दैन भन्ने लोकविश्वास प्रचलनमा छ। यस दिन खेत गोरु लगाएर जोत्न वर्जित छ। यसदिन बाँसका छेस्काद्वारा खनेर वीउ रोप्ने प्रचलन छ।

**महाशिवरात्री**

हिन्दु धर्मानुरुप तीन शक्तिका तीन पुरुष पनि छ। ब्रह्मा, विष्णु र महेश, क्रमैले सरस्वती, लक्ष्मी र काली वा गौरीका पुरुष हुन्। यिनीहरूलाई **त्रिदेव** भनिन्छ। ब्रह्मालाई सृजनकर्ता मानिन्छ भने विष्णुलाई पालनकर्ता तथा महेश वा शिवलाई संहारकर्ता मानिन्छ।

फाल्गुन कृष्णपक्ष चतुर्दशीमा त्रिदेवमध्ये शिवको पूजा उपासना गरिन्छ। देवादिदेव मानिने शिवलाई **महादेव** पनि भनिन्छ। उनी संहारकर्ता तथा तमोगुणका अधिष्ठाता भएका कारण यस तिथिमा रात्रि शिवको पूजा गरिन्छ। यसकारण यस रातलाई **महाशिवरात्री** भनिन्छ।[७०]

हुनत, भारतीय हिन्दुधर्मावलम्बीहरूमा महाशिवरात्री उल्लासपूर्वक ढङ्गमा मनाइन्छ तापनि नेपाली समाजले पनि यस पर्वलाई आफ्नै ढङ्गमा पूजा पाठ गरेर मनाउँछन्। नेपाली समुदायका राई लिम्बु शिवको महिमा र गरिमामय ईश्वरीय शक्तिलाई मान्दछन् र किरातेश्वर शिव, बाह्र ज्योतिर्लिङ्ग आदिको पूजा अर्चना गर्दछन्।

---

[७०] उदयचन्द्र, वशिष्ठ, पूरववत्, पृ. ४७

**तीज**

भदौ महिनाको शुक्लपक्ष तृतीया तिथिमा पर्ने **हरितालिका तीज**को बढो महत्त्व रहेको पाइन्छ। तीजको  अघिल्लो दिन अर्थात् द्वितीय तिथिमा माइतीहरूले आफ्ना चेलीलाई घरमा बोलाएर मीठो मसिनो खान दिने प्रचलन छ। जसमा सेल रोटी, खीर, ढकने मालपूवा आदि पकवान बनाइन्छ। विशेष गरी चेलीहरूलाई सेल रोटी नै खुवाइन्छ कारण सेल रोटी घुमेर फन्को मारेको हुनाले चेली माइतीले त्यो खाए चाँडै भेट हुन्छ भन्ने विश्वास गरिन्छ। रोटी जस्तै परिस्थितिले घुमाएर भेट पार्छ भन्ने लोकविश्वास पाइन्छ। यसरी मीठो मसिनो खानुलाई नेपाली समाजले **दर खानु** भन्ने गर्दछन्।

दर खाएको भोलिपल्ट तृतीया तिथिमा निर्जला व्रत राखिन्छ। यो तृतीया तिथिमा परेको हुँदा यसलाई तीज भनिएको हो।[७१] तीजको व्रत लिनाले दाम्पत्य जीवन सुखमय हुन्छ तथा पति दीर्घायु हुन्छन् भन्ने लोकविश्वास पाइन्छ। विवाह नभएका किशोरीले पनि योग्य वरको कामनामा यो व्रत लिने गर्छन्।

---

[७१] पूर्ववत्, पृ. ५६

**ऋषि-पञ्चमी**

तीजको लगत्तै पछिका पञ्चमी तिथीलाई **ऋषि-पञ्चमी** भनिन्छ। यस दिन व्रत लिनाले र ऋषिहरूको पूजा गर्नाले नारीहरू सौभाग्यशाली बन्दछन् भन्ने लोकविश्वास पाइन्छ।[७२] यसदिन बिहानै उठी अपमार्गको औषधिको बुटाका १०८ डाँक्लाले दाँत सफा गर्छन्। यसपछि  शुद्ध माटो लगाएर नुहाउँछन् अनि पञ्चगव्य खान्छन्। दूध, दही, घिउ, गोबर र गउँत पाँच वस्तु ताँबाका पात्रमा मिलाएर साथै कुश, दूबो, जस्ता औषधि लगाएर बनाएको पदार्थ नै **पञ्चगव्य** हो। यसको सेवन गर्नाले चर्मरोग, क्षयरोग (टि बी) आदि रोग सर्दैन।[७३] यसरी मन र शरीर दुवै पवित्र पारेर दियो, कलशसहित गणेश देवताको पूजा गरी कश्यप, अत्रि, भारद्वाज, विश्वमित्र, गौतम, जमदग्नि र वशिष्ठ ऋषिको पूजा गरी ब्राह्मणलाई दान-दक्षिणा, भोजन आदि गराइ ब्रत समाप्त गर्दछन्।[७४]

---

[७२] पूर्ववत्, पृ. ५४

[७३] पूर्ववत्

[७४] पूर्ववत्

**नागपञ्चमी**

नेपाली जाति प्रकृति पूजक हो। नेपाली समाजमा देवी देउराली, खोला नाला, झील तलाउ आदि पुजनलाई अधिक महत्त्व दिइन्छ। यसरी हिन्दु समाजमा नाग वा सर्पलाई पनि देवता मान्ने प्रचलन छ। खाने पानीका मुहान सिमसार आदि स्थानमा नागको वास हुन्छ भनेर त्यस ठाउँको पूजा गरिन्छ।

पौराणिक कालबाट नै नागको पूजन गरिने प्रचलन पाइन्छ। हिन्दु पुराणअनुसार नागको ठूलो महत्त्व छ। भगवान विष्णुको शैय्या शेष नाग हो भने महादेव शिवको गहना नागका माला हो।

श्रावण महिनाको शुक्लपक्षको पञ्चमी तिथिमा नागको पूजा विधिविधानपूर्वक गरिन्छ। यस दिन नेपाली समाजमा पुरोहितहरूले घर-घरमा गएर नाग टास्ने प्रचलन छ। कागजमा बनाइएका नागलाई मूल ढोकाका बाहिर गोबरले टालेर दुबो लगाउने प्रचलन छ। यसो गर्नाले त्यस घरमा रोग, व्याधी आदिबाट मुक्ति पाइन्छ र रक्षा हुन्छ भन्ने लोकविश्वास पाइन्छ।

पानीका स्रोतमा पनि त्यस अवसरमा पूजा गरिन्छ। यसो गर्नाले नागको डरले पानीको स्रोतमा मैला गरिँदैन। यो एउटा लोक चेतना हो। जसले पानी दुषित हुनबाट बचाउँछ।

**रक्षाबन्धन (ऋषि तर्पणी)**

सावन महिनाको पूर्णिमा **रक्षाबन्धन** पर्व मनाइन्छ। यसलाई **जनै पूर्णिमा**, **ऋषितर्पणी पूर्णिमा** पनि भनिन्छ। भारतमा यसको पर्वको ठूलो महत्त्व छ। यसलाई भारतमा **राखी पूर्णिमा** पनि भनिन्छ।

यसदिन बिहानै नदीमा गएर नुहाउने प्रचलन छ। सबैभन्दा पहिला शुद्ध माटोले त्यसपछि खरानीले अनि गोबरले नुहाइन्छ। नुहाइसकेपछि तील, कुश-दुबो र अपमार्ग जस्ता स्वास्थवर्धक जडी-बुटी औषधीले शिरमा अभिषेक गरिन्छ। त्यसपछि ब्राह्मणलाई जनै दान गरी आफूले पनि मन्त्रेको शुद्ध नयाँ जनै लगाएर गायत्री जप आराधाना गरिन्छ। यसो गर्नाले वर्षभरिका जानी नजानी गरिएका पाप काटिन्छ र शरीर आत्म दुवैको शुद्धी हुन्छ भन्ने लोकविश्वास पाइन्छ। यसदिन ब्राह्मणद्वारा रक्षासूत्र अर्थात् रक्षाबन्धन लगाउने प्रचलन पनि छ। यो सुत्र वेद मन्त्रद्वारा फुकेर जगाएको डोर हो। यो धारण गर्नैले पाप, रोग, कष्ट, दुर्घटना आदिको सामना गर्नुपर्दैन भन्ने लोकविश्वास छ।

हिन्दु समाजमा दिदी बहिनीले आफ्ना दाजु भाइलाई राखी लगाउने प्रचलन छ। यसले दाजु भाइद्वारा दिदी बहिनी सुरक्षित हुन्छन् भन्ने विश्वास गरिन्छ। यसलाई **राखीको कर्ज** भन्ने गरिन्छ। साथै यो ऋण हो यसलाई तिर्नै पर्छ। हिजोआज राखीको महत्त्व नेपाली समाजमा पनि बड्दै गइरहेको छ।

**विश्वकर्मा पूजा**

हिन्दु मान्यतानुसार विश्वकर्मा देवशिल्पी अर्थात् देवताका कारीगढ हुन्। देवताका सबै अस्त्र शस्त्र  विश्वकर्माले निर्माण गरेको मानिन्छ। यसैगरी लङ्काको स्वर्णपुरी, द्वारिका धाम, भगवान जगन्नाथको मूर्ति आदि यिनले निर्माण गरेका हुन भन्ने पौराणिक ग्रन्थमा वर्णन पाइन्छ।[७५]

आश्विन एक गते अर्थात् आश्विन संक्रान्तिमा विश्वकर्मा पूजा लगाइन्छ। आश्विन संक्रान्तिमा यो पर्व पर्ने भए तापनि यसलाई हिजो आज १७ सितम्बरका दिन मनाइने प्रचलन छ र आ-आफ्नो वाहन, हात हतियार, कल पूर्जा, कलकारखाना आदिको पूजा

---

[७५] पूर्ववत्, पृ. ८३

गर्ने चलन रहेको पाइन्छ। साथै पण्डाल लगाइ बाबा विश्वकर्मको मूर्ति पूजा गर्ने र अर्कोदिन जलमा विसर्जन गर्ने प्रथा छ।

**सोलह सराध**

यो पितृ कार्य हो। आश्विन कृष्णपक्ष पूर्णिमादेखि औंसीसम्मका तिथिहरूलाई **सोलह श्राद्ध** गरिन्छ। यस अवधिमा पिता पूर्खाका नाममा एक छाक खाएर व्रत बस्ने प्रचलन छ। आफ्ना माता पिताको मृत्यु तिथि पारी पितृ महालय या मातृ महालय श्राद्ध गर्ने प्रचलन छ। यसो गर्नाले मरेर गएका पिता पुर्खाको आत्माले सुख शान्ति पाउनका साथै आफ्नो पनि सद्गति हुन्छ भन्ने लोकविश्वास छ।

**आषाढ पन्द्रह**

नेपाली समाजका निम्ति आषाढ पन्द्रह एउटा ठूलो चाड हो। यस दिन केरा चिउरा र दही खाने प्रचलन छ। यस विषयमा त महाकवि लक्ष्मीप्रसाद देवकोटाले निबन्ध नै लेखेका छन्।धानको खेती लगाएर वा लगाउँदै आनन्दित भएर नेपाली समाजले यो चाड खेती राम्रो होस् भन्ने कामनामा मनाउने गर्छ। 'आषाढ पन्द्रहमा दही चिउरा खानु, सब तीर्थ छोडी मालिक जानु' भन्ने चलन भएकाले रैती, पाखुरेहरू मालिक मान्ने गर्दछन्।'

**पुष पन्द्रह (पौष पन्द्र)**

पौष पन्द्रह पनि आषाढ पन्द्रह जस्तै चाड हो। खेती पाति उठाएर बसेको नेपाली समाज यस चाडलाई खिचडी खाएर मनाउने गर्छन्। यस दिन खिचडी खानाले मुक्ति पाइन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ।

**नेपाली वेशभूषा**

नेपाली समाज गरगहना र वेशभूषाले समृद्ध छ। नेपाली समाजमा लगाइने केही वेशभूषाको विवरण यसप्रकार रहेको छ-

**टोपी**

शिर ढाक्न लगाइने वश्त्र हो **टोपी**। टाउको, टुप्पो वा शिरमा लागउने भएकालै नै यसको नाम टोपी भएको हो।[७६] नेपाली समुदायमा बिर्केटोपी, ढाकाटोपी, भाद्गाउँले टोपी आदि टोपी लगाउने प्रचलन छ। जसलाई नेपाली टोपी भनेर चिनिन्छ। बिर्केटोपी केतलीको बिर्को जस्तो हुन्छ। प्राय: यो कालो रङ्गको हुन्छ। यसको प्रचलन हिजो आज हराउँदै गइरहेको छ। हिजो आज भाद्गाउँले टोपी, ढाका टोपी, कश्मीरा टोपी र खद्दर

---

[७६] युद्धवीर, राणा, पूर्ववत्, पृ. ५०

टोपीको प्रचलन धेरै देखिन्छ। भादगाउँले टोपीचाहिँ खिपेर सिइएको तथा गरैगरा परेको, कालो र बलियो बाक्लो नेपाली टोपी हो।

**फेटा**

शिरलाई कानसम्म ढाकेर छोप्ने गरी बाँधेको साधा कपडा नै वास्तवमा **फेटा** हो। यो नरम कपडाले बनेको हुन्छ। यसलाई **पगडी** पनि भनेको पाइन्छ। पहिला-पहिला समाजका गण्य-मान्य नेपालीहरूले फेटा-पगडी बाँध्ने गर्दथे। अचेल यसो गरेको पाइँदैन्। हिजो आज त फेटा बाँध्ने प्रचलन नै हराएको छ। विवाहमा बेहुलाको शिरमा भने अझ पनि फेटा बाँधेको देख्न पाइन्छ।

**पेटे भोटो**

पुरुषहरूले लगाउने दौराको आदि रुप **पेटे भोटो** हो। पुरुषहरूका निम्ति भोटो र स्त्रीरहरूका निम्ति चोलो हो। भोटोको लम्बाई दौरा झैं हुँदैन। यसको लम्बाइ भने कमरमुनिदेखि र जाँधमाथिसम्म पुग्ने हुन्छ। आधुनिक समाजमा यसको प्रचलन हराएको पाइन्छ।

## दौरा

नेपालीलाई अरु जातिबाट भिन्न बनाउने चिन्हारी नै पहिरनका वेशभूषा हुन्। त्यसमा पनि पहिलो पङ्तिमा आउने **दौरा सुरुवाल** नै हो। दौराको कटाइ र छँटाइ भोटोको झैं भए तापनि यो भोटोभन्दा लामो हुन्छ। यो घुँडाबाट दुई तीन इन्चमाथिसम्म हुन्छ। यसमा चार ठाउँमा तुना लगाइएको हुन्छ।

## अस्कोट

यो कोटका भित्र वा दौराका बाहिर पहिरने वस्त्र हो। **वेस्टकोट** शब्दबाट **अस्टकोट** भएको हो।[७७] यसलाई **अस्टकोट** वा **इस्टकोट** भनिएको पाइन्छ। यसलाई बाहुलाबिनाको सानी कोट वा भित्रीकोट पनि भन्न सकिन्छ। यो कमरसम्म लमाइको हुन्छ। दौरा सुरुवालमा अस्कोट नभए पहिरन अधुरो नै देखिन्छ। इस्टकोट नेपाली दौरा सुरुवालमा पनि राम्रो देखिन्छ उति नै पाश्चात्य पोषाकमा पनि सुहाउँछ। त्यसैले होला यो आज पनि नेपाली समाजमा उत्तिकै प्रचलित छ।

---

[७७] पूर्ववत्

## सुरुवाल

कम्मरमुनि लगाउने वस्त्रलाई **सुरुवाल** भनिन्छ। यो विशेष गरि दौरासँग लगाइने हुनाले **दौरा सुरुवाल** भनिन्छ। **यो सुरिलो भएको कारण यसलाई सुरुवाल भनिएको हुनसक्छ** भन्ने भनाइ युद्धवीर राणा को रहेको छ।[७८]

## लगौंटी

एक हात लामो कपडाको लगौंटीमा घुसारेर गुप्ताङ्ग ढाक्ने वस्त्र नै वास्तवमा **लगौंटी** हो। विशेष गरेर यो पुरुषहरूले प्रयोग गर्दछन्। आजकल यसको प्रयोग कम गरिए तापनि पितृ कार्य जस्तै क्रिया, सराध आदिमा लगौटी नै लगाउनु पर्ने विधान छ। कतिपय धर्म, कर्मका निम्ति गरिने अनुष्ठानमा पनि यो प्रयोग गरिएमा उत्तम हुन्छ भन्ने लोकविश्वास छ।

[७८] पूर्ववत् पृ ५२

**कछाड**

कम्मरबाट घुँडासम्म बेह्रेर लगाउने वस्त्र **कछाड** हो। यो धोतीको सानो रुप हो। उहिले यसको चलन चल्ति धेरै भए तापनि अहिले पैण्टको प्रचलनले यसको व्यवहार हराएर गएको छ।

**धोती**

कछाडको परिवर्तित रुप **धोती** हो । नौ दश हात लामो पिँडौला ढाकेर दुवै खुट्टामा एक फेरो ढाक्ने गरी र माझ जाँघबाट एक पाटो पछिल्तिर लगी कमरमा घुमाएर लगाइन्छ। उहिले छेत्री-बाहुन समाजमा यसको प्रचलन थियो। अहिले आधुनिक पेण्टले यसको ठाउँ ओगटी सकेको छ। यति हुँदा हँदै पनि गुरु पुरोहितहरूले आज पनि हवन कार्यमा यही वस्त्र पहिरन गरेको पाइन्छ। भारतीय मदेसिया समुदाय मारवाडी समुदाय र बङ्गाली समुदायमा यसको प्रचलन देखिन्छ।

**कँधौरी**

काँधवरिपरि एक फन्को मारी लगाइने वस्त्रलाई **कँधौरी** भनिन्छ। आज त्यसैको परिमार्जित रुप गलबन्दी लगाइन्छ। घाँटीमा चिसो नलागोस् भनि यसको प्रयोग गरिन्छ।

**पटुका**

पटुका कम्मरमा बाँध्ने वस्त्र हो। यसले शरीरलाई दह्रो पार्छ। उकाली ओरालीमा भारी बोकेर हिँड्न सजिलो होस् भन्न खातिर यसको प्रयोग गरिन्छ। यसले कम्मर र पेटलाई टिमिक्क कँसेर राख्छ। तसर्थ, उकालो ओरालो हिँड्दा शरीर सड्किने मर्किने आशङ्का रहँदैन। पटुकाको पहिरनले पेट बड्ने समस्या हुँदैन भन्ने लोकविश्वास पनि छ।

**गुन्यौं (गुन्यु)**

यो स्त्रीहरूले पहिरिने वस्त्र हो। यसैको परिमार्जित रुप साडी वा फरिया हो। नेपाली समाजमा साडीको प्रचलन पनि कम छैन्। विवाह उत्सव आदिमा साडीको ठूलो महत्त्व रहन्छ। छिट्को फूलबुट्टे साडी र ढाकाको साडी त नेपालीको पहिचान नै बन्न गएको छ।

**चोलो**

स्त्रीहरूले आङमा लगाउने वस्त्र **चोलो** हो। कम्मरमुनि साडी वा गुन्यौं लगाउछन भने कम्मरमाथि चोलो लगाउँछन्। यो झन्नै दौरा झैं बनावटको हुन्छ। चार ठाउँमा बाँध्ने भएको कारण यसलाई **चौबन्दी चोलो** पनि भनिन्छ।

**मज्यात्रो**

जसरी पुरुषहरू जाडोबाट बाँच्न शिरमा टोपी लगाउँछन उसरी नै स्त्रीहरूले औड्ने वस्त्र हो **मज्यात्रो**। यो ढेड दई हात लामो हुन्छ। विवाहित स्त्रीहरूले रातो मज्यात्रो ओड्छन्। विधवाहरूले रातो वस्त्र पहिरन गर्ने प्रचलन छैन्। त्यसैले उनीहरू सेता वा अरु रङ्गको मज्यात्रो ओड्छन्।

**पछ्यौरा**

यो पनि एक प्रकारको पातलो ओडनी हो। एकसरो बर्को, खास्टोझैं फेरो मारी दुपट्टाजस्तो पारेर वेह्निने वस्त्र पछ्यौरा हो। बर्को, फरिया वा गुन्यु लगाएपछि त्यसलाई पछाडिपट्टि कम्मरमुनि सपक्क बाँधेर कम्मर अड्याउने वस्त्र हो बर्को।

**लाछा**

यो एक प्रकारको कपाल वा केशमा लगाउने डोरी हो। स्त्रीहरूले आफ्नो कपाल बाट्दा यो पनि साथमा मिलाएर बाट्ने गर्दछन्। यसले नारी सौन्दर्यमा शृङगार थप्ने कार्य गर्दछ।

**नेपाली गहना**

नेपाली वेशभूषा झैं नेपाली गहनाको पनि उत्तिकै महत्त्व छ। नेपाली समाजमा विभिन्न किसिमका गर-गहना छन्। केही प्रमुख नेपाली गहनाको वर्णन यहाँ गरिन्छ-

**शिरफूल**

यो शिरमाथि लगाउने गहना हो। यसमा सुनको पातोमा सुन्दर फूलबुट्टा खोपिएको हुन्छ। यही फूलबुट्टा र शिरमा लगइने हुनाले यसलाई **शिरफूल** भनिएको होला। यसको केन्द्रमा रत्न जडेको हुन्छ।

**शिरबन्दी**

यो पनि शिरमा नै लगाउने गहना हो। कानको माथिदेखि शिरको वरिपरि तथा माझ सिउँदोमा निधारसम्म लुर्को पारी लगाउने गहना नै **शिरबन्दी** हो। शिरलाई वरिपरिबाट छेक्ने भएको कारण यसलाई शिरबन्दी भनिएको हो। निधारमाथि गोल फूलीसरह बनाइएको हुन्छ त्यसको माझमा रत्न लगाइएको हुन्छ। यो गहना प्रचलनमा हराइसकेको छ। तथापि विवाहमा दुलहीले यसको प्रयोग गर्दछन्।

**फुली**

नाकको देब्रे पाटोमा प्वाल पारी लगाउने गहना **फूली** हो। यसलाई **ढुङ्ग्री** पनि भनिन्छ। फूलीका विटमा काँडा हुन्छन् भने बीच भागमा सानो रत्न वा पत्थर जडेको हुन्छ। फूलीका ढाँचा तीन प्रकारका हुन्छन्। बुलाकी पनि तीन प्रकारका हुन्छन। सादा मुन्द्री, झुम्के बुलाकी, र पाते बुलाकी।

**सादा बुलाकी-** सादा बुलाकी सबभन्दा सानो हुन्छ। यो नाथ्रो छेडेर लगाइन्छ। यसमा फूल बुट्टा केही हुँदैन त्यसैले नै यसलाई सादा बुलाकी भनिएको हो। केवल माझमा एउटा टीको टाँसिएको हुन्छ।

**झुम्के बुलाकी-** सादा बुलाकीको परिवर्तित रुप झुम्के बुलाकी हो। यसमा बुट्टा भरिएको हुन्छ औ टुप्पोमा तीनवटा झुम्का झुण्डाइएको हुन्छ। यसले लगाउँदा माथिल्लो औठ ढाक्ने हुन्छ। यसले खाना खाँदा अल्झाउने सम्भावना हुन्छ। यसको बीचमा सानो रातो, हरियो अथवा निलो रङ्गको पत्थर लगाइएको हुन्छ।

**पाते बुलाकी-** पाते बुलाकी र झुम्के बुलाकी एकै भए तापनि यसको टुप्पोको झुम्काको आकार पात जस्तो हुन्छ। माझमा भएको पत्थर झुम्के बुलाकी समान हुन्छ।

**नथिया, फूली, नथ्था**

नाकको देब्रे पाटो जहाँ फूली लगाइन्छ त्यही प्वालमा नथिया पनि लगाइन्छ। यो सुनको हुन्छ, चार आनी, आठ आनी दक्षअनुसारको सानोठूलो बनाएर लगाइन्छ। यो मुन्द्रीभन्दा गोलाइमा निक्कै फराकिलो हुन्छ औ यसका माझमा बेरूवा ढाँचाले सजाइएको हुन्छ।

**ढुङ्ग्री**

यो कानमा लगाउने गहना हो। यो दुई इन्चसम्म च्याप्टो, बाक्लो र बुट्टेदार हुन्छ। यसमा बुट्टा भरिएको हुन्छ। यसको खुट्टा कानको बीचमा छेडेको प्वालमा हाली पछाडी पट्टिबाट दुवै कानमा पेच लगाइन्छ।

**गदवारी**

यो पनि ढुङ्ग्री नै हो, तर यसमा खुट्टा हुँदैन। लगाउने विधि पनि एकै भए तापनि यसमा सुन वा धागो बाटेर खुट्टा झैं पारिएको हुन्छ औ त्यही धागोलाई कानको प्वालमा हाली पछाडीबाट गाँठो पारी वा पेच लागइ अड्काइन्छ।

### मारवाडी

कानको लोतीको प्वालमा लगाइने गहना **मारवाडी** हो। यसका पनि दुई तीन प्रकार हुन्छन्। केही मसिना काँडा भएका हुन्छन भने कसैमा त पत्थरसम्म जडेका हुन्छन्।

### चेप्टे सुन

नेपाली समाजमा उहिले च्याप्टे वा चेप्टो सुनको ठूलो महत्त्व थियो। धनी घरानाको शान शौकत देखाउन स्त्रीहरूलाई चेप्टे सुन लगाइन्थ्यो। जति ठूला चेप्टे सुन त्यति नै ठूलो धनी परिवार। यो पनि कानकै गहना हो। यो कानका लोतीमा लगाउने सुनका बाटुला थालजस्तै पाता भएका जसमा वरिपरि विट औ माझमा ठाडो बुट्टाका साथ रातो वा निलो पत्थर जडेको गहना हो। यसको प्रचलन हराइसकेको छ। कारण यसले कानको आकार नै बिगारी दिन्छ। यसको धेर वजन भएका कारण यसले कानको प्वाल नै ठूलो पार्ने गर्छ।

### हारी

चाँदीका पैसाद्वारा बनाइका मालालाई **हारी** भनिन्छ। यसमा कम्पनी रुपियाँ, आठानी, चारानी चाँदीका मुद्रामा गोल बुट्टा बनाइ धागोले डोरीमा उनेर गलामा लगाउने माला

हो। कसै कसैले यो मालाको माझमा जन्तर पनि लगाउँने गर्छन्। अचेल चाँदीका पैसाको प्रचलन हराउँदै गएको कारण यो माला पनि नेपाली समाजबाट लुप्त भइसकेको पाइन्छ।

### जन्तर

जन्तर सुन वा चाँदिको हुन्छ। कसैले एउटा वा कसैले तीनवटा जन्तर हारीमा उनेर लगाउँने प्रचलन नेपाली समाजमा थियो। हिजो आज भने जन्तरको प्रचलन हराइसकेको छ। यसको मुख्य भागमा गणेश, शूर्य, देवी, शङ्ख, चक्र आदिको बुट्टा बनाइएको हुन्छ।

### नौगेडी

नेपाली समाजमा नौगेडी सुनको ठूलो महत्त्व पाइन्छ। जम्मा नौ दाना वा गेडा सुन गलामा लगाउने प्रचलन छ। यी दाना जन्नै मटयाङ्ग्रा जत्रा हुन्छन्। कसैले कपडाका डल्लासँग घाँटीमा धारण गरेका हुन्छन भने कसैले पोते र मुगाका दानामा गेडी मिलाइ धारण गरेका हुन्छन्।

## तिलहरी

नेपाली समाजमा अझसम्म प्रचलनमा रहेको गहना हो तिलहरी। तिलहरी लगाउनु ठूलो सौभाग्यको कुरा ठानिन्छ। यो एक इन्चदेखि लिएर तीन इन्चसम्म लामो काँडै काँडा भएको हुन्छ। यसलाई पोतेमा उनेर छातिमाथि ठिक्क अडिने गरी लगाइन्छ। यो सुनको नै हुनुपर्दछ अरू धातुको तिलहरी लगाईँदैन। यसको भित्रीभाग खोक्रो हुने हुनाले त्यसमा लाहा लगाइ पहिरण योग्य बनाइन्छ। कसै कसैले काँधमा भिरेर पोतेको लठ्ठारोमा ठूलो आकारको छड्के तिलहरी पनि लाउने गर्छन्।

## पोते

पोते सुन वा चाँदीले बनिएको हुदैन। यति हुँदा हुँदै पनि यसको महत्त्व नेपाली गहना धेरै पाइन्छ। विवाहको समय बेहुलाले बेहुलीलाई मङ्गल सूत्र लगाउँदा पोतेमा नै उनेर लगाइने हुन्छ। प्रतेक विवाहिता नेपाली नारीको कण्ठमा पोते हुन्छ। पोते काँचका मसिना दानाद्वारा बनाइएका हुन्छन्। पोते रङ्ग विरङ्गी हुन्छन जसलाई जुन रङ्ग मनपर्छ त्यही धारण गर्ने गरिन्छ। तर मुख्य रुपले हरियो रङ्गको पोते नै नेपाली नारीहरूले मन पराएको पाइन्छ। विवाहित स्त्रीहरूले मात्र हरियो पोते धारण गर्दछन्।

**चुरा**

चुरा नेपाली समाजमा विभिन्न किसिमका लगाउने प्रचलन छ। सुन चाँदीका चुरालाई **चुरी** भनिएको पाइन्छ। सक्नेले सुनका चुरी लगाउँछन् भने नसक्नेले चाँदी र पित्तलका चुरी लगाउँछन्।

हातमा लगाउने स-साना काँचका चुरीलाई **चुरा** नै भनिन्छ। नेपाली विवाहमा बेहुलाले बेहुलीलाई चुरा र पोते अनिवार्य रुपमा दिनुपर्ने हुँदा यसको ठूलो महत्त्व छ। स्त्रीहरूका हातमा सदैव चुरा वा चुरी हुनुपर्छ। खाली हात कहिले वस्नु हुन्ने नत्र अपसकुन हुन्छ भन्ने लोकविश्वास पनि नेपाली समाजमा व्याप्त छ।

**कल्ली**

कल्ली खुट्टामा लगाउने गहना हो। यो चाँदिको हुन्छ। कल्ली सादा वा काँडे दुवै प्रकारको हुन्छन्। यो साह्रे गह्रुङ्गो र हिँड्दा खुट्टाको गोलीगाँठामा ठोकिनेहुनाले यसको प्रचलन हराइसकेको छ। यसको सट्टा पाजेब बनाएर लगाउने प्रचलन बडेको छ। पाजेबलाई पायल पनि भनिन्छ।

## नेपाली जातीय खानपान

कुनै पनि जातिको चिन्हारी तिनीहरूका जातीय खानपानले बोकेको हुन्छ। सामर-इड्लीको कुरा चल्यो भने दक्षिण भारतीय जाति र हाका नुडल्सको कुरा चल्दा चिनी जाति याद आइहाल्छ। यसरी नै नेपाली समाजका चिन्हारी परम्परागत बनाइल्याएका केही खानेकुराले दिन्छ जसको  वर्णन यहाँ गरिन्छ-

## सेल रोटी

नेपाली संस्कृतिमा परम्परागत रुपमा आज पनि उत्तिकै महत्त्वपूर्ण मानिने पकवान **सेल रोटी** नै हो। चामलको पिठोमा सख्खर, गुँड, चिनी, र विभिन्न प्रकारका मसला साथै पानी पनि लगाएर एक प्रकारको घोल तयार पारिन्छ। त्यस पछि फलाम, कीट वा ताँवाका ताइ वा तावामा तेल तताएर त्यसमा त्यो घोललाई गोला गोला पारी झारिन्छ। जब त्यो पूर्ण रातो हुन्छ तब त्यसलाई झीरले निकालेर डालामा राखिन्छ। त्यसपछि घरको कूलदेव र नयाँ देवलाई चडाएपछि त्यो खान योग्य हुन्छ। नेपाली समाजमा कुनै पनि परमपरागत पकवान पकाइन्छ त्यसलाई सर्वप्रथम कूल अनि नयाँ देवलाई भोग लगाइन्छ। नेपाली समाजमा यसो गरिनु एउटा लोकविश्वास हो। विशेष गरेर तिहारमा

सेलरोटी पकाइन्छ। हुन त यसलाई बाह्रैमास पकाउन सकिन्छ ता पनि जाडोको मौसम जस्तै माघे संक्रान्तिम, तिहार तथा गरममा पनि झरीको मौसम तीज जस्ता चाडमा पकाउने प्रचलन छ।

**ढकने**

चामललाई घीउमा भुटेर रातो पारी त्यसमा दूध, चिनी, मसला, आदि मिसाएर पकाइने नेपाली पकवान **ढकने** हो। विशेष गरेर यो तीज आदि चाडपर्वमा बनाउने परम्परा छ। यो बाह्रैमास बनाउन सकिन्छ।

**भुक्के रोटी / बाबर**

यो खदिलो र बाक्लो हुन्छ। यस्तै भुक्के रोटी पातमा पिठो पथारेर पातैले छोपी तावा वा भुङ्ग्रोमा हाली पकाइन्छ। यसलाई **रोटो** पनि भनिन्छ। पिठोलाई घोलेर वा रयालेर सेल रोटी पाकाए झैं तावामा बाक्लो पारी पकाएको रोटीलाई पनि बाबर भनिन्छ। सेल रोटी पकाइ सकेर रहेको पिठोलाई बाबर पकाउने प्रचलन पनि छ। यो विशेष गरेर दिउँसोको खाजाका रुपमा खाइन्छ।

**कुराउनी**

नेपाली समाजल गौपालनमा सिपालु मानिन्छन्। गोठ पालेर बस्ने हुनाले यिनीहरूलाई गौरक्षक पनि भनिन्छ। उहिल्यैका समयमा त एउटा व्यक्तिको १००सम्म गौ हुने गर्थे। हिजो आज भने मात्रा घटेको छ। गाईबाट दूध, घीउ, दई, आदिका साथै कुराउनी पनि बनाउने गरिन्छ। दूधलाई तबसम्म पकाइन्छ जबसम्म त्यो सुकेर एउटा डल्लो हुँदैन। वास्तवमा दूधको पाकेको क्रिम नै कुराउन्नी हो। तर यसलाई बनाउन्न धेरै दाउराको खर्च हुनका साथै खाँट्टी दूध पनि धेरै चाहिन्छ। हिजो आज कुराउनी पकाउन छोडिएको छ तापनि बाह्रै मास कुराउनी पकाउन सकिन्छ।

**खिचडी**

दाल, चामल, नुन, तेल आदि हालेर एउटा भाँडा/भड्डुमा पकाइएको पकवानलाई **खिचडी** वा **खिच्रो** भनिन्छ। मुख्य रुपले यसलाई पूष १५का दिन पकाइन्छ। त्यस दिन यो खानाले अपगति परिन्छ भन्ने नेपाली लोकविश्वास छ। जाडो महिनामा यो लाभदायक छ। शरीरलाई यसले ताप दिन्छ।

### खीर

चामललाई दूधमा भात जस्तो पकाएर खाने पकवान **खीर** हो। यसलाई परिपक्क पार्न विभन्न मसला चिनी इत्यदिको प्रयोग गरिन्छ। यो विशेष गरेर तीजमा पकाइए तापनि बाह्रै मास यो पकाउन सकिन्छ।

### कँसार

नेपाली समाजमा विवाह र व्रतबन्ध बनाइने मिठाइ **कँसार** हो। यसलाई केवल विवाह र व्रतबन्धमा मात्रै बनाइन्छ। यो गोलाकार हुन्छ। कँसार बिहे बटुलोमा बनाइने नेपाली जातिको विशेष खानपान मानिन्छ।

### सिन्की

मुलालाई कुटेर खाडल, बाँसको ढुङ्ग्रो आदिमा एगार बाह्र दिन पास राखि अमिलो भएपछि निकालेर घाममा सुकाएर राख्ने कुरा सिन्की हो। यसलाई आलै तोरीको तेलमा साँधेर अचार बनाएर पनि राख्न सकिन्छ। सुकाएर राखेको सिन्की अपर्झट गर्ज टार्न भुलुक्क उमाली झोल बनाएर खान सकिन्छ। यो धेरै स्वादिलो हुनका साथै पाचन शक्ति समेत वृद्धि गर्ने लाभदायक रस मानिन्छ।

**गुन्द्रुक**

सिन्की र गुन्द्रुक बनाउने प्रकिया एउटै भए तापनि गुन्द्रुक रायोको साग, मुलाको साग, तोरीको साग, दूध मानेको डाँक्ला आदिको बनाइन्छ। यसलाई पनि तत्काल सब्जीको गर्ज टार्न र छिट्टै पकाउन सकिने पेय पदार्थ मानिन्छ। विशेष गरेर गाउँवस्तीमा गुन्द्रुक साँधेर कनिकाका पूवाँ, चाम्रे आदिसँग खाइन्छ भने गुन्द्रुक झोल, सिन्की झोल भनेर खूबै रूचिकर पाच्य, स्वादिलो झोलको रुपमा सेवन गरिन्छ।

**हात-हतियार**

नेपाली समाजमा विभिन्न प्रकारका पारम्परित हात हतियारको प्रयोग व्यापक रुपमा गरिन्छ। नेपाली हात-हतियारलाई यसरी वर्गीकरण गरी हेर्न सकिन्छ-

**फलामका हात-हतियार**

नेपाली जातिमा प्रमुख रुपमा प्रयोग गरिने फलामका हात-हतियार यस प्रकार छन्-

**खुकुरी**

नेपालीको जातीय अस्त्र हो **खुकुरी**। खुकुरीको गरिमा र महिमा यहाँ गरेर सम्भव हुँदैन। खुकुरी धेरै प्रकारका हुन्छन्, जस्तै लामपाते खुकुरी, सिरूपाते खुकुरी, कोथेमोडा, भोजपुरे खुकुरी आदि। यसलाई नेपाली जातिको गौरव मानिन्छ।

**बञ्चरो**

विशेष गरेर दाउरा चिर्न र मुडा गिँड्नका निम्ति प्रयोग हतियारको नाम बञ्चरो हो। नेपाली जाति पाहाडमा धेरै बसो बास र दाउरा घाँससँग सम्बन्ध राख्ने भएकाले यो अस्त्र धेरै उपायोगी मानिन्छ।

**हँसिया**

रुखका सानातिना हाँगा विँगा छाँस्दा र काट्दा प्रयोग गरिने विशेष प्रकारको हतियारलाई **हँसिया** भनिन्छ। कँचिया पनि हँसिया जस्तै हुन्छ तर कँचियामा मसिना दाँते धार हुन्छ भने हँसियामा केवल धार मात्र हुन्छ र केही ठूलो आकारको हुन्छ।

### चुलेंसी

सब्जी काट्दा प्रयोग गरिने हतियार हो **चुलेंसी**। नेपाली स्त्रीहरू यो हतियार चलाउन खप्पिस हुन्छन्। यो हतियारमा काम गर्न साह्रो पर्छ तर जब यो चलाउन सिकिन्छ तब त्यसले कुनै पनि तरकारी काट्ने काम अत्यन्त चाँडो गर्न सक्छ। यो उत्ताने हतियार हो। यसमा फलामका दुईटा खुट्टा हुन्छन्। यो चरा झैं टुक्रुक्क बस्छ। यसको च्याप्टो पुच्छर टेकेर मात्र चुलेंसीको प्रयोग गर्न सकिन्छ।

### चिम्टा

अँगेनाबाट कोइला निकाल्न बनाइको खास हतियारलाई **चिम्टा** भनिन्छ। यसले कुनैपनि वस्तुलाई च्यापने भएकाले यसलाई चिम्टा भनिएको हो। तावामा रोटी पकाउँदा यसको प्रयोग गरिन्छ।

### ओदान

अँगेनाको आगोमाथि अथवा आगोमा केही चिज पकाउनका निम्ति भाँडा राख्न लगाइने वस्तुलाई **ओदान** भनिन्छ।

**झीर**

फलामको तिखो भालालाई **झीर** भनिन्छ। विशेष गरेर बाँस, काठ आदि वस्तुलाई छेड्न प्रयोग गरिन्छ। यसलाई तताएर रातो पारेर छेड्ने गरिन्छ। ताबाबाट सेल रोटी या बाबर आदि निकाल्न पनि प्रयोग गरिन्छ।

**खेतीका हतियार/औजार**

विभिन्न किसिमका खेतीपातीका निम्ति विभिन्न प्रकारका खेतीसम्बन्धित हतियारको प्रयोग गरिन्छ। केही प्रमुख हतियारको वर्णन यहाँ गरिन्छ-

**काँटा**

त्रिसुलको जस्तो तीनवटा काँडा निकालेर बनाइएको फलामको वस्तुलाई काँटा भनिन्छ। यो खेत तथा बारीमा खन्न प्रयोग गरिन्छ। यसमा काठको लामो बिंड लगाएर चलाउन योग्य बनाइन्छ। कोदालो, फरुवा, कोदाली आदि पनि खन्न प्रयोग गरिने औजारहरू हुन्।

**खन्ती**

खन्न प्रयोग गरिने लामो भाला जस्तो वस्तु नै खन्ती हो। यो विशेष डोब खन्न प्रयोगमा आउँछ। यसको खन्ने भाग फलामको हुन्छ उँभो बिँड काठको लगाएको हुन्छ।

**फरूवा**

कोदालोको ठूलो रुप नै फरूवा हो। यो पनि खन्न प्रयोग गरिन्छ।

**हलो**

खेत जोत्न प्रयोग गरिने पारम्परित किसिमको हतियार हलो हो। यसलाई गोरुको माध्यमद्वारा चलाइन्छ। यो काठको हुन्छ। यसको टुप्पोमा फलामका करुवाले फलामकै फाली लगाएको हुन्छ। यसमा काठको हरिस, काठकै जुवाको प्रयोग गरेर जोत्न योग्य बनाइन्छ।

**दाँदे**

धान रोप्दा हिलो मिलाउन प्रयोग गरिने वस्तु दाँदे हो। यसलाई पनि हलो जस्तै गोरुका माध्यमले प्रयोग गरिन्छ।

**खर, पराल, पात एवम् भेडाका भुत्लाद्वारा निर्मित वस्तुहरू**

मुख्य रुपमा नेपाली समाजमा प्रयोग गरिने खर पराल तथा पातका वस्तुहरू यस प्रकार छन्-

**गुन्द्री**

भुईंमा बस्न तथा खाटमा बिछ्याउन बनाइएको परालको वस्तुको नाम हो गुन्द्री। यसलाई बुन्न तान लगाउनु पर्छ। उहिले तानका लागी लोक्ता बाटेर प्रयोग गरिन्थ्यो। अँरगेली तथा कात्तेको बोक्रालाई लोक्त्यार निकालेको पाटलाई **लोक्ता** भनिन्छ। हिजो आज प्लास्टिकको डोरी सहजै उपलब्ध हुनाले लोक्ताको प्रचलन हराउँदै गइरहेको छ।

**गजरा**

गजरा पनि गुन्द्री जस्तै परालको बिछौना नै हो। यसको बनावट गुन्द्रीको भन्दा केही ठूलो च्याप्टो किसिमको हुन्छ। यसलाई बुन्न तान लगाउनु पर्दैन।

## कुचो

अम्लिसोको फूललाई **कुचो** भनिन्छ।यसलाई चोया या पाटले बाटेर घर बडार्न प्रयोग गरिन्छ। कुचाको बारेमा विभिन्न लोकविश्वास नेपाली समाजमा विद्यमान छ। जस्तै — कुचो ठाडो पार्नु हुँदैन। यसो गर्नाले शत्रु ठाडा हुन्छन्। कुचो नाङ्घनु वा टेक्नु हुँदैन। कुचाले जतातते फोहोर जुठो बडार्नु हुँदैन। यदि कुचोमा खुट्टा लाग्यो भने ढोगेर क्षमा माग्नुपर्छ वा विष्णु विष्णु भनेर पुनः पवित्र पार्ने चलन पाइन्छ।

## राडी

विछौनामा प्रयोग गरिने घरवुना गलैचा जस्तो वस्तु हो **राडी**। यो भेडाका ऊनद्वारा बनाइन्छ र देव वा पितृकार्यमा प्रयोग गरिन्छ।

## ठहर

उहिले आज जस्तो भाँडा वर्तन थिएन। तसर्थ विवाह पूजा-आजा आदि काममा पातद्वारा निर्मित वस्तुहरूको प्रयोग गरिन्थ्यो। यस्तै सिन्का र पातद्वारा निर्माण गरिने कलापूर्ण वस्तु **ठहर** हो। बर, मलातो, चिउरी, लाबर आदिका पातलाई मलबाँसका सिन्काले गाँसेर ठूलो थाल जस्तै बनाएको हुन्छ। यसको विटमा सिन्काले बुट्टा पनि भरिएको हुन्छ।

यसलाई विशेष बेहुलालाई भोजन गराउनका निम्ति प्रयोग गरिन्छ। बरणीको टपरो नाङ्लो आकारको बनाएर विहे बटुलोमा प्रयोग गरिन्छ।

**टपरी**

नेपाली समाजमा विवाह मराउ-पराउ आदिमा धेर मात्रामा प्रयोग गरिने वस्तु टपरी नै हो। यसको बनावट पनि ठहर झैं पातको हुन्छ। यो ठहर भन्दा गहिरो हुन्छ र बनाउनमा ठहरभन्दा कम मेहेनतिलो हुन्छ। यो खाना खान तथा पूजा, सराध आदि कर्ममा चामल, धान, तील, फलफूल चडाउनमा प्रयोग गरिन्छ। तत्काल निर्माण गर्न र प्रयोगपछि फ्याँक्न अत्यन्त सजिलो हुनाले यसको प्रयोग भोज भत्तेरमा बढी गरिन्छ।

**बोहोता**

विशेष रुखका पातद्वारा नै निर्मित वस्तु **बोहोता** हो। जो टपरीभन्दा आकारमा सानो हुँदछ। यसलाई पनि पूजा पाठतिर फल प्रसाद आदि चडाउन वा प्रसाद पोको पार्न वा भाग लगाउन प्रयोग गरिन्छ।

**दुना**

दुना पातद्वारा नै निर्मित सबैभन्दा सानो वस्तु हो। यसले कचौराको कार्य गर्छ। यो घीउ, अचार, तरकारी आदि पस्किनका निम्ति प्रयोग गरिन्छ।

**चोयाका वस्तुहरू**

नेपाली समाजमा बाँस, परेङ्ग, बेत आदिका चोयाद्वारा निर्मित वस्तुहरूको प्रयोग आज पनि उत्तिकै मात्रामा प्रयोग गरिन्छ। बाँस, परेङ्ग, वा बेतको बाहिरको छालालाई खिपेर निकालिएको तथा त्यसलाई बाँध्न वा मर्काएर विभिन्न कौशलद्वारा विभिन्न वस्तु बनाउन योग्य पारिएको डोरीलाई **चोया** भनिन्छ। चोयाद्वारा निर्मित केही वस्तुको चर्चा यहाँ गरिन्छ-

**डोको**

नेपाली समाजमा घाँस दाउरा बोक्न चोयाद्वारा बनाइएको वस्तु डोको प्रयोग गरिन्छ। डोको विभिन्न आकारका हुन्छन तथा बनावट पनि भिन्न भिन्न हुन्छ। सिप्रिङ्गे डोको पानी बोक्न प्रयोग गरिन्छ। सिप्रिङ्गे डोको ठूलो हुन्छ तथा त्यसको आँखाका प्वाल  साना हुन्छन्। यो विशेष अँलैची सुन्तला आदि बोक्न प्रयोग गरिन्छ। प्वालबाट अँलैचीका

दाना नछिरोस् भन्न खातिर नै आँखा साना राखिएका हुन्। पानी डोका साना हुन्छन् तर तिनका आँखा ठूला हुन्छन्। विशेष बर्खा याममा घाँस बोक्न पानी डोकाको प्रयोग गरिन्छ।

**थुन्से**

नेपाली समाजमा भारी बोक्न प्रयोग गरिने डोको जस्तो अर्को चोयाको वस्तु **थुन्से** हो। डोकाका आँखा हुन्छन् तर थुन्सेका हुँदैनन्। हिजो आज यसलाई चिया बगानमा चिया टिप्नमा पनि प्रयोग गरिन्छ।

**डाली तथा डेली**

घरमा सामान तुमन, चलाइने धान, मकै, चामल आदि राख्न डालीको प्रयोग गरिन्छ। कुनै कुनै डेलीमा भने बिर्को पनि हुन्छ। यसमा आधुनिका सुटकेसमा झैं मिलाएर लुगा कपडा हालेर राख्न पनि सकिन्छ। डाली, डाला र डेली पनि चोयाद्वारा नै निर्मित हुन्छन्।

**कोठे भकारी**

यो चोयाले बुनेको मान्द्रो जस्तो तर मान्द्रो भन्दा बाक्लो हुन्छ। त्यसको दुईवटा मुखलाई जोडर ढुङ्ग्रो जस्तो पारी गोबर र माटोले लिपेर अन्न राख्ने योग्य बनाइएको

वस्तु **कोठे भकारी** हो। यो भकारीमा अन्न सकिएपछि खोलेर बिस्कुन सुकाउन प्रयोग पनि गर्न सकिन्छ।

**मान्द्रो**

बाँसको चोयाले बुनेको बिस्कुन सुकाउन योग्य साधन **मान्द्रो** हो। यो भकारी जस्तै हुन्छ। यसमध्ये घरको कोठा बार्न, सिलिङ लाउन आदि कामका लागि पनि यसको प्रयोग गरिन्छ। मान्द्रो जस्तो अर्को बाँसको चोयाले बनाइएको बस्तु चित्रा हो। कच्ची घर छाउन वा बार्न यसको प्रयोग गरिन्छ।

**घुम**

बर्खा पानी वा झरीमा काम गर्दा त्यसको प्रभावद्वारा बाँच्न प्रयोग गरिने साधनलाई **घुम** भनिन्छ। घुम पनि चोयाकै हुन्छ। दूईपट्टि चोयाले बुनेर बीचमा पात छापेको हुन्छ। हिजो आज पातको सट्टा प्लास्टिको प्रयोग गरिन्छ। यसमा पनि डोकोका झै आँखा हुन्छन्।

**फुर्लुङ**

यो चोयाले बुनेको, मुख केही सानो र पेट फूकेको वस्तु हो। यसमा चरा, माछा, आदि हालेर राखिन्छ। यसमा कोसेली पात पनि बोक्ने गरिन्छ। धामी-झाँक्रीले भूत-प्रेत मन्साउन पनि प्रयोग गर्दछन्।

**काइँयो**

बाँसका ससाना सिन्का खिपेर, बाँसकै भाटामा बाँधेर, कपाल कोर्न योग्य बनाइएको वस्तु **काइयो** हो। हिजो आज बाजारमा सजिलै प्लास्टिकका काइँयो पाइने हुनाले यसको निर्माण तथा प्रयोग हराउँदै गएको पाइन्छ।

**लोकवाजाहरू**

नेपाली समाजमा नाच गानको ठूलो महत्त्व छ। मारूनी, देउसी, भैली आदि गर्नाका निम्ति विभिन्न प्रकारका बाजागाजाहरूको आवश्यक पर्दछ। विवाह आदि कार्यमा पनि बाजाहरूको आवश्यकता पर्दछ। नेपाली समाजमा प्रयुक्त बाजाहरूमा मुख्य छन्- **नौमती वाजा, टयाम्को, ढोलकी, दमाहा, झ्याम्टा, सहनाई, मादल, डम्फू, सारङ्गी, मुर्चुङ्गा, बिनायो, एकतारे।** प्रमुख रुपमा नेपाली समाजलाई झल्काउने सारङ्गी र मादल हुन्। सारङ्गीको

महत्त्व नै बढी छ। उहिल्यैदेखि नै गाइनेहरू सारङ्गी बजाउँदै देश विदेश घुम्ने गर्थे। आज पनि यदाकदा गाइनेहरू सारङ्गी बजाउँदै, गीत गाउँदै शहर बजार, गाउँ बस्ती घुम्ने गर्छन्। देश विदेशका खबरहरूलाई गीत बनाएर लोकमा मनोरञ्जनका साथ सन्देश पनि पुऱ्याउने काम यी गाइनेहरूले गर्छन्।

## निष्कर्ष

नेपाली समाज विश्वभरी व्यापक रुपमा फैलिएको छ।नेपाली समाजलाई कुनै देशीय सीमाले बाँध्न सकेको छैन्। विभिन्न जातिगोष्ठीको मेलले बनेको नेपाली समाजमा सांस्कृतिक समन्यवता पाइन्छ। रहन सहन भिन्न भिन्न भए तापनि नेपाली भाषाले यी सबै जात गोष्ठीलाई एक सुत्रमा बाँधेको छ। चाडपर्व, खानपान, रीतिरिवाज एवम् धार्मिक सांस्कृतिक, सामाजिक जीवन शैली आ-आफ्नै किसिमको छ। हिन्दु, इसाई, बौद्ध धर्मको समागमबाट नेपाली समाज निर्माण भएको छ। विभिन्न प्रकारका पारम्परित हात हतियारहरू, खेतीपातीमा सर सामानहरू, धान चामल कुट्ने पिस्ने वस्तुहरू आदि पनि पारम्परित र उपयोगी छन्। विभिन्न प्रकारका वेशभूषा, गरगहना आदिको पनि भण्डार रहेको नेपाली समाजको आफ्नै विशिष्टता पाइन्छ। बाजागाजा, खेल मनोरञ्जनका

सरसामान, आदि पनि लोकले आफ्नै विशिष्ट प्रकारको निर्माण गरी प्रयोग गरेको पाइन्छ। समग्रमा नेपाली लोकजीवन र संस्कृति समृद्ध रहेको देखिन्छ।

# चौथो अध्याय

## ४ नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन

### ४.१ नेपाली लोकविश्वासको अवधारणा

विश्व ब्रमाण्ड प्रकृतिको एउटा वृहत रचना हो। यसको रचना कसरी भयो? यस प्रश्नको उत्तर विज्ञानले अझ पनि दिनसकेको छैन्। मानव जातिको सृष्टि कसरी भयो? यो प्रश्न अझ जटिल छ। विभिन्न पशु, पंक्षी तथा प्राणीको रचनाबारेमा न त इतिहास नै सठीक उत्तर दिन सक्षम छ, न त विज्ञानले नै यो प्रहेलिका सुल्झाउन सकेको छ। विज्ञानले केवल यति भन्न सकेको छ कि यदि पृथ्वीको आकार अलिकति ठूलो वा सानो भएको भए अथवा अन्तरिक्षका सूर्य, चन्द्र, तारा आदि यथावत् स्थानमा नभएका भए आज मानव समाजको अस्तित्व नै हुने थिएन।

विश्वका सबै धर्म ग्रन्थहरू, धर्महरू, लोककथाहरू, लोकविश्वासहरू आदिमा आ-आफ्नै विश्वास अनुसार एउटा सृष्टिकर्ताको वर्णन छ। जसले विश्व ब्रम्हाण्डको सिर्जना गऱ्यो त्यस सर्जकलाई धर्मग्रन्धहरूमा ईश्वर वा परमेश्वर मानिएको छ। सर्वप्रथम, मानिसले आफूलाई जान्न वा चिन्न प्रयास गर्नु नै लोकविश्वास सिर्जनाको पहिलो चरण हो। जब

मानिसमा चिन्ने, बुझ्ने तथा सोचेर कार्य गर्ने चेतना क्षमताको विकास भयो तब विभिन्न जिज्ञासा र प्रश्नहरूको पनि विकास भयो। जस्तै, मानिस किन प्रकृतिका अरु प्राणीभन्दा भिन्न छ? कहाँ कहाँसम्म सृष्टि फैलिएको छ? दिनपछि रात वा रातपछि दिन किन हुन्छ? विभिन्न ऋतु परिवर्तन किन हुन्छन्? आदि प्रश्नहरूले मानिसको चेतनालाई झस्काउन थाल्यो। कतिपय प्रश्नहरूको उत्तर समयले स्वतः दिदैं आएको छ भने कतिपय वैज्ञानिक परीक्षणद्वारा प्राप्त भएका छन् तापनि ती प्रश्नका उत्तर पाउनका सट्टा अझ बोधगम्य नयाँ प्रश्नहरूका लाम लागिरहेकै छन्।

उहिल्यै पनि मानिसहरू यस्ता विभिन्न प्रश्नहरूको उत्तर दिन सक्षम थिएनन्, आज पनि सबै प्रश्नको उत्तर दिन सक्षम छैनन्। त्यसैले मानिसले ईश्वरीय सत्ता र अस्तित्वलाई स्वीकार गरी दैवी शक्तिमा विश्वास गर्न थाल्यो। दैवी शक्तिमा विश्वास गर्नु नै मनुष्य जातिको पहिलो लोकविश्वास हो। यही चेतनाको आडमा अरू लोकविश्वासको पनि विकास भयो। ईश्वरीय सत्तालाई अपरिहार्य सत्य मान्नुमा पनि लोकको भावनात्मक आस्था र संस्कृति एवं मनोवैज्ञानिक विश्वास अडेको छ। पराभौतिक शक्ति, रहस्यमय स्वप्नलोकमा विश्वास गर्ने हुनाले लोकविश्वाससँग सांस्कृतिक सम्बन्ध पनि रहि आएको छ। यसभित्र विभिन्न लोकविश्वास टाँसिएका छन्। ईश्वरीय शक्तिसँगसँगै यसको विरोधाभासमा अद्वैत शक्तिको

कुरा आउँदछ। जहाँ दिन छ, त्यहाँ रात पनि छ अर्थात् ईश्वर, सृष्टि, स्तिथि, लयको प्रसङ्गसँगै दैवी एवम्  राक्षसी प्रवृत्ति हुनु पनि सम्भव छ। जहाँ सात्त्विक गुण र शक्ति छ, त्यहाँ तामासिक अवगुण र नकारात्मक शक्ति पनि हुन्छ भन्ने धारणाले जन्म लिएको पाइन्छ। यसरी सत्यसँग असत्य टाँसिएको हुन्छ भन्ने चेतना समाजमा पलायो। ईश्वरलाई सत्य, दैवीशक्ति र राक्षसलाई ध्वंशात्मक अद्वैत शक्ति मानियो। विश्वका सबै धर्ममा ईश्वरले बनाएको सृष्टिमा अद्वैत शक्तिले दु:ख दिन्छ भन्ने धारणाले लोकविश्वासको जन्म भयो। यसका साथै, अद्वैत शक्तिले जति नै दु:ख कष्ट दिए तापनि अन्तत: जीत सत्यकै हुन्छ भन्ने सार्वजनिक सत्यले प्रश्रय पायो। अर्थात् एउटा सार्वकालिक दर्शन लोकमा विकसित भयो। **सत्य मेव जयते** सर्वत्र व्याप्त भयो।यही धारणा लोकमा आजपर्यन्त पनि प्रचलित रहिआएको पाइन्छ। भारतीय प्राचीन संस्कृति उच्च संस्कृति र उदात्त दर्शनको परिचायक हुनुको पछाडि पनि यस्तै विभिन्न सांस्कृतिक अवधारणा र विश्वास रहँदै आएको पाइन्छ। नेपाली  समाजमा यस्ता विभिन्न लोकविश्वाले जन्म लिएको पाइन्छ।  कति लोकविश्वास अन्य जात जाति वा समाजबाट आयात गरिएको पाइन्छ भने कति लोकविश्वास कतिपय घटना, परिस्थिति देश कालसँगै बनिदै गएको पाइन्छ। कति देखेका भोगेका कुरा पुस्तौंदर पुस्ता लोकविश्वासका रूपमा हस्तान्तरित हुँदै आएको पाइन्छ तर

कहिले, कहाँदेखि र कसरी लोकले लोकविश्वास मान्दै ल्यायो यो किटान गरेर भन्नु असम्भव छ।

## ४.२. नेपाली लोकविश्वास : स्रोत अनि परम्परा

नेपाली समाजमा लोकविश्वासको स्रोत के हो? यो छुट्याउन धेरै गाह्रो छ। यसको स्रोत केलाउँदा सर्वप्रथम पौराणिक ग्रन्थ, किंवदन्ती, लोककथा र लोकगाथाहरूलाई स्रोत मानिन्छ। पौराणिक कथामा देवदेवीको पूजा अर्चनाको प्रशस्त प्रसङ्ग पाइन्छ। उनीहरूमा रहेको अलौकिक शक्ति-सामर्थ्यको गुणगान गरिएको पाइन्छ। लोकद्वारा गरिने विभिन्न प्रकारको दैवी उपासनामा कृष्णको सोलह कलाको वर्णन तथा उनले गरेका चमत्कारपूर्ण लीला क्रीडा आदिले विभिन्न अलौकिक शक्तिप्रति लोक पनि प्रभावित भएको बोध गरिन्छ। ईश्वरीय शक्ति, लीला, क्रीडा, चमत्कारपूर्ण क्रिया कलापप्रति लोकको विश्वास बढेर गयो फलतः यस्ता अलौकिक सत्ताप्रतिको विश्वास व्याप्त भएको पाइन्छ।

इतिहासमा घटेका घटना पनि लोकविश्वासको स्रोत बन्न पुगेको पाइन्छ। विभिन्न प्रकारका दुःख, कष्ट तथा पीडाले समाजमा विभिन्न प्रकारका विश्वास जन्माएको पाइन्छ। अनिकाल पर्दा मानिसले सोचे, यदि अन्न भएको समयमा देउदेवीलाई अर्पण गरेर अन्न ग्रहण गरेको

भए अनिकाल पर्ने थिएन होला। अर्कोपाली अन्नवाली देउतालाई चढाएर अर्पण गर्दा साँच्चै त्यससाल अनिकाल परेन। त्यसपछि जो जति फसल लगाइन्छ ईश्वरलाई भोग लगाएर वा चढाएर खानुपर्छ नत्र अनिकाल लाग्छ भन्ने धारणा प्रचलित भएको पाइन्छ।

कतिपय अनुभवले पनि लोकविश्वास जन्मेको पाइन्छ। शुभ-अशुभ, साइत-विसाइत, कुदृष्टि-सुदृष्टि, फाब-अफाब, शुभ-अशुभ, आशिर्वाद श्राप, चोखे, नजर, सपना दोष, भ्रम शङ्का आदिले मानिसहरूमा पर्ने प्रभावले पनि मनोवैज्ञानिक प्रभाव पाऱ्यो। त्यसैलाई लोकले स्वीकार  गर्दै ल्यायो र दस्तुर र सांस्कृतिक विश्वासका रुपमा पीडी पीडीगत पालन गर्दै ल्यायो। फलस्वरुप लोकविश्वासको जन्म भयो। उदारणार्थः घरबाट बाहिर प्रस्थान गर्ने बेलामा यदि गाग्रीमा भरी पानी बोकेको भेटियो या कुनै मानिसले डोको भरी घाँस ल्याउँदै गरेको देखियो भने त्यसदिन काम राम्रो हुन्छ भन्ने सकारात्मक सोच प्रचलित भयो।यस्ता अनेक धारणका फलस्वरुप सोही कुरो नै लोकविश्वासका रुपमा प्रचलित भयो। यसरी नै यसका विपरित यदि रित्तो गाग्री भेटियो वा रित्तो डोको भेटियो भने अपशकुन हुन्छ भन्ने कुरो लोकले मान्यो। यसरी विभिन्न प्रकारका लोकविश्वासहरूको जन्म भएको पाइन्छ। विरालोले बाटो काट्नु अपशकुन मानिन्छ। हिंड्ने वेलामा छिंक नमार्नु, हिंडेपछि फनक्क नफर्कनु, तीनयरी वा तीनटाउके एकैचोटी नहिँड्नु, आङमा लुगा नसिउनु, उल्टा र

बिब्ल्याँटो लुगा धारण नगर्नु जस्ता अनेकौ विश्वासहरू पनि यस्तै अनुभव र विश्वासकै प्रतिफलहरू हुन् जो समाजमा प्रचलित रहेको पाइन्छ।

## ४.३ नेपाली लोकविश्वासको वर्गीकरण अनि विश्लेषण

नेपाली समाजमा विभिन्न लोकविश्वास छन्। तिनको विश्लेषणका निम्ति वर्गीकरणको आवश्यकता पर्दछ। यहाँ नेपाली लोकविश्वासलाई यसरी वर्गीकरण गरेर प्रस्तुत गर्न सकिन्छ-

### प्रकृति सम्बन्धी  लोकविश्वास

मानव समाजमा प्रकृतिको ठूलो महत्त्व छ। यो सत्य सर्वमान्य छ। वैदिक युगदेखि नै प्रकृति पूजन विधान सर्वत्र प्रचलित रहदै आएको देखिन्छ। हिन्दु समाजमा यसको विभिन्न रुप देख्न पाइन्छ। नेपाली समाज पनि आदिमकालदेखिनै प्रकृतिपूजक रहेको देखिन्छ। नेपाली समाजले प्रकृतिको संरक्षणका निम्ति बनाएका लोकविश्वास यसप्रकार छन्-

### देवी देउराली पूजा, संसारी पूजा

नेपाली समाज प्रकृति पूजक समाज हो। बौद्ध, इसाई, हिन्दु परम्परा र धर्म अपनाए तापनि नेपाली समाजको आफ्नै छुट्टै पहिचान छ। जसमा आ-आफ्नै प्रकारका रीतिरिवाज,

पूजाविधि, आदि पर्दछन्। यस्तै नेपाली समाजमा देवी पूजाको ठूलो महत्त्व छ। ठूला-ठूला शिला-पत्थर राखिएको वा रहेको स्थानलाई देउराली भनेर पूजा गरिन्छ। चोखो नितो राखिन्छ। प्रायः देउराली कुनै थुम्की या डाँडामा हुन्छ। यसता ठाउँमा पूजा पाठ गरिने प्रचलन छ। संसारी पूजा गरिने सही र उपयुक्त स्थान पनि देउराली डाँडा नै मानिन्छ। वर्षेनी गरिने संसारी पूजाले समाजमा सोस्ती शान्ति कायम रहन्छ भन्ने ठूलो विश्वास लोकमा प्रचलित छ।

कुनै ठूला ढुङ्गा, कुनै पहरो, चट्टान वा ढुङ्गा रहेको रसिलो स्थान, पानीको मूल फुटेको ठाउँ तथा विशाल वृक्षको फेदमा देवीथान हुन्छ भन्ने लोकविश्वास रहेको देखिन्छ र त्यहाँ देवीको पूजा गर्ने प्रचलन छ। देवी पूजा वर्षेनी उत्तराइन र दक्षिणाइनमा गरिन्छ। आँधी-बेह्री, चटाङ-चुटुङ, उल्का पात, असिना-पानी आदिकी शक्ति देवीलाई नै मानिन्छ। देवी पूजा गर्नाले यी यस्ता कुनै भवितव्य पर्दैन भन्ने लोकविश्वास पाइन्छ। देवी भाके उब्जनी र फसल पनि राम्रो हुन्छ भन्ने विश्वासले एउटा अर्कै सांस्कृतिक प्रचलन प्रचलित भएको पाइन्छ।

संसारी पूजा पनि देवी पूजा सङ्गै गरिन्छ। संसारी माई रोग, व्याधी, लुतो, हैंजा आदिबाट लोकको रक्षा गर्दछिन् भन्ने विश्वासमा यिनको पूजा अर्चना गरिन्छ। यस्ता पूजाले

समाजलाई अदृश्य परालौकिक तत्त्वको सङ्कटबाट रक्षाका गर्दछिन् भन्ने धारणा अझ पनि समाजमा उत्तिकै व्याप्त रहेको पाइन्छ।

**बर पीपल रोपन, बरपीपल विवाह र पुजन तथा पाटी पौवाको निर्माण**

नेपाली समाजमा बर पीपल रोपेर पूजा गर्ने चलन छ। बरपीपलको विवाह पनि गरिन्छ। केवल विवाह गरेका बर पीपल मात्रै पूजा गर्न योग्य हुन्छन् भन्ने लोकविश्वास छ। बरपीपको रोपेर पूजा गर्नाले मोक्ष प्राप्ती हुन्छ साथै बरपीपलको विवाह गरिदिनाले पुस्तौं-पुस्तागत त्यस परिवारमा यश कीर्ति, सुख समृद्धि तथा धन वैभव प्राप्त हुन्छ भन्ने धारणा छ।

बरपीपलको फेदमा पाटी पौवाको पनि निर्माण गरिएको हुन्छ। खास गरेर बरपीपल मूल बाटोमा रोपिएको हुनुपर्छ। क्लान्त यात्री, पथिक आएर यसको छहारीमा शीतल तापुन भनेर पाटी पौवाको स्थापना गरिएको हो। बरपीपलको छाँया शीतल भएको कारण नै होला यी दुई वृक्षको ठूलो महत्त्व छ। बरपीपलको वृक्ष वा त्यसबाट प्राप्त हुने वायु शुद्ध र रोग निवारक हुन्छ भन्ने वैज्ञानिक आधार पनि उत्तिकै सान्दर्भिक रहेको छ भन्न सकिन्छ।

शनिबारको दिन बर पीपलको पूजा गरिन्छ। अन्य बार यसको पूजा गर्न निषेध मानिन्छ। अन्य दिन बर पीपल छुन पनि निषेध मानिन्छ। कारण शनिबार मात्र पीपलमा लक्ष्मी विष्णुको वास हुन्छ अरू समय त्यसमा प्रेतले वास गरेको हुन्छ भन्ने लोकले मानेको छ। शनिबार शनिको पुजनसँगै बरपीपलमा पानी चढाउने, चिनी सक्खर चढाएर दीप बालिने प्रथा पनि यस्तै विश्वासले प्रेरित भएर गरिएको हो।

बरपीपलको रक्षा गर्नु रोप्नु तथा पूजा गर्ने यस नेपाली लोकविश्वाले लोकको पर्यावरण सचेततालाई देखाएको छ। जीवनमा वन जङ्गलको ठूलो आवश्यकता छ। वन जङ्गल आरोग्य र पारिवेशिक सम्पन्नताको द्योतक हो भन्ने सन्देश पनि यस्ता विश्वासबाट विकसित भएको हो र यही विश्वास नै सांस्कृतिक समृद्धिको परिचायक बनेको पाइन्छ।

**पानीको मुहानको पूजा**

जीवनमा जलको ठूलो महत्त्व छ भन्ने कुरामा नेपाली समाज पहिलाबाट नै सचेत रहेको देखिन्छ। जल स्रोतको पूजा गर्ने परम्परा नेपाली लोकले पौराणिककालदेखि नै गर्दै आएको पाइन्छ। पानीको मुहानमा जलदेवीको वास हुन्छ, पानीको मूल वा सिमसारमा नागको पनि वास हुन्छ, त्यसैले नागको पूजा पनि मुख्य रुपले पानीको मुहानमा नै

गरिन्छ। सिमे, भूमे आदिको पूजा पनि पानीको मुहान तथा सिमसारमा गरिन्छ। सिमे लागेको खण्डमा शरीरमा चिलाउने घाउ, प्वाँले, विफिरा, जावे, डाबरे आदि रोगले सताउँछ। सिमसार वा मुहानमा फोहोर गर्नाले नागदेव रिसाएर यस्तो रोग लागेको हो भन्ने धारणामा नेपाली समाज विश्वस्त रहेको देखिन्छ। नाग रिसाए नागको स्तुति गरेर रोग पन्साइन्छ। यदि यस्तो भयो भने हिउँदे सिमीको पात रामभेडाको पातसँग घोटेर लगाउनाले निको हुन्छ भन्ने घरेलु औषधी पनि उत्तिकै जडी औषधी मानिने चलन छ। सिमे लाग्नु, नाग रिसाउनु, नाग लाग्नु जस्ता रोगबाट निवारण पाउने पानीका मूल वा सिमसारबाट घरमा ढुङ्गा नल्याउने, ल्याएका खण्डमा अर्को ढुङ्गा त्यहीँ पुऱ्याएर ढुङ्गा साट्ने चलन छ। तील, जौ, घान, मकै आधाकल्चो भुटेर छर्ने र छरेको अन्न जब उम्रेला तब पूजा गरौंला भन्ने भाकल गर्ने चलन पनि समाजमा व्याप्त पाइन्छ। नागको पूजा गर्ने काम बडो कठिन र कसरतपूर्ण हुने हुनाले भुटेर मात्र सदविऊ छरिने चलनले पनि बुझाउँछ कि नेपाली लोक भूमि, जल, वृक्ष, प्रकृति पुजन वा पर्यावरण सचेततामा बढो सक्रिय र सचेत रहेको छ।

यसरी पानीको मुहानमा देवी तथा नागको वास हुन्छ भन्ने धारणाले समाजमा पानी संरक्षण धारणाको विकास हुनका साथै पिउँने पानी अशुद्ध हुनबाट बञ्चित हुन्छ। यति मात्र नभएर

नेपाली समाजले नदीको पनि पूजा अर्चना गर्दछ। टिस्टा, गङ्गा, जमुना आदि नदीलाई माता मान्ने नेपाली लोकमा उच्च संस्कृतिको छाप पाइन्छ। प्रत्येक पूजामा कलश पूजा गर्दा जलको पनि विशेष आहवान र पूजा गरिन्छ। वास्तवमा यी नदी माता नै हुन् त्यसैले त हाम्रो अस्तित्त्व कायम छ। यदि जलको संरक्षण भएन भने हाम्रो भविष्य पनि असुरक्षित हुन्छ। यस्ता प्रकारका लोकविश्वास प्रकृति संरक्षक बन्न पुगेका छन्। यी लोकविश्वास समाजका धरोहर हुन्।

### गौ पूजा

गौलाई माता भनिन्छ। गौ माता भन्नाले गाई बुझिन्छ। नेपाली जाति पशुपालनमा रूचि राख्ने जाति हुनाले नेपाली समाजमा युगौंदेखि गाईको पालन पोषण गर्दै ल्याएको पाइन्छ। यति मात्र होइन गाईको दूधसँगै गउँत, गोबर आदिलाई पनि शुद्ध एवं पवित्र वस्तुका रुपमा प्रचलनमा ल्याउदै आएको पाइन्छ। माता भनेकी जननी हुन्। हाम्रो समाजलाई दूध दिएर एकजना माताले गर्ने कार्य गरेको हुँदा गाईलाई माता भनिन्छ। हुनत, भैंसीको पनि दूध खान सकिन्छ तर भैसीलाई माता न भनेर नेपाली लोकले भैंसीको गोबर, गउँत र दूध देवकार्य, पितृकार्यमा प्रयोग गर्दैनन्।

गाईलाई माता लक्ष्मीको स्वरुप पनि मानिन्छ। गाईका शरीरमा तेत्तीस कोटी देवी देवता बसेका हुन्छन् भन्ने हिन्दु धर्मले विश्वास राखेको छ। पूजा पाठमा गो दानको ठूलो महत्त्व पाइन्छ। आफूबाट जस्तै पाप या हत्या भए तापनि गो दान गर्नाले त्यो काटिन्छ भन्ने लोकविश्वास छ। पाप वा अनर्थ कर्मले गोहत्या गरे जत्तिकै पाप लाग्छ भन्ने भनाइ पनि उत्तिकै प्रचलित रहेको पाइन्छ। आतुरी दान, अन्तिम समयमा  वैतर्नी भनेर गाईको बाछी दान गर्ने चलन छ। वैतर्नी गर्नाले मर्ने व्यक्ति सोझै स्वर्ग जान्छ भन्ने लोकले मानेको छ। आत्मा स्वर्ग जाँदा बाटोमा पर्ने पीप र रगतले भरिएको नदी नै  वैतर्नी नदी हो भनिन्छ। यदि वैतर्नी गरेको छ भने त्यो व्यक्ति बाछीको पुच्छर समाएर सोझै त्यो नदी तर्छ अनि स्वर्ग जान्छ भन्ने  विश्वास प्रचलित छ। यदि वैतर्नी नगरे त्यो आत्मा त्यहीँ युगौं युग भड्किरहन्छ भन्ने विश्वास पनि पाइन्छ। त्यसैले मानिसको अन्तिम समयमा वैतर्नी गर्ने प्रथा छ। यति मात्र न भएर मृत व्यक्तिको अन्तेष्टि क्रियामा पनि गो दान गरिन्छ। गोदान गर्नाले मृत व्यक्तिको आत्मा सोझै स्वर्ग जान्छ भन्ने लोकमत पाइन्छ। विभिन्न देवकार्य, पितृकार्य तथा कर्मकाण्डमा गोदानको ठूलो महत्त्व रहेको पाइन्छ। बाछीको गउँतलाई पवित्र मानिन्छ। गउँत फुकेर **अपवित्रो पवित्रो** मन्त्र जपेर देह, आशन, स्थान आदिलाई पवित्र पार्ने गरिन्छ। घरको मझेरी आदि स्थानहरू गाईको

आल्हो गोबरले लिप्ने गरिन्छ। कूल पूजा, सराध, देवी पूजा आदिमा पनि गोबरले लिपेर पवित्र पार्ने गरिन्छ। चरणको गाई बाछी आदिले विभिन्न घाँस-पात, जडी-बुटी खाएका हुनाले त्यसका गउँतमा किटनाशक औषधी हुन्छ, त्यसैले यसको प्रयोग गरिएको हो भन्न सकिन्छ। किटनाशक शक्ति भएकाले गाईको गोबर, गउँत आदि चलाउँदा कुनै प्रकारको घाउ खटिरा हुँदैन। यो वैज्ञानिक रुपमा पनि प्रमाणित भएको कुरा हो कि कतिपय किटाणुहरू गाईको गोबरले लिप्दा नष्ट हुन्छन्। औषधीका रुपमा यसको ठूलो महत्त्व रहेको पाइन्छ। गोबर र गउँत खेत बालीमा लगाउँदा राम्रो हुन्छ। बाली सप्रिएर जान्छ।

हिमालमा हुने चौंरी गाईलाई अझ पवित्र मानिन्छ। चौंरीको पुच्छरलाई चम्मर भनिन्छ। चम्मर हर घरमा राखेको हुन्छ। यसलाई पवित्र वस्तु मानिन्छ र भगवानको पूजा अर्चनामा चम्मर डोलाइन्छ। यदि कसैलाई लागो भागो लागे चम्मरले नै झार्ने गरिन्छ। कतिपय छेत्री बाहुनका कूलका धामीले मुख्य रुपमा चम्मरको प्रयोग गरेको पाइन्छ। कूलथानमा चम्मर झुण्डाएर राखेको पाइन्छ।

**शरीर सम्बन्धी नेपाली लोकविश्वास**

शरीर मन्दिर हो जसमा देवताको वास हुन्छ। यो भनाइ विश्वव्यापी रुपमा नै पाइन्छ। नेपाली लोकविश्वासमा शरीर सम्बन्धी विभिन्न लोकविश्वास पाइन्छन्। आँखा अथवा शरीरको अरू अङ्ग फुऱ्यो भने कुनै शुभ वा अशुभ घट्नाको खबर आउँछ भन्ने लोकविश्वास छ। शरीर फुर्नुको पनि स्त्री र पुरुषमा भिन्न भिन्न अर्थ मानिन्छ। पुरुषको देब्रे पाटो अशुभ मानिन्छ, दाहिने पाटो शरीर फुरेको शुभ मानिन्छ र स्त्रीको दाहिने अङ्ग फुरेको अशुभ र देब्रे फुरेको शुभ मानिन्छ। भानुभक्तीय **रामायण**मा हनुमान लङ्कामा पुगेपछि राम र सीतालाई शुभ सङ्केत भएको र रावणलाई अशुभ सङ्केत भएको कुरा शरीर फुरेको वर्णन यसरी गरेको छ-

**जस्सै श्रीहनुमान पुग्या सहजमा लङ्का समुद्रै तरी।**
**तस्सै जानकिको फुऱ्यो नजर वाम् हातै समेत् खुप् गरी।।**
**रावणको पनि वाम हात् नजर वाम् फूऱ्यो रघूनाथको।**
**दक्षिण् अङ्ग फुऱ्यो तसै बखतमा खुस् मन् भयो नाथको।।**[७९]

---

[७९] भानुभक्त आचार्य २०६७, **भानुभक्तको रामायण**, ललितपुर : साझा प्रकाशन, पृ. ९५

यसरी राम र सीतालाई लक्षिण भएको कुरा र रावणलाई अलक्षिणको सङ्केत यस श्लोकले बोकेको छ। यसरी नै कसैको दाहिने हत्केला चिलाए धन आउने वा देब्रे हत्केला चिलाए धन जाने सङ्केत दिन्छ भन्ने लोकले मानेको छ। यदि पैताला चिलाए कतै ढाडाको यात्रा गर्नुपर्छ भन्ने लोकविश्वास रहेको पाइन्छ।

हत्केलामा भएका शङ्ख, चक्र तथा रेखा हेरर भविष्य बताउने चलन पनि छ। हात वा खुट्टामा भएका विभिन्न प्रकारका रेखा तथा शङ्ख र चक्रको गणित गरेर भविष्य बताउने परम्परा अझ नेपाली समाजमा जीवित नै छ।

नेपाली समाजमा स्त्री शरीरमा हुने मासिक धर्म नियमको बारना गर्ने चलन छ। बालिकाको जब पहिलो रजस्वला हुन्छ, तब उसलाई घरबाट अन्यत्र स्थानमा बाइस दिनसम्म वा फुपु-चेलीको घर पठाउने चलन छ। दोस्रोपल्ट रजस्वला हुँदा पुनः एगाह्र दिन उसलाई पर सारिन्छ। त्यसपछि हुने मासिक धर्ममा सात वा पाँच दिनपछि मात्र पानी छुने तथा देवकार्य र पितृकार्य गर्न योग्य मानिन्छ। यसलाई गुफा बसेको भन्ने व्यङ्गार्थबाट पनि पर सरेको वा नछुने भएको भन्ने अर्थ बुझिन्छ।

नेपाली जातिमा भएको यो प्रथाले नारी दमनको कुरा देखाउँछ। तर वैज्ञानिक सोचबाट हेर्ने हो भने यो विश्वासमा नारीप्रति सहानुभूति राखेको पाइन्छ। प्राचीनकालदेखिनै

नारीलाई घरको सम्पूर्ण कार्यको उत्तरदायित्व थोपरिएकाले अतिपरिश्रम र खटाईले शारीरिक मानसिक अस्वस्थताले ती थलिन्थे। धर्मकाल पीडादायी हुने हुँदा त्यसबखत धेरै आरामको आवश्यकता पर्ने हुनाले त्यससमय उनीहरू कुनै कार्य तथा घरको काम गर्न सक्दैनन् भनेर नै महिनाको एक सप्ताह घरेलु कामबाट फुर्सद दिएको हुनसक्छ भन्ने वैज्ञानिकता हो भन्न सकिन्छ। यस्तो लोकविश्वास पनि मानिएको छ कि त्यससमय उनीहरूको शरीर दुषित हुन्छ औ कुनै तुल-फूललाई स्पर्श गर्दा त्यसमा खोंयेत्रो लाग्ने, झर्ने वा कुहुने हुन्छ। आजको वैज्ञानिक युगमा यसको प्रचलन हराउँदै गएको छ। आज समाज ज्ञानी र कुनैपनि तत्त्वकापछि वैज्ञानिक प्रमाण खोज्न जिज्ञासु रहेका कारण यस्ता लोकविश्वास समाजबाट लुप्त हुँदै गईरहेका पाइन्छ।

## सूर्य चन्द्र सम्बन्धी नेपाली लोकविश्वास

नेपाली समाज प्रकृति पुजक समाज हो। फलतः सूर्य चन्द्रलाई देवताको रुपमा पूजा अर्चना गर्ने चलन पनि नेपाली समाजमा रहेको पाइन्छ। सूर्यलाई श्रीसूर्यनारायण र चन्द्रलाई श्रीचन्द्रनाराण भनि लोकले भगवान विष्णुको नारायण रुप मानेको छ। सूर्य चन्द्रलाई नौ ग्रहमध्ये प्रमुख ग्रहको संज्ञा दिएर पूजा गरेको पनि पाइन्छ। दुःख, कष्ट निवारणका लागि ग्रह पूजा गरिन्छ। सर्वप्रथम मानिएका देवता, भगवान् तथा ग्रह नै सूर्य

चन्द्र हुनुपर्छ। यी चम्किला ग्रहबाट नै मानिसलाई ईश्वरको आभास भयो होला। जे होस्, आज पनि नेपाली समाजले सूर्य चन्द्रलाई ईश्वर नै मानेको छ। छोराछोरीका स्वास्थ्य सुधार, दीर्घायु र आरोग्यताका लागि आइतबार सूर्यको आराधना र स्तुति गर्ने र उपवास बस्ने चलन पनि पाइन्छ।

**ग्रहण**

ग्रहणको अर्थ हो समाउनु, छोप्नु वा ढाक्नु। राहु तथा केतु नामका तमोमय ग्रहले पूर्ण चन्द्र भएको पूर्णिमा तिथिमा जब पृथ्वीको छायामा पसेर चन्द्रलाई छोप्छ त्यसलाई चन्द्र ग्रहण भनिन्छ। त्यसैगरी औंसीको तिथिमा जब चन्द्रको छायाँमा पसेर सूर्यलाई छोप्छ त्यसलाई सूर्यग्रहण भन्दछन्।[८०] ग्रहण भौगोलीय घटना भए तापनि नेपाली समाजमा यस विषयसँग सम्बन्धित विभिन्न लोकविश्वास छन्। हिन्दु धारणानुसार पौराणिक कालमा जब देव-दानवद्वारा समुन्द्र मन्थन गरियो, त्यस समय समुन्द्रका गर्भबाट विभिन्न वस्तु निस्किए। प्रायः सबै वस्तु देव-दानव माझ बराबर बाडियो। तर जब मन्थनद्वारा मृत्युञ्जय अमृत निस्कियो तब देवताहरू मात्रै अमृत सेवन गरेर अमर बन्न चहान्थे। भगवान

---

[८०] उदयचन्द्र वशिष्ठ, सन् २००६ **सिक्किमका चाडपर्व**, गान्तोक : जनपक्ष प्रकाशन पृ. ७६

विष्णुले मोहनी रुप धारण गरेर दानवको हातमा परेको अमृत कलश छल गरेर देवतालाई अमृत र दानवलाई मदिरा बितरण गरिदिए। त्यो षडयन्त्र थाह पाएर एउटा दानवले देवताको भेष धरेर त्यो अमृत पान गऱ्यो। त्यो कुरा सूर्य र चन्द्रले थाहा पाएर विष्णुलाई भनिदिए। फलस्वरुप, विष्णुले आफ्नो सुदर्शन चक्र निकाली त्यस दानवलाई प्रहार गरे अनि शिरलाई शरीरबाट अलग गरिदिए तापनि अमृतको प्रभावले त्यो दुई भाग जीवित नै रहयो। आज पनि शिरलाई राहु र शरीरलाई केतु भनेर चिनिन्छ। त्यसै दिनदेखि राहुकेतुले इख लियो कि जबसम्म यो ब्रम्हाण्ड रहन्छ तबसम्म चन्द्र सूर्यलाई दुःख दिइरहनेछ। आज पनि सूर्य र  चन्द्रमामा ग्रहण लाएर त्यसले आफ्नो वचन राख्छ भन्ने धारणा नेपाली समाजमा मात्र नभएर सम्पूर्ण हिन्दु समाजमा पनि यो धारणा व्याप्त रहेको पाइन्छ।यस विषयमा पुराणहरूमा पनि विस्तृत चर्चा  पाइन्छ। **श्रीमद्देवीभागवत महापुराण** द्वितीय खण्डको अथाष्टादशोध्यायःमा राहुमण्डलको वर्णन गरिएको छ। राहुले अमृत पिएर अमर भएको, उसले सूर्य चन्द्रलाई प्रताडना दिन औंसी र पूर्णीमाको दिन छानेको आदि उल्लेख पाइन्छ। त्यही दिनदेखि राहु औंसीको दिन सूर्य र  पूर्णेको रात चन्द्र निल्ने गर्दछ। भगवान विष्णुले आफ्नो सुदर्शन चक्र हानेर सूर्य चन्द्रलाई कवच

प्रदान गरेका छन्। त्यसकै प्रभावले राहु धेरै समय सूर्य चन्द्र लाई मुखमा राख्न सक्तैन।[८१]

आज विज्ञानले ग्रहण लाग्नुको कारण वैज्ञानिक तथ्य दिए तापनि समाजमा पारम्परिक चलिआएको पौराणिक तर्कले नै लोकविश्वास जितेको पाइन्छ। नेपाली समाजमा ग्रहण सम्बन्धी विभिन्न लोकविश्वास छन्। ग्रहणको समयलाई सुतक काल भनिन्छ। यो सुतक काल ग्रहण सुरु हुन अघि नै लाग्छ भनेर मानिन्छ तथा ग्रहण सकिएर मात्र सुतक पनि सकिन्छ। यस सुतक समयमा खानु पिउँनु निषेध मानिन्छ। ग्रहण पूर्व अन्न जल आदि दूषित मानिन्छ। कसैको ऐंचो पैंचो छ भने ग्रहण अघि नै तिर्नुपर्छ नत्र दोष लाग्छ भन्ने धारणा पाइन्छ। कोही बाल बालिकाको कद छोटो छ र बड्ने सम्भावना पनि छैन् भने ग्रहण लागेको बेला मूलद्वारको ठेलामा राखेर तान्नाले कद बड्छ भन्ने लोकको विश्वास पनि छ।

ग्रहण लागेको समयमा राहुलाई धपाउन भनि टिन, थोत्रे भाँडा, शङ्ख आदि बजाउने प्रचलन पनि छ। यसो गर्नाले राहुले सूर्य या चन्द्रलाई कम कष्ट दिन्छ भन्ने घारणा छ।

---

[८१] **श्रीमद्देवीभागवत महापुराण** द्वितीय खण्ड, वि. सं. २०७०, गोरखपुर: गीता प्रेस पृ. २६४-२६५

विद्यार्थीका लागि ग्रहण शुभ साइत मानिन्छ। त्यस समय पढनाले विद्याको प्राप्ति हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ।

वैज्ञानिक दृष्टिकोण पनि ग्रहणमा खानु वा बाहिर निस्किनु खतरा मानिन्छ। ग्रहण लागेको समय नाङ्गो आँखाले सूर्य या चन्द्रलाई हेर्न लोकविश्वासले वर्जित गरेको छ। विज्ञान पनि चश्मा वा कुनै वस्तु धारण गरेर मात्र सूर्यग्रहण वा चन्द्रग्रहण हेर्न सकिने कुरा बताउँछ।

**सावा**

सूर्य या चन्द्रको वरीपरी लाग्ने एक प्रकारको इन्द्रेणी जस्तो वृत घेरोलाई **सावा** भनिन्छ। सावा कहिलेकाहीँ मात्र सूर्य या चन्द्रमाका वरीपरी देखिन्छ। स्वच्छ आकाश भएको समय कहिलेकाहीं यसको दर्शन गर्न सकिन्छ। यदि सावा लागेको दखियो भने कुनै ठूलो दुर्घटना घट्ने, राज परिवारमा घटना घट्ने, आँधी-बेहेरी तुफान अथवा कुनै ठूलो भवितव्य आईलाग्ने र कुनै महान व्यक्तिको निधन हुने र कुनै देशमा आक्रमण हुने अथवा ठूलो युद्ध हुने सम्भावना हुन्छ भन्ने लोकविश्वास छ।

**सावा** शब्द **सभा** शब्दको रुप हो भन्ने लोकले मानेकोछ। कुनै ठूलो दुर्घटना हुने छ भने देवताहरू सूर्यमण्डल या चन्द्रमण्डलमा आएर सभा गर्छन् भन्ने लोकको धारणा छ। हुन

त यो पनि भौगोलिक रुपमा हुने घटना हो। यति हुँदा हुँदै पनि लोकको निम्ति कुनै दुर्घटनाको पूर्व सङ्केत दिने माध्यम भएको छ।

## धामी-झाँक्री सम्बन्धी नेपाली लोकविश्वास

### धामी झाक्री प्रथा

नेपाली लोकजीवनमा धामी-झाँक्रीको ठूलो महत्त्व छ। धामी-झाँक्री प्रथा नेपाली लोकमा मात्र नभएर विश्वका अधिकांश समाजमा पाइन्छ। धामी झाँक्रीलाई अङ्ग्रेजीमा **SHAMAN** वा **SHAMASIM** भनिन्छ।[८२] धामीलाई बिजुवा, फेदाङवा, ओझा, जानपा आदि भनिएको पनि पाइन्छ। नेपाली समाज विभिन्न जात जाति तथा विभिन्न जातिगोष्टी मिलेर बनिएको हुनाले सबैका आ-आफ्नै धामी-झाँक्रीका नामहरू पाइन्छन्। जस्तै राईहरूको बिजुवा, लिम्बुहरूको फेदाङ्बा, छेत्री-बाहुनको धामी-झाँक्री आदि। धामी-झाँक्रीहरू मनोवैज्ञानिक रुपले शक्ति सम्पन्न हुन्छन् भन्ने विश्वास पाइन्छ।

शब्दकोसीय अर्थानुसार धामी भन्नाले कुनै देवीदेवता, आत्मा वा भूतप्रेतको आवेश र शक्तिलाई शरीरमा आरोपित गरी कम्पन उत्पन्न गर्दै बिमारीको शरीरबाट जागित्र, भूतप्रेत

---

[८२] श्रीधरप्रसाद लोहनी, **एकता वृहत नेपाली-अङ्ग्रेजी कोश**, २०१२, सिलगढी : एकता बुक हाउस प्रा. लि., पृ. ३६७

पिशाच झार्ने, लागो-भागो निको पार्ने व्यक्ति, तन्त्रमन्त्रद्वारा झारफुक गर्ने व्यक्ति झाँक्री बुझिन्छ।[८३] हंसपुरे सुवेदीले धामी र झाँक्रीको दुईवटा अर्थ दिएका छन्। उनको तर्क यस प्रकार छ- **धाम र देवी देवल वा मस्टो आदिको धार्मिक स्थल वा स्थानमा रहेको, साधक बस्ने ठाउँमा बस्ने तन्त्र मन्त्र साधक धार्मिक साधक नै धामी हुन्। फेरि लामो लामो झाँक्रो (लट्टाजटा) पालेका लट्टेधामी मन्त्रवल र साधनाद्वारा देवीदेवता वा प्रेतात्मा जगाई भूत-भविष्यत, हेरकोर गर्ने, लागोभागो आदि जस्ता कुराहरूका साथै उपचार वा सुरक्षार्थ कार्य गर्ने ढ्याँग्रो वा थाल बजाउँदै फलाको हाली तन्त्र मन्त्रको प्रभाव देखाउने साधकलाई झाँक्री भनिन्छ।**[८४] धामी, झाँक्री, बिजुवा, फेदाङबा र जानपा आदि एकै समान भए तापनि यिनमा केही फरक भने लोकवार्ताका विद्वान हंसपुरे सुवेदीले स्वीकारेका छन्। **धामी भन्नाले आज साधारणतया तन्त्रमन्त्र तथा रहस्यात्मक विधिविधानले रोगको उपचार गर्ने व्यक्ति बुझ्दछौं**[८५] भन्ने धारणा कविताराम श्रेष्ठको पनि रहेको छ। यसरी हेर्दा धामी झाँक्री अलौकिक शक्तिसम्पन्न हुनका साथै मनोवैज्ञानिक ढङ्गमा कार्य गर्ने क्षमता

---

[८३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पुनर्मुद्रण वि. सं. २०६८ **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा. लि. पृ. ५२२

[८४] हंसपुरे सुवेदी, सन् २०५५ **नेपाली लोकजीवन: लोकविश्वास**, काठमाडौं : साझा प्रकाशन, पृ. १०६

[८५] कविता राम श्रेष्ठ, वि. सं. २०५८, **के किन भनियो?**, काठमाडौं : बगर फाउण्डेशन प्रकाशन पृ. १२

भएका व्यक्ति हुन्। धामी-झाँक्री विशेष गरेर पुरुषवर्गलाई सम्बोधित गरिन्छ। यदि स्त्रीमा यो अलौकिक शक्ति छ भने तिनलाई **माता** भनि सम्बोधन गरिन्छ। आमा वा जननीका रुपमा माता शब्दको प्रयोग गरिएको हो। हिजो आजको सन्दर्भमा भने यदि पुरुष पनि कुनै माताद्वारा उत्रिन्छ र मन्दिरको निर्माण गरी तेही मन्दिरमा पूजा-अर्चना गरि उपचार गर्छ भने त्यस पुरुषलाई पनि माता नै भनिन्छ। विशेष गरेर यिनीहरू चामलबाट जोखाना हरेर रोगीको रोग खुट्याउने गर्दछन्। आफ्नो सेरगेमद्वारा रोगउपचार गर्दछन्।

ब्रिटानिका रेडी रेफरेन्स इन्साइक्लोपिडिया अनुसार, **धामीले आफ्नै मन्त्रले बिमारीहरूलाई निको पार्नसक्छ। झाँक्री स्त्री वा पुरुष दुवै हुन सक्छन्। झाँक्रीलाई औषधी मानिस (मेडिसीन मेन) अथवा पूजारीको रुपमा पनि मानिन्छ। झाँक्रीले विभिन्न बिमारी जाती पार्नका साथै बलि दिने, मृत-आत्मालाई बाटो लगाउने काम पनि गर्दछ।**[८६] धामी झाँक्री, फूक-फाक, झार-झूर गर्ने, मन्साउने, पन्साउने कामले गर्दा यिनीहरूको आफ्नो अर्कै सम्मा वर्चस्व रहेको पाइन्छ।

[८६] **ब्रिटानिका रेडी रेफरेन्स इन्साइक्लोपिडिया**, भाग नया दिल्ली ९, पृ. ३१

नेपाली समाजमा आज पनि  धामी-झाँक्री प्रचलन रहेको पाइन्छ। गाउँ वस्तीमा मात्र नभएर शहर बजारमा पनि आधुनिक डाक्टरी दवाइका साथै लागो भागो पन्छाउन धामी-झाँक्रीको प्रयोग गरिन्छ।

धामी-झाँक्रीले भविष्य पनि हेर्ने काम गर्दछन्। दुःख, रोगादिको कारण पत्ता लगाउन चामलका दाना गनेर भूत, वर्तमान र भविष्यको कुरो पत्तो लगाउने कार्यलाई नेपाली लोकमा **जोखाना** भनिन्छ। जोखाना नाडी छामेर, पानी जोखाना हेरेर तथा चामल गनेर पनि राखिन्छ। जोखाना हेर्नु मात्र धामीको कार्य नभएर त्यसद्वारा निस्किएको समस्याको समाधान गर्नु पनि धामीको कार्य हो।

**धामी झाँक्रीका प्रकार**

धामी झाँक्रीका विभिन्न प्रकार नेपाली समाजमा पाइन्छ। जसमा प्रमुख केही यस प्रकार छन्-

**धामी**

थान बनाएर रातभरी चिन्ता गर्ने नेपाली समाजका छेत्री- बाहुन जातिका व्यक्तिलाई धामी भनिन्छ। छेत्री-बाहुनका देवता दुई प्रकारका हुन्छन्। जस्तै कूलदेवी, कूलदेवता,

मस्टदेव, महारानी बुढी बज्यूदेवी, सेतीदेवी आदि। अर्का थरी झाँक्रीदेव हुन्छन्। देवी-देउता उत्रिएकानहरू धामी भनेर चिनिन्छन्।

**झाँक्री**

झाँक्री देव आएर उत्रिएका व्यक्तिलाई **झाँक्री** भनिन्छ। झाँक्री विभिन्न प्रकारका हुन्छन्। वन झाँक्री, रिट्टे झाँक्री, कल्लेन झाँक्री, सुन झाँक्री, लट्टे झाँक्री आदि। झाँक्री उत्रिएको व्यक्तिले लामो कपाल पाल्ने निधारमा ठाडो रातो सिन्दुर लगाउने चलन पाइन्छ।

नेपाली समाजमा **वन झाँक्री**सम्बन्धी लोकविश्वास प्रचलित छ। वन झाँक्री वनमा बस्छ। उसलाई मन परेको बालकलाई गाउँबाट लिएर जान्छ अनि उसलाई राखेर तन्त्र मन्त्रको ज्ञान दिन्छ अनि झाँक्री बनाएर लोक कल्यानका लागि छोडी दिन्छ। यसता किंवदन्ति आज पनि नेपाली समाजमा उत्तिकै व्यापक रुपमा प्रचलित छ।

कतिपयले वन झाँक्रीलाई वन जङ्गलतिर हिँडीहिँड्ने, खोला वा ओडारतिर अदृश्यरुपले रहने देवयोनी विशेष पनि मानेका छन्।[८७] बाइबलमा पनि वनदेवताका बारेमा उल्लेख पाइन्छ। पुरानो नियम बाइबलमा, यशैया ३४:१४मा **अनि निर्जन भूमिका जङ्गली**

[८७] हंसपुरे, सुवेदी, पूर्ववत्, पृ, १०२

**जानवारहरू ब्वाँसाहरूसित मिलेर त्यहाँ बस्नेछ, भूत-प्रेत आफ्नो साथीलाई डाक्नेछ, रातको वन-देवले विश्राम गर्ने ठाउँ पाएर त्यहाँ बास बस्नेछ।**[८८] यसरी नै यशैयाको १३:२१ मा, **तर जङ्गली जानवारहरूले त्यहाँ विश्राम गर्नेछन्। तिनीहरूका घरहरू स्यालहरूले भरिएका हुनेछन्। शतूमर्गहरू त्यहाँ बस्नेछन् र वनदेवहरू त्यहाँ नाच्ने छन्।**[८९] भनेर **बाइबल**ले पनि वन झाँक्रीको उल्लेख गरेको छ। यति हुँदा हुँदै पनि बाइबलमा प्रयुक्त वनदेव र नेपाली समाजमा प्रचलित वनझाँक्री एकै हुन् भनि किटान गरेर भन्न सकिन्न।

धामी-झाँक्रीले बिमारी व्यक्तिको झार फूक गर्ने, बलि दिने, कूल बुझाउने, लागोभागो पन्छाउने, देवी-देउराली पूजा गर्ने, संसारी पूजा, नाग पूजा, गुरु पूजा आदि कार्य गर्दछन्।

**बिजुवा**

नेपाली समाजमा रहेका राई वा खम्बु गोष्ठीमा विजुवाको प्रचलन छ। उनीहरूमा कसैको मृत्यु भए विजुवाले नै तरण तारणको कार्य गर्छन्। उनीहरू यसलाई सिया मार्नु भन्ने गर्छन्। मृत आत्मालाई बोलाएर त्यसको अन्तिम इच्छा सोधी त्यसको इच्छा पुरा गरी

---

[८८] **पवित्र बाइबल,** बाईबल सोसाइटी अफ इन्डिया, पृ. ८७३

[८९] पूर्ववत्

त्यसलाई पार तार्ने कार्य गर्दछन्। लिम्बु जातिमा पनि यही प्रचलन छ। उनीहरू बिजुवा नभनेर **फेदाङबा** भन्ने गर्छन्। यस बाहेक कूल बुझाउने, बलि दिने, झार फूक गर्ने, आदि कार्यका लागि पनि बिजुवा अथवा फेदाङबाको प्रयोग गरिन्छ।

बिजुवाहरू ढोलेका साथमा चिन्ता बस्दछन्। दायाँ र वायाँ ढोले राखिएको हुन्छ। ढोले ढोल बजाउँछन्। त्यही ढोलको तालमा नाचेर बिजुवा चिन्ता गर्दछन्। चिन्तामा ढोलेको पनि विजुवाकै झैं शक्ति हुन्छ भन्ने मानिन्छ। हान बान गर्दा सर्वप्रथम ढोलेलाई नै हमला हुन्छ। किनकि ढोले नलडाइ बिजुवालाई हमला गर्न असम्भव हुन्छ भन्ने धारणा छ।

**माता**

माता भन्नाले जगत जननी माता भन्ने बुझिन्छ। त्यसैले काली उत्रिएका व्यक्तिलाई **माता** भनिन्छ।यिनीहरू धामी-झाँक्री, बिजुवा झैं ढोल, ढ्याङ्ग्रा, थाल आदि चलाउँदैनन्। यी अहिँसावादी हुन्छन् अर्थात मार, काट, बलि आदिमा विश्वास नगरेर पूजा, साधना आदिमा विश्वस्त हुन्छन्। यिनीहरू प्राणी हत्या वा बलि नगर्ने कोमल स्वभाव भएका कारण नै यिनीहरूलाई माता भनिएको हो भन्न सकिन्छ। घामी-झाँक्री र माताहरूमा के फरक छ भने धामी-झाँक्री तामसी स्वभावका हुन्छन्। उनीहरू बलि तथा मद मदिरा चढाएर वा

खाएर देवदेवी पूजा अर्चना तथा चिन्ता गर्छन्। माताहरू सात्त्विक स्वभावका हुन्छन् र फल फूल आदि लिएर पूजा गर्छन्। दुवैको कार्य भने एकै हो, लोकलाई शैतानी शक्तिबाट मुक्त पार्नु। माता मन्दिर स्थापना गरेर त्यहीं पूजा अर्चना गरी त्यहीं उपचार पनि गर्दै बसेका हुन्छन्। भ्रमको कुरा के छ भने माता स्त्रीलाई सम्बोधित गर्ने शब्द भए तापनि समाजको उपकार गर्न उत्रिएर मन्दिर बनाइ बसेका स्त्री र पुरुष दुवैलाई नै माता शब्द नै कहलाउँछ।

**धामी झाँक्रीले गर्ने चिन्ता**

मनको डर वा पीडा हटाउन गरिने पारम्परिक र लौकिक विधानलाई **चिन्ता** भनिन्छ। धामीले थान बनाएर घुङरिङ्ग सेउली लिएर चिन्ता गर्छ। यो रातभर गरिने प्रकिया हो। चिन्ता गर्दा धामीले आफ्ना शरीरमा प्रेत आत्मा जगाई त्यसलाई भकाएर बिरामीको उपचार गर्छ। धामीलाई देवी देवतासम्म आफ्नो गुनासाहरू पुऱ्याउने माध्यम मानिन्छ। त्यसैले धामीले चिन्तामा कूलदेवता, महारानी देउता, काली, शिव आदि आफ्ना शरीरमा उतारी एकाएक भकाउने काम गर्छ। चिन्तामा धामीले यसरी विभिन्न देवदेवी शरीरमा चढाएर बक्नुलाई धामीको **फलाको** भनिन्छ।

**धामीका सामा सर्जाम**

धामी झाँक्रीले चिन्तामा प्रयोग गर्ने वस्तुलाई धामीको **सामा सर्जाम** भनिन्छ। धामी-झाँक्रीका निम्ति विभिन्न सामा सर्जामको आवश्यकता पर्दछ। जस्तै, बँदेलको दाह्रा, गैंडाको नाभी, बराँठको सीङ, पशु-पन्छीको हाड-खुर नङ्ग्रादि, दुम्सीको काँडा, लुइँचे वा कालीजको पुच्छर, प्वाँख, कौडी, बाघे कौडी, बोतलको मटेङ्ग्रा, तीनपाले बोतल, अनेक प्रकारको ढुङ्गाहरू, एक जोडी थुर्पी (काठको), घुङ्रिङको फूल, दियो, कलश, धुपौरो, त्रिशूल-भाला, चँवर, रूद्राक्ष, रिट्टा र कौडोको माला, साँपको हड्डीको माला आदि।[९०]

मुख्य रुपमा धामीले प्रयोग गर्ने भनेको ढ्याङ्ग्रो र ढोल हो। काठको गोलो घेरो र समात्ने मुर्रा भएको साथै घेरोको दुवैपट्टि बाख्राको छालाले मोहरेर ताल बनाएको तथा वेतको गजोले बजाउँदै चिन्ता गर्ने वस्तु ढ्याङ्ग्रो हो। काठको अण्डाकार घेरो र समात्ने मुर्रा भएको, त्यसमा पनि दुवैपट्टि बाख्राको छालाले मोहरेर ताल बनाएको वस्तु हो

---

[९०] एस. एम, वाइबा,२००८, **परम्परागत नेपाली लोकगीत-लोकसंस्कृति**, सिक्किम : निर्माण प्रकाशन, पृ.. ३३०

ढोल।[९१] ढोलको प्रयोग केवल बिजुवाले मात्र गर्दछ। ढोल बजाउनेलाई ढोले भनिन्छ। बिजुवा चिन्ता बस्ता दाँया ढोले र बायाँ ढोले गरि दुई ढोले हुन्छन्।

**धामीले प्रयोग गर्ने मन्त्र**

विभिन्न कार्यका निम्ति विभिन्न मन्त्रको प्रयोग गरिएको पाइन्छ। मन्त्रलाई नेपाली लोकभाषामा मन्तर भनिएको पनि पाइन्छ। केही लोकमा प्रचलित मन्त्र यस प्रकार छन्-

**अङ्ग र थान बाँध्ने मन्त्र**

ओं जलबाँधौं थलबाधौं आसन बाधौं

चारसुर बाँधौं चार किल्ला बाँधौं

सातघाट बाँधौं सातबाटा बाँधौं

पाउ बाँधौं कटि बाँधौं

बत्तिस् कोठरी बाँधौं

बन्ध करौं...

---

[९१] पूर्ववत्, पृ. १२८

ओं क्रीं ह्रि फट् स्वाहा।।[९२]

**सिया झार्ने मन्त्र**

ओं ऐरूँ भैरूँ दुनु भाई

हानौं झारौं मारूँ हुँ फट्।।[९३]

**वैज्ञानिक दृष्टिमा धामी-झाँक्री**

आजको विज्ञान र तक्निकीले भरिएको समाजमा धामी-झाँक्रीको स्थान के कस्तो छ भनेर हेर्दा लोकले आज पनि धामी-झाँक्रीलाई अप्नाइरहेको पाइन्छ। नेपाली समाजमा मात्र नभएर विश्वव्यापी रुपमा नै धामीको प्रयोग भइरहेको पाइन्छ। वैज्ञानिक दृष्टिकोणमा धामी-झाँक्री युक्तिसङ्गत न देखिए तापनि मनोवैज्ञानिक चिकित्सा पद्धतिमा यसको विशेष महत्त्व मानिन्छ। धामी-झाँक्रीले सम्मोहनद्वारा रोगीलाई लट्याउने कार्य मात्र गरेका हुन्छन् तिनमा रोगीलाई निको पार्नसक्ने आलौकिक शक्ति सामर्थ्य हुँदैन, यो हजारौं वर्षदेखि संसारका हरेक जातिको सभ्यता, संस्कृति र धर्म एवम् रीति-थिति अनुरुप पालन

---

[९२] खेमराज नेपाल, **नेपाली लोक साहित्यको रुपरेखा,** दिल्ली : साहित्य अकादेमी , पृ. १७९

[९३] पूर्ववत्

गर्दै ल्याएको काँचो र बोक्रो नताछिएको **जब्बर विज्ञान** जस्तै हो। समाज र मानवशास्त्रले यसलाई झूटमुठको विज्ञान (Pseudo Science) भनेर मान्दछ भन्ने मत पनि पाइए तापनि लोकले आज पनि उत्तिकै यसलाई मानेको छ।[९४] यसद्वारा कतिपय बिमारी तथा भय सन्ताप निको भएको तर्क सुन्न पाइन्छ।

**बोक्सी**

नेपाली समाजमा बोक्सी प्रथा आजसम्म पनि चलिरहेको छ। बिभिन्न तन्त्र, मन्त्र, जादु, टुना आदिमा बोक्सी सलग्न रहेको कुरामा लोकले विश्वास राखेको पाइन्छ। **बोक्सी** शब्द स्त्रीलिङ्गी शब्द हो। यसका सट्टामा डायन वा डाइनी शब्दको प्रयोग पनि गरिन्छ। वास्तवमा समाजका कुनै संदिग्ध व्यवहार भएकी नारीलाई बोक्सीको आरोप लगाइन्छ। धामी-झाँक्रीले कुनै विरामीको चिन्ता गर्दा बोक्सीको तर्क गरेर त्यसको विधान गर्ने गर्छन्। जहाँ नारीलाई जननी भनेर माताको उपाधि दिएको छ त्यहीँ बोक्सीको आरोप पनि नारीमाथि नै लगाइन्छ। नेपाली समाजमा मात्र नभएर विश्वका अधिकांश जातजाति र समुदायमा बोक्सीको तर्क विभिन्न प्रकारले सुन्न पाइन्छ। बोक्सीका चमत्कारपूर्ण

[९४] कविताराम श्रेष्ठ, पूर्ववत, पृ. १५

क्रियाकलाप र ज्ञानका विभिन्न प्रकारका किंवदन्तीहरू समाजमा आज पनि प्रचलित रहेको पाइन्छ।

एउटा किंवदन्ती यस प्रकार छ- देवादिदेव महादेव एक दिन कैलाशबाट धामीको रुप धारण गरी पृथ्वीमा झरेका थिए। देवी गौरी त्यो थहा पाएर बोक्सीको रुप धरेर महादेवको परीक्षा लिन शिव भए ठाउँ आएर शिवसँग शक्तिको बाजी लगाईछन्। बोक्सी र धामीमा ठूलो प्रतिस्पर्धा भयो। धामी र बोक्सी दुवैको बराबर शक्तिको होड भएछ। अन्त्यमा अम्लिसोको पात निल्ने प्रतिस्पर्धामा धामीले सिङ्गै निलेछन् तर बोक्सीले त्यसलाई निल्न सकिनन छन्। त्यसैले आज पनि चिन्ता गर्दा धामीले अम्लिसोको पात प्रयोग गर्दछन्। अम्लिसोका पातको माझ भागमा मान्छेको दाँतको झैं डाम हुन्छ। त्यसैले यो कथा यति लोकप्रिय भएर आज पनि नेपाली समाजमा रहेको छ। त्यही दिनबाट समाजमा धामी र बोक्सीको जन्भ भयो भन्ने विश्वास छ। आज पनि यो धामी र बोक्सीको प्रतिस्पर्धा उत्तिकै कायम छ भन्ने विश्वास गरिन्छ। यसलाई अन्धविश्वास, रूढी र अमानवीय प्रवृत्ति माने तापनि बोक्सी, डायनी, डांकिनी (डंकिनी) आदिको शक्ति सामर्थ्य र अस्तित्वलाई लोकले स्वीकार गर्दै आएको पाइन्छ।

**बोक्सीवादमा वैज्ञानिक दृष्टिकोण**

विश्व सभ्यता नै नारी शोषण तथा नारीको तिरस्कार गर्नमा उन्मुक्त देखिन्छ। वास्तवमा बोक्सी एउटा नारी शोषणको रुप हो। नारीलाई जहाँ जननी भनिन्छ त्यहाँ बोक्सीको उपाधि दिएर तिरस्कार पनि गरिन्छ। नारी जो बालक बालिकाको रक्षा गर्छन्, जसले दश महिनासम्म गर्भ धारण गरेर जय जन्म गराउँछन्। तिनलाई बोक्सीको आरोप लाउनु उचित र युक्तिसङ्गत देखिँदैन्। लोकको भनाइ अनुसार बोक्सीले स-साना बालक बालिकाको बलि चढाउँछन्। तिनीहरूको खुन पनि चुसेर मृत्युको मुखमा ढकेल्छन् भन्ने अनौठो विश्वास राखेको पाइन्छ। यति मात्र होइन बोक्सीले बलि दिनु परेमा आफ्नै छोरा-छोरीको बलि दिन पनि पछि हटदैनन् भन्ने किंवदन्तीहरू प्रशस्त पाइन्छ। नारी हृदय यति कठोर हुँदैनन् त्यसैले यी तर्क केवल भ्रम वा नारी विरोधी आरोप मात्र साबित हुन्छ।

यति हुँदा हुँदै पनि लोकले आज पनि कहीं न कहीं हुन्छ भन्ने भ्रम पालेर राखेको पाइन्छ।यस्तो भ्रम एउटा मनोरोग जस्तो भएको छ। बालकृष्ण सम जस्ता विद्वानले **बोक्सी** नामक एकाङ्की लेखेर यसलाई मनोवैज्ञानिक रुपका बसेको रूढ प्रथा बताएका छन्। यति हुँदा हुँदै पनि यसको विश्वास लोकमा आज पनि यथावत् रहेको देखिन्छ।

**भूत-प्रेत**

**भूतप्रेत** सम्बन्धी कथा र प्रेतात्मा शब्द सुन्दै डर लागेर आउँछ। भूत नेपाली समाजमा मात्र नभएर विश्वव्यापी रुपमा मै विश्वास गरिने तत्त्व हो। शब्दकोश अनुसार भूत भन्नाले **मेरेको मान्छको आत्मा वा त्यसको कल्पित आकार (आकृति) मृतात्मा, प्रेत, पिशाच** आदि हुन्छ।[९५] भूत-प्रेत एकै शब्द जस्तो देखिए तापनि सूक्ष्मालोकन गर्दा यी दुई भिन्न देखिन्छ। मरेको व्यक्तिको आत्मालाई भूत न भनिएर प्रेत भनिएको पाइन्छ। **स्थूल शरीर ढलेपछि सत्रतत्वहरूको आधारबाट सूक्ष्मशरीर सजीवरुपमा प्रकट हुने स्थितिमा हुन्छ अनि यो वायवीय ( वायुयुक्त) शरीरको आधारमा निर्मित हुन पुग्दछ र कर्मानुसारको गति लिन थाल्छ। यस प्रकार स्थूल शरीरको नाशपछि सूक्ष्मशरीर आफ्नो सूक्ष्म संसारमा विरचित गर्छ। यो सूक्ष्म लोक पनि एक किसिमको मर्त्यलोक जस्तै सुख, दुःख, राग-द्वेष आदि वासनात्मक एवं भौतिकवादी लोक बुझिन्छ। यहाँ देखिने वायवीय शरीर नै एक प्रकारको प्रेत हो।**[९६] नेपाली लोकमा भूत विशेष प्रकारको अलौकिक शक्ति भएको अद्वैत शक्तिलाई मानिएको पाइन्छ। जहाँ नेपाली समाजमा भूतप्रेतलाई नकारात्मक तत्त्व मानिन्छ त्यहीँ

---

[९५] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ. ७६४

[९६] हंसपुरे सुवेदी, पूर्ववत, पृ. १६९

यसलाई शिवगण मानेको पनि पाइन्छ। भूतलाई प्रेतबाट अलग गर्ने तत्त्व के हो भने भूत सृष्टिदेखि नै संसारमा व्याप्त मानिन्छ तर प्रेत व्यक्ति विशेष मरेपछि त्यसको आत्माद्वारा निर्माण भएको मानिन्छ। मरेपछि गति नपाएर अन्तरीक्षमा भट्किरहेका र पार नपाएका अगति आत्मालाई प्रेत भन्ने चलन रहेको पाइन्छ।

यदि कुनै व्यक्तिको मरण अपगति अर्थात् समय नपुगी भयो भने त्यसको आत्मा प्रेत बन्छ भन्ने धारणा रहेको पाइन्छ। यसका साथै आत्मा हत्या गरेर मरेका र कुनै दुर्घटना परेर मरेको व्यक्तिको पनि आत्मा प्रेत हुन्छ। साधारण मृत्युपछि पनि यदि दिवङ्गतको काज क्रिया विधिविधानपूर्वक भएन भने पनि त्यो आत्माको मुक्ति हुँदैन र प्रेत भएर लोकमा दुःख कष्ट दिएर बस्छ भन्ने धारणा छ। त्यो प्रेत आत्माले त्यसका परिवारका साखा सन्तानलाई दुःख, कष्ट दिन्छ। यति मात्र होइन् यदि त्यसको सही तरणतारण भएन भने त्यसले कूल देवताको स्थान ग्रहण गर्छ र वायु भएर बस्छ भन्ने धारणा लोकमा प्रचलित छ। छेत्री-बाहुनका कतिपय थर जस्तै दाहाल, नेउपाने आदिका घरमा कूल देवताको सट्टा वायुको पूजा गरेको देख्न पाइन्छ।

सन्तानमा प्रेत आत्मा नरहोस् भनेर विभिन्न पूजा अर्चना गरिन्छ। श्रीमदभागवत पूराण लगाइन्छ, नारायण बलिको विधान गरिन्छ, तिरपिण्डे सराधको विधान गरिन्छ। यसो

गर्नाले साखा सन्तानमा युगौंदेखि रहेका प्रेतात्माको मुक्ति हुन्छ औ तिनीहरूको स्वर्गारोहन हुन्छ भन्ने लोकविश्वास अझै समाजमा उत्तिकै छ।

साधाराणतः सबै प्रकारका प्रेत तथा अद्वैत शक्तिलाई भूत भनिने गरिन्छ। वास्तवमा भूत तत्त्वको आदि अन्त केही हुँदैन। यो खोला, छाँगा, भीर, पाखा, ओडार आदि सुनसान स्थानमा बस्तछ र एकलो दुकलो मान्छे भेटे तर्साउने गर्छ र लाग्ने गर्छ। भूत अजन्मा हुन्छन् तथा यसको मृत्यु पनि हुँदैन भनिन्छ। नेपाली लोकमा विभिन्न प्रकारका भूतको चर्चा भएको पाइन्छ।यसमा **राँके भूत, मसान, मुर्कुट्टा, ओडारी भूत, छाँगे भूत,** मुख्य हुन।

**राँके भूत** राती बाटोमा राँको बालेर हिंडेको भेटिन्छ। टाडाबाट हेर्दा धेरै राँकाहरू बालेको देखिन्छ तर छेउमा ती राँका हुँदैनन्। राँके भूतले भेटेपछि मान्छे बिमार पर्दछ। यस्ता भूत साधारणतः सबैले भेट्ने र भेट्नसक्ने भूत हो। प्रायःजसो भूतको चर्चा हुँदा राँके भूत कै चर्चा अघि आउँछ।

**मसान** समसानको भूत हो। यो मानिस जलाउने घाटमा बस्ने गर्छ। समसानमा बस्ने भएकाले नै यसलाई मसान भनिएको हो। मसानहरू पनि विभिन्न प्रकारका मानिएका छन्। वीर मसान, काली मसान, सुके मसान। वीर मसान सबैभन्दा शक्तिशाली मानिएको

छ। सुके मसानले भेटयो भने मानिसको शरीर सुकेर आउँछ अनि खुन पनि सुकेर सिट्ठा बनाउँछ। कुनै उपचार नभएको खण्डमा मृत्युको शिकार हुन्छ। काली मसानको बसमा परेको व्यक्ति डडेर कालो हुन्छ। सयमा उपचार नपाए अँगार जस्तो कालो भएर मर्छ भन्ने लोकविश्वास पाइन्छ। नेपाली समाजमा यस्ता मसानलाई बसमा पारेर विभिन्न कार्य गर्न लगाएको किंवदन्ती पनि पाइन्छ। पहिला पहिला रात रात भर मसानलाई कसरतपूर्ण अप्ठ्यारा काम गर्न लगाइन्थ्यो भन्ने अनौठा हो हल्ला पनि समाजमा पाइन्छ। मसान जगाएर काममा लगाएपछि त्यसलाई भाका राखेर वाचा गरेको वस्तु चढाएन भने अह्राउने व्यक्ति अकालै मर्छ भन्ने त्राशमय कुरा पनि त्यतिकै सुनिन्छ।

**मुर्कुट्टा भूत** पनि एक प्रकारको मसान नै मानिन्छ। कहीँ कहीँ यसलाई मुर्कुट्टे मसान पनि भनिएको पाइन्छ। यसको प्रभाव नेपाली समाजमा बढी नै पाइन्छ। यसको शीर हुँदैन साथै आँखा कुममा हुन्छन् भन्ने लोकले मानेको छ। शीर नभएको कारण नै यसलाई मुर्कुट्टा अर्थात मुखकट्टा भनिएको हो।

## भूत-प्रेत र वैज्ञानिक दृष्टि

विज्ञानको उत्तरोत्तर प्रगतिले जत्तिकै चमत्कारपूर्ण अन्वेषण र आविष्कार गरे तापनि यस्ता रहस्यमय धारणा र विश्वासलाई वैज्ञानिकताका दृष्टिले पनि हेरेको पाइन्छ। वैज्ञानिक तथ्य र परीक्षणमा विश्वास राख्तछ। वास्तवमा लोकविश्वासलाई न तर्क चाँहिन्छ न त तथ्य। लोकले केवल अनुभूतिमा विश्वास गर्छ। साधारणतः पराभौतिक शक्तिको आज पनि समाजमा उत्तिकै प्रभुत्व छ। समयसँगसँगै विचार तथा दृष्टिमा पनि परिवर्तन आउँछ त्यही बदि्लँदो विचार नै वास्तवमा विज्ञान हो। हिजो हेरेको कुरा हिजोको दृष्टिमा सटीक हुन्छ तर आज नयाँ सोचका साथै दृष्टि पनि फेरिन्छ। आदिमकाल अर्थात पौराणि वैदिक कालमा सुर असुर अर्थात देवता र राक्षसको चर्चा रहेको पाइन्छ। पुराण तथा **महाभारत, रामायण** जस्ता धर्मग्रन्थहरूमा भूत तथा प्रेतको कुरा गरिएको छैन। मध्यकालीन युगमा भने भूत प्रेतको कुरा खुबै जोर शोरले भएको पाइन्छ। **गरुड पुराण**मा पनि प्रेतात्माको चर्चा पाइन्छ **गरुड पुराण**अनुसार दिवंगत आत्मा १० दिनसम्म प्रेतको रुपमा भटकिरहन्छ तर कर्मकाण्डीय विधान अनुसार त्यस प्रेतलाई दिवंगत भएको बाह्रौं दिनमा सपिण्डी गराएर पितृलोक तारिन्छ। यसको अर्को नमुना तुलसीदासको **हनुमान चालीसा** हो।

**भूत पिशाच निकट नहिं आवै।**

**महावीर जब नाम सुनावै।।**[९७]

**रामायण** तथा **महाभारत** जस्ता ग्रन्थमा राक्षस तथा आसुरी शक्तिको वर्णन गरिएको छ। **रामायण**का पात्र हनुमानलाई अशुर संहारक मानिए तापनि तुलसी दासको **हनुमान चालीसा**मा भने उनलाई भूत पिशाच आदि भगाउने मानिएको छ। यसरी पौराणिक कालमा चर्चित राक्षस नै भूत भएको अनुमान गरिन्छ। आजको विज्ञानको सन्दर्भमा भूत परग्रही प्राणी (एलियन)लाई  मानिन्छ। आज पनि समाजमा पराभौतिक कार्य भइरहेको पाइन्छ। यस्तो कार्य सम्पन्न एलियनद्वारा भएको  हुनसक्छ भन्ने तर्क विज्ञानले गर्छ। यति हुँदा हुँदै पनि एलियनको अस्तित्वको बारेमा केवल सम्भावना मात्र राखिएका छन्। एलियन पनि किंवदन्तीका रुपमा नै आजको लोकमा चर्चित छन्। पराभौतिक शक्तिको कुरा आधुनिक समाजले जसरी गरे तापनि नेपाली लोकमा भूत-प्रेतको डर त्रास आज पनि जीवित नै छ। एउटा लोकविश्वासका रुपमा भूत, पिचास, मसान, मुर्कुट्टा, शैतान आदिलाई मन्साउने, पन्साउने, भगाउने क्रियाकलाप भइरहेकै पाइन्छ।

[९७] तुलसी दास, **हनुमान चालिसा,** दिल्ली : मनोज पब्लिकेशन्स, पृ.२९

## शकुन अपशकुन सम्बन्धी लोकविश्वास

मानिस मानसिक रुपमा विकसित प्राणी हो। मानिसले के गर्दा राम्रो हुन्छ के गर्दा नराम्रो हुन्छ युगौंको अनुभवद्धारा जानेको छ। यो केवल एक जाति वा गोष्ठीको सभ्यताको अनुभव होइन तर सम्पूर्ण विश्व सभ्यताको अनुभव हो। शकुन अपशकुन सम्बन्धी लोकविश्वास नेपाली समाजमा मात्र नभएर विश्वमा नै प्रचलित रहेको पाइन्छ। नेपाली समाजमा भने शकुन अपशकुनको ठूलो महत्त्व छ। के कस्तो पूर्वसङ्केत भए शकुन हुन्छ? अथवा के कस्ता घटना भए अपशकुन हुन्छ? यसको फलाफल लोकमा पहिल्यैदेखि नै व्याप्त छ। यसता लोकविश्वास मनोवैज्ञानिक रुपमा लोकमा निहित छन्।

### शकुन

नेपाली समाजमा यस्ता लोकचेतना छन् जसले शुभ कार्य सफल हुने चेतना दिन्छ। यसता शुभ साइत गराउने लोकविश्वासलाई शकुन भनिन्छ। नेपाली समाजमा यस्ता लोकविश्वास छन् जसले कुनै पनि व्यक्तिको आत्मबललाई बृद्धि गराईदिन्छ। कुनै कार्य गर्न जाँदा विशेष कुनै धटनाले मानिसको कार्य गर्ने क्षमता दोब्बर गरिदिन्छ।

शकुन सम्बन्धी लोकविश्वासमा नेपाली समाजमा एउटा उखान प्रचलित छ- **दाहिने मृग देब्रे साप, जता गयो तेतै लाभ**। कुनै कार्यमा जाँदा मृग दाहिने तर्फ भेटियो या देब्रे तर्फ सर्प पऱ्यो भने शकुन मानिन्छ। यसतो भएको खण्डमा सबै कार्य सफल हुन्छन् भन्ने लोकमत पाइन्छ। बाटोमा पानीको भरी गाग्री भेटिए, घाँस वा दाउराले भरिएको डोकाको भारी भेटिए लक्षण मानिन्छ र त्यो खुबै शकुनको सङ्केत मानिन्छ र राम्रो साइत पऱ्यो भन्ने मनोवैज्ञानिक प्रभाव पर्दछ र काम सफल भएको पुष्टि गरिन्छ।

यसका अतिरिक्त काममा घरबाट हिँड्दा दही चिनी खाएर हिँड्नु अति शुभ मानिन्छ। श्रीगणेशको पूजा गरेर हिँडे कार्य  सिद्धी हुन्छ। श्रीगणेशलाई सिद्धीदायक तथा शुभकर्ता देवका रुपमा पूजा गरिन्छ।

नेपाली समाजमा विभिन्न किसिमका शुभ सङ्केतजनक लोकविश्वास छन्। घरमा परेवा वा मौरी आएर बसे शुभ मानिन्छ। सुन बारुलाले घरमा गोलो लगाए शुभ नै हुन्छ भन्ने धारणा छ। घरमा कुनै कुकुर आएर बसे राम्रो हुन्छ भनिन्छ।

यस प्रकारका लोकविश्वासले समाजमा एउटा उर्जाको कार्य गर्दछ। हंसपुरे सुवेदीका भनाइमा, **जो केही कुरा, बस्तु वा विषय, प्रकृति-संकेत आदिबाट शुभ संकेतको लिदैं मानव**

**हृदय यसप्रति आस्थावान् भई परिकल्पनामा लाग्छ, यो विषयवस्तु नै शकुन हो।**[९८] यसरी शकुन लोकविश्वासले समाजमा एउटा सबल उर्जाको सञ्चारण गर्दछ।

**अपशकुन**

कुनै पनि नकारात्मक प्रभाव पार्ने कुरोलाई अपशकुनको रुपमा चिनिन्छ।कुनै पनि तत्त्वको सकारात्मक विरोधी प्रभाव हुन्छ। एउटा पैसाको दुईवटा भाग भने झैं लोकविश्वाका पनि दुई भाग हुन्छन् शकुन अनि अपशकुन। नेपाली समाजमा मात्र नभएर विश्वव्यापी रुपमा नै यी दुवै थरी लोकविश्वास पाइन्छ।

जसरी दाहिने मृग देब्रे साँपले फलिफाप गराउँछ त्यसरी नै कतै जाँदा देब्रे मृग पऱ्यो या दाहिने साँप परेमा कुनै कार्य पूर्ण हुँदैन र यो अशुभ मानिन्छ। घरमा बिरालो आएर बसेको, मौरीले घार छोडेर गएको, कतै जाँदा बाटोमा बिरालेले बाटो काटेको, रित्तो डोको भेटेको, रित्तो गाग्री भेटेको आदिलाई अपशकुन मानिन्छ। कुनै पनि उड्दै गरेको चराले कसैको शिरमा विष्ट्याएको सबभन्दा अशुभ मानिन्छ। चराले विष्ट्याएको

[९८] हंसपुरे सुवेदी, पूर्ववत्, पृ. २८

व्यक्तिको चाँडो मृत्यु हुन्छ भन्ने मानिन्छ। केरा घरती फर्किएर पसायो भने पनि अशुभ मानिन्छ।

यस्ता अनौठा घटना भएका खण्डमा त्यसको निवारणका लागि अनेक उपाय गरेर त्रासदीबाट शान्त पार्ने जुक्तिहरू पनि गरिन्छ। अर्थात् यस प्रकारका अशुभ वा अपशकुन भएको खण्डमा त्यस घटनाको निवारणका लागि केही दान पुण्यका काम पनि गरिन्छन्। चराले विष्टयाएको व्यक्ति मन्दिर गएर पूजा पाठ तथा जप तप गरेमा सानो तिनो घटना भएर उसको मृत्युको सम्भावना कम हुन्छ। घरतिर फर्किएर पसाएको केरालाई काट्नाले त्यसको पनि प्रभाव कम भएर जान्छ भन्ने लोकविश्वास छ। कोही माग्ने, भिखारी तथा कसैलाई टीको लाएर दान दक्षिणा गरेर पनि नराम्रा ग्रह काटिन्छ भन्ने विश्वास गरिन्छ।

नेपाली समाजमा प्रचलित शकुन लोकविश्वासले जहाँ सबल उर्जा प्रदान गरेको छ त्यहीँ अपशकुनले मानिसको आत्मविश्वास घटाउने कार्य गरेको छ। उदारणार्थ, यदि कोही व्यक्ति विशेष कामले जाँदैछ, बाटोमा उसले पानीले भरिएको गाग्री भेट्यो भने उसलाई आनन्द लाग्छ साथै उसमा सबल उर्जा बडेर उ त्यो कार्य राम्रोसँग गर्छ। तर उसले रित्तो गाग्री भेटेमा उ खिन्न हुन्छ अनि जत्ति नै उसले राम्रो गर्छु भनेको कार्य पनि असफल हुन्छ। अपशकुन नेपाली समाजमा नकारात्मक सोच सञ्चार गरी कार्यमा बाधा

पुऱ्याउने लोकविश्वास हुन्। नकारात्मक सोचले आत्मबल र विश्वास ह्राश गरिदिन्छ र सोचेको काम हुँदैन होला भन्ने भ्रमले उसलाई आत्मबलहीन तुल्याइदिन्छ।

**सपना सम्बन्धी शकुन-अपशकुन**

मानिसले जुन कार्य विपनामा गर्न सक्तैन त्यो सपनामा गर्छ भन्ने धारणा आजको वैज्ञानिक र तकनिकी युगले स्वीकारेको पाइन्छ। नेपाली समाजमा पनि हिजो आज यसको प्रभाव बड्दै गएको पाइन्छ। लौकिक दृष्टिमा सपनाको पनि अर्थ हुन्छ। जम्मै सपनाको अर्थ हुँदैन तर विशेष रुपमा रातको चौथो प्रहर अर्थात् विहानी हुन लाग्दाको ब्रह्ममुहूर्तको सपनाको अर्थ हुन्छ भन्ने मानिन्छ। हंसपुरे सुवेदीले अन्यार्थ, यथार्थ, अपार्थ गरी तीन प्रकारका सपनाहरू मानेका छन्। जुन सपनाको फल तुरुन्तै प्राप्त हुन्छ- अन्यार्थ सपना हो। त्यस्तै जुन सपना देवी-देवता आदि मार्फत् भविष्य सूचक सन्देश दिन्छन्- त्यो यथार्थ सपना हो, अनि गाढा अनुभव र चिन्ता आदिको कारणबाट देखिने सपना अपार्थ हो।[९९]

[९९] हंसपुरे, सुवेदी, पृ. ३२

सपनामा पहाड चढेको देखिए राम्रो सङ्केत मानिन्छ। जुन व्यक्ति पहाड चडछ उसका अब राम्रा र उद्योग गर्ने दिन आएको मानिन्छ। सपनामा मद् मदिरा सेवन गरेको, मासु खाएको देखिए पनि राम्रो मानिन्छ। कसैको मृत्यु भएको देखिए त्यसको उमेर बढेर जान्छ भन्ने विश्वास गरिन्छ।

सपना सदैव राम्रो सङ्केत सूचक मात्र हुँदैन। सपनाले नराम्रो पनि सङ्केत दिन्छ। जस्तै सपनामा ओह्रालो झरेको देखिए नराम्रो मानिन्छ। जो व्यक्ति सपनामा ओह्रालो झर्छ त्यसको जीवनमा पनि त्यसले अधोगति देख्नुपर्छ भन्ने धारणा छ। सपनामा दाँत झरेको देखिए परिवारमा कुनै व्यक्तिको मृत्यु हुन्छ भन्ने धारणा छ। उँभोका दाँत झरे आफूभन्दा ठूलो या आदरणीय व्यक्तिको मृत्यु हुन्छ। उँधोका दाँत झरेको सपना देखिए आफूभन्दा सानो व्यक्तिको मृत्यु हुन्छ भन्ने विश्वास छ। सपनामा बिरालो देखे बोक्सी देखेको, भैंसी देखे यमराज देखेको, बाँदर देखे काल देखेको हो भन्ने धारणा छ। सपनामा आगो र दिशा देखिए पैसा आउँछ भन्ने विश्वास छ। सपनामा भित्ती आङ्गा चढे लोदर लाग्छ र हात्ती चढ्न पाए लाभ हुन्छ भन्ने पनि विश्वास रहेको पाइन्छ। उकालो चढे परीक्षामा उतीर्ण र ओह्रालो झरे अनुतीर्ण भइन्छ भन्ने कुरामा परीक्षार्थी तथा विद्यार्थीहरू खूप बहस गर्छन् र सपनामा विश्वास पनि गर्ने गर्छन्।

सपना सम्बन्धी लोकविश्वासहरू मनोवैज्ञानिक रुपमा प्रभावकारी छन्। यी सपनाले भविष्यको सूचना दिन्छन् भन्ने मानिन्छ।

**बेला बार सम्बन्धी शकुन अपशकुन**

नेपाली समाजमा बेला बारको ठूलो महत्त्व छ। कतै जाँदा साइत गरेर मात्र जाने चलन छ। यो बेला बार सम्बन्धी लोकविश्वास समाज गुणा, थर गुणा र स्थान अनुरुप आ-आफ्नो किसिमको छ। कसैले सोमबार लेनदेन गर्दैनन् भने कसैले विहिबार गर्दैनन्। कोही औंसीमा कुनै काम गर्दैन भने कसैले पूर्णिमामा गर्दैनन्।

बेला बार घऱ्याउन ज्योतिष शास्त्रको प्रयोग गरिन्छ। कुनै शुभ काम गर्दा, गृह निर्माण गर्न शिलान्यास गर्दा, वास्तुपूजा गर्दा, गृहप्रवेश गर्दा, विवाह गर्दा, धान मकै रोप्ने आदि काम साइत हेराएर शुभ समय शुभ बेला पारेर मात्रै गरिन्छ। साइत हेराउँदा खुबै ध्यान दिन आवश्यक हुन्छ। सानो भन्दा सानो कुराले पनि कुलक्षण हुन्छ र साइत राम्रो हुँदैन भन्ने धारणा छ। घर पस्ने साइतमा बेला बार असल भए तापनि वाण परिदियो भने त्यो नकारात्मक हुन्छ। मृत्युवाण, चोरवाण, रोगवाण आदि वाणहरू हुन्छन् जसले गर्दा मृत्युवाण परे मृत्यु हुने सम्भावना, चोरवाणमा चोरी आदि वाणहरूको फल आफ्नै रितले

मानिएको छ। पूर्णिमाको परेवा र औंसीको चतुर्दशीमा शुभ यात्रा गरिन्न। मंगलबार परिवार भेट नगर्नु र शनिबार परिवारलाई छोडेर बाहिर नजाने कुरामा बार्ने चलन पनि प्रचलित छ।

**पशु-पक्षी सम्बन्धी शकुन-अपशकुन**

नेपाली समाजमा पशु-पक्षी सम्बन्धी लोकविश्वास विभिन्न प्रकारले पाइन्छ। पशु-पक्षी विना कारण कराएमा ठूलो आपद विपद आइलाग्ने हुन्छ भन्ने धारणा छ। यस्तो हुँदा भुइँचालो आउने, आँधी तुफान आउने, हिमपात, असिनापात, भल पहिरो, आगलागी आदि घटना हुन्छ। चरा चुरूङ्गी तथा पशुहरूको सुन्ने शक्ति मानिसको तुलनामा बढी भएको कारण नै यिनीहरूलाई पूर्वाभास हुन्छ भन्ने प्रमाण विज्ञानले पनि दिएको पाइन्छ।

यस बाहेक काग कराउँदा शुभ अशुभ कस्तो खबर ल्याएको हो भन्ने तर्क पनि पाइन्छ। यदि काग हरियो रुखमा बसेर कराए शुभ सन्देश ल्याएको मानिन्छ। यदि काग सुकेको रुखमा बसेर कराएको खण्डमा अशुभ समाचार ल्याएको मानिन्छ। आजको सभ्य समाजमा पनि यस प्रकारको लोकविश्वास जीवित नै रहेको पाइन्छ। यसबाहेक खेती किसान गर्ने ग्रामीण समाजमा चराको कराइबाट कुन विजन राख्ने भन्ने सङ्केत पाइन्छ।

विजन राख्ने समय आए पछि विउ कुइयो चराले **विउ कुइयो** भन्दै कराए झैं लाग्छ। लोकले यसलाई बढो गम्भीरता पूर्वक लिएको पाइन्छ। साँझपख सगर डडे भोली अवश्य घाम लाग्छ, बादल उँभो बढे दिन उघारो हुन्छ भन्ने विश्वासमा पनि कहीं न कहीं वैज्ञानिकता नै देखिन्छ।

**पाप-पुण्य र स्वर्ग नर्क सम्बन्धी नेपाली लोकविश्वास**

संसारमा विभिन्न जात जाति, विभिन्न धर्मावलम्वी, विभिन्न सामाजिक-सांस्कृतिक सचेत मानिसहरू स्वर्ग-नर्क, पापपुण्यबारेमा आ-आफ्नै आस्था धारणा र आस्था अनुसार विश्वास गर्दछन्। विभिन्न धर्मग्रन्थहरूमा पाप गरे नर्कगमन र पुण्यकर्म गरे स्वर्ग भोग्न पाउने विश्वास राखिएको पाइन्छ। नेपाली समाज पनि पाप-पुण्य, स्वर्ग-नर्कबारे संवेदनशील देखिन्छ। यस्तो लोक विश्वास परापूर्वकालदेखि नै समाजमा व्याप्त रहोको पाइन्छ। मृत्युपछि प्राणीको अवस्था कस्तो हुन्छ? मनुष्य कुन योनीमा परिवर्तित हुन्छन्? सतकर्मले मनुष्यलाई पार लगाई भौतिक संसार तार्छ भने दुष्कर्मले उसलाई सत्गति प्राप्त गराउदैन। सपना पछिको संसार जस्तो के जीवन पछि पनि संसार छ? यस्तै प्रश्नहरूले नै मनुष्यको चोलामा मरणपछिको जीवन र पाप पछि पाइने यातना अनि पुण्यको शुभ कमाइ हुने

कुरामा आस्था बढ्दै गएको पाइन्छ र यही धारणा नै लोकविश्वामा परिणत भएको पाइन्छ।

हिन्दु परम्परामा पाप-पुण्य र स्वर्ग नर्कको ठूलो मान्यता छ। कसैको भलाइ, उपकार, त्याग, समर्पण, दान, धर्म, पूजा-पाठ तथा देश, माता-पिता, गौ आदिको सेवा गर्नाले पुण्य प्राप्त हुन्छ। यस्ता कार्यले मरणोप्रान्त स्वर्गलोक प्राप्त हुन्छ। तर पाप  कार्य गऱ्यो भने मरणोप्रान्त नर्कको भयानक फल भोग्नु पर्दछ।जहाँ स्वर्ग पाउनेले सुख, सयल, मोज पाउँछ भने त्यहीं नर्क भोग गर्नेले उसको कर्मानुसारको दुःख, कष्ट, यातना पाउँछ भन्ने लोकले परम्परादेखि मानि ल्याएको छ। जो आज पनि उत्तिकै मान्य छ।

वास्तवमा मनुष्यले स्वर्ग-नर्क केही देखेका छैनन्। अदृश्य लोकको यसको कल्पना कसरी कहिले र कसले  गऱ्यो सो पुष्टि गर्न गाह्रो छ। स्वर्गमा देवता बस्ने गर्छन्, धर्मी मानिस मरेपछि त्यहाँ गएर सुख, सयलसाथ विभिन्न प्रकारको रमाइलो गर्दै बस्छन्। जो मानिसले जीवनमा केही पुण्य नगरी पाप मात्रै गरेको छ, त्यो व्यक्ति नर्कमा गएर विभिन्न प्रकारको यातना सहँदै बस्नु पर्छ भन्ने धारणा लोकमा पाइन्छ। पाप-पुण्य सकिएपछि पुन

यस लोकमा आइ जन्म लिनु पर्दछ भन्ने मत लोक तथा शास्त्र दुबैको रहेको छ।[100] यसका साथै पूर्वजन्म र पुनर्जन्मको विश्वास पनि जोडिएको छ। चौरासी लाख योनीको कुरा पनि लोकले मानेको छ। यदि कसैले कुनै प्राणी, कुनै व्यक्ति आदिको मन दुखाएको छ भने त्यसले चौरासीमा घुम्नु पर्छ भन्ने मत लोकले मानेको छ। **गरुड पुराण**मा मृत्युपश्चात दिवंगत आत्मा कसरी प्रेत हुन्छ, चौरासी योनीको पुनरावृत्ति सम्बन्धी विभिन्न अनौठा कुराहरू पाइन्छ।

पाप-पुण्य र स्वर्ग नर्क सम्बन्धी लोकविश्वासलाई केलाएर हेर्दा के पाइन्छ भने, ईश्वरीय सत्ताको शक्तिले पापको दण्ड भोग्नुपर्ने, अपराध गरे दैव लाग्ने विश्वासले मानिसलाई दुराचार, अन्याय, अत्याचार आदि दुष्कर्म गर्नबाट सचेत बनाइदिन्छ। पाप-पाखण्ड, दुष्कर्म, अपराधी कर्म गर्दा अवश्य पनि दैवी लाठ्ठी बज्रिन्छ भन्ने मनोवैज्ञानिक सोचले लोकविश्वासको स्थान लिएको पाइन्छ यसैले निमुखा, गरीब, निम्नवर्गका मानिसका निम्ति एउटा ठूलो सुरक्षाको भाव पाइन्छ। चाहे जे होस् ईश्वरको न्याय सबैलाई बराबर छ। सबैको कर्मको हिसाब माथि हुन्छ भन्ने धारणाले समाजको कामकाज उपकार गर्न उत्प्रेरित गर्दछ। यदि यस्तो सकारात्मक लोकविश्वास नभएको भए आज समाजको रुप नै

[100] हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३६

अर्कै किसिमको हुन्थ्यो होला भन्न सकिन्छ। सहाय, असहायको न्यायकर्ता नै ईश्वरीय शक्ति हो भने विश्वासले नै अहितकारी कर्ममा भन्दा लोक हितकारी कर्ममा लाग्न आफूलाई सचेत गराउछन्।

**नेपाली समाजमा न्वागी सम्बन्धी लोकविश्वास**

**न्वागी** नेपाली समाजमा प्रचलित नयाँ अन्न पाकेपछि मनाइने पर्व हो। धान पाकेपछि हातले धानका गेडा केलाएर तयार पारेको चामललाई दूध, दही, मरीच, चिनी, घिउ सिलाम, कपुर, विभिन्न मेवा मिष्ठान हालेर साँधिन्छ र तुलसीको मोठमा पूजा आदि गरेर न्वागी पनि चढाइन्छ। त्यसदिनदेखि नयाँ चामलको खीर पकाएर खान सकिन्छ। न्वागीसँग बारीमा पाकेका नयाँ फलफूल अन्न आदि पनि चढाइन्छ। कुनै पनि अन्न फलफूल, साग-सब्जी पाकेपछि सर्वप्रथम नयाँ देवतालाई चढाएर मात्र खाने नियम पालन गरिएको पाइने हुनाले यसको अलग्गै वैज्ञानिक तथा अवैज्ञानिक कारण पनि रहेको पाइन्छ। यस प्रकारको लोकविश्वास युगौंदेखि नेपाली समाजमा चलिरहेको छ। यसरी चडाएर खाने प्रथाले समाजमा एक प्रकारको नियम कायम गरेको छ। जसअन्तर्गत कुनैपनि कुरा परिपक्क भएपछि वा खाने योग्य भएपछि मात्र देवतालाई अर्पण गरेर खाइन्छ।

गाई वियाए पछि त्यसको गाढा दूधको बिगोती पकाई सात पत्रे बाँध्ने चलन छ। यसका निम्ति दुदिलाको पात आवश्यक पर्दछ। एउटै पातको फेरो एक एक पत्र वेह्रेर सात ठाउँ बिगौती लगाइन्छ। त्यसपछि त्यसलाई परेङको चिम्टि बनाएर च्यापी त्यसलाई भारमा सिउरिने प्रथा छ। त्यो सात पत्रा बाछाको साथी(अम्रो)मा रहेको सात पोकाको प्रतिक मानिन्छ। त्यस पछि मात्रै बिगौती खान पाइन्छ। दूधमा नुन हाल्दा गाईको थुन फुट्छ, दूध भुइमा पोखिए बाछाले माटो चाट्छ भन्ने विभिन्न मत पनि लोकमा प्रचलित पाइन्छ।

**नागमणि, रुद्राक्ष तथा अन्य पराभौतिक वस्तु सम्बन्धी लोकविश्वास**

नेपाली समाजमा नागमणिको महत्तव धेरै रहेको पाइन्छ।  एउटा प्रचलित लोकविश्वास अनुसार कुनै कुनै नाग वा सर्पको टाउकामा मणि हुन्छ। त्यो मणि पाउने व्यक्ति भाग्यमानी हुन्छ। उसले चिताएको कार्य सफल हुन्छ औ धन धान्य भइ राजा समानको हुन्छ भन्ने धारणा छ।

मणि जस्तै मूल्यवान वस्तु एकमुखे रुद्राक्षलाई पनि मानिन्छ। एक मुखि रुद्राक्ष पाउने व्यक्ति पनि भाग्यमानी हुन्छ। उसको यस किर्ती सारा सन्सारमा फैलिन्छ भन्ने

लोकधारणा छ। रुद्राक्षका बोटमा केवल तीन दाना मात्रै एक मुखी रुद्राक्ष हुन्छन्। पहिलो आकाशतिर जान्छ, दोस्रो पातलमा भासिन्छ र तेस्रो पृथ्वीमा बस्छ। पृथ्वीमा बसेको त्यही रुद्राक्ष कुनै घना बाँस घारीमा गएर बाँसभित्र पस्छ। त्यो बाँसले आवाज गर्छ, यदि त्यो रुद्राक्ष भएको थहा पाए त्यस बाँसलाई फेद र टुप्पोमा एकै चोटी चोट लगाउनु पर्छ। नत्र रुद्राक्ष भागेर जान्छ भन्ने लोकले मानेको छ।

यस्तै प्रकारले कालो गुदरगानाको महत्त्वको पनि लोकमा चर्चा पाइन्छ। कालो गुदरगानो पनि भाग्यमानीले मात्रै पाउँछ। यदि हात या खुट्टा चट्ट काटेर छिनेको छ भने पनि कालो गुदरगानो लगाएर जोड्नाले जस्ताको तस्तै भएर जोडिन्छ भन्ने मत लोकमा व्याप्त छ। एकातिर यसलाई चमत्कारी शक्तिका रुपमा मानिन्छ भने अर्कातिर यो एउटा जङ्गली जडी-बुट्टी वा वनौषधिका रुपमा चिनिन्छ।

**गोलसिमलको गुँड** भन्ने लोकोक्ति पनि पाइन्छ, साथै गोलसिमलको मूल्यको बखान पनि लोकविश्वासमा पाइन्छ। यदि कसैको भँडार अथवा भकारीमा गोलसिमल चराले गुँड लगायो भने त्यसको भकारी कहिल्यै पनि खाली हुँदैन र सदा सर्वदा त्यो भकारी भरी नै रहन्छ, साथै त्यस व्यक्ति लक्ष्मीको धनी भएर महाजन भई बस्छ भन्ने नेपाली लोकविश्वास रहेको पाइन्छ।

**गाडधनको लोकविश्वास-** गाडिएको धनलाई गाडधन भनिन्छ। कुनै एक समयमा कुनै कुबेर तथा सम्पतिवान् व्यक्तिले भावी सन्तानका निम्ति भनेर धन गाडेको थियो। दिव्यदृष्टिले हेरेर सन्तानमा कसलाई धनको आवश्यक पर्छ भनि राखिएको थियो। गाडधन जसका निम्ति राखिएको हुन्छ त्यसले उक्त गाडधनको गुप्त स्थान सपनामा थाहा पाउँछ र खनेर निकाल्न सक्छ।तर यदि त्यो सम्पति अरुले भेटे सो उडेर जान्छ भन्ने नेपाली लोकविश्वास छ।

**दाहिने शङ्खको लोकविश्वास-** नेपाली समाजमा शङ्कको ठूलो महत्त्व छ। पूजा-पाठदेखि लिएर मृत्युमा पनि यसको प्रयोग गरिन्छ। शङ्ख ध्वनि आ-आफ्नै प्रकारले प्रयोग गरिन्छ। मृत्युमा एकोहोरो शङ्कघोष गरिन्छ भने पूजा पाठमा दोहोरो शङ्खघोष गरिन्छ। साधारण शङ्ख भन्दा केही भिन्न प्रकारको शङ्खलाई दाहिने शङ्ख भनिन्छ। भीर पहरामा बसेको हुनाले दाहिने शङ्ख पाउन दुर्लभ मानिन्छ। यदि त्यसलाई पायो भने व्यक्ति धनाढ्य हुँदछ।

नेपाली समाजमा विभिन्न प्रकारका लौकिक वस्तुको महत्त्वमाथि विश्वास राखेको पाइन्छ। तर कतिपय अलौकिक वस्तु कसैले पाएको तथ्य भने फेला परेको पाइदैंन। यसलाई पनि लोकविश्वासमा नै आधारित गर्न सकिन्छ कि यस्ता वस्तुहरू पाएको व्यक्तिले गुप्त नराखे

उडेर हिमाल जान्छ, कि त त्यो शक्तिहीन हुन्छ भन्ने लोकविश्वासका डरले पाउने व्यक्तिले ती बहुमूल्य वस्तुको चर्चा लोकमा गर्दैनन। अर्थात् त्यसको शक्ति क्षीण हुन्छ भन्ने डरले सार्वजनिक गर्दैनन् र गुप्त राख्छन्।

**कपट तथा देवा सम्बन्धी लोकविश्वास**

नेपाली समाजमा कपट वा हरिताल पाल्ने प्रचलन रहेको लोकविश्वास रहेको पाइन्छ। कपट पाल्नाले धनको वृद्धि हुन्छ भन्ने लोकविश्वास छ। कपट विषाक्त घातक तत्त्व हो भन्ने लोकले नै मानेको छ। यसले अरूको धन चुसेर कपट पाल्ने मालिकलाई धनाढ्य बनाउँछ भन्ने लोकमत छ। यसले मानव बलि लिन्छ। यो पालेको घरमा दुर्भाग्यवस बलि दिने संयोग परेको दिन केही खायो भने त्यस व्यक्तिको विस्तारै मृत्यु हुन्छ भन्ने नेपाली समाजले मानेको छ। अन्त्यमा गएर त्यस कपटले आफ्नै मालिकको सन्तान पनि खाएर निसन्तान पार्छ भन्ने लोकविश्वास छ। कपट सेतो र कालो दुई प्रकारको हुन्छ। सेतो कपटले विस्तारै विषाक्त पार्छ भने कालो कपट पर्‍यो भने तत्काल मृत्युको मुखेञ्जी परिन्छ।

झारमौरो भन्ने वस्तु पनि घर घरमा पालिने चलन छ। सर्पले टोकेको विष झार्न यसको प्रयोग गरिन्छ। त्यसैले यसलाई झारमौरो भनिएको हुनसक्छ। यसलाई दूध र सिन्दुर खान दिएर राखेको हुन्छ। यो वस्तु उपयोगी देखिए तापनि समयमा यसलाई नदीमा विसर्जन गरिएन भने कपट बन्दछ। त्यस पछि यसले मालिकको परिवार भोग खान्छ र निसन्तान पार्दछ भन्ने लोकविश्वास पाइन्छ।

**जोगी दान**

नेपाली समाजको एउटा जात विशेष हो जोगी। नेपाली समाजमा प्रचलनमा रहेका दानमध्ये जोगी दान महत्त्वपूर्ण दान हो। जोगी रातभरी फेरी लगाउँदै घर-घर फलाक्दै बराठको सिङ्गको फेरी फुक्दै ढुल्छन्। विशेष गरेर कार्तिक र चैत महिनामा जोगी हिँड्ने गर्दछन्। कसैको ग्रह बिग्रिए, शनि या साढेसात ग्रहको बेला, कुनै प्रकारको खडो वा खड्माष्ट परेका बेला जोगी दान गर्नाले निवारण हुन्छ भन्ने लोकविश्वास पाइन्छ।

माथि उल्लिखित विभिन्न प्रकारका लोकविश्वासहरूका अतिरिक्त अनेकौं लोकविश्वास नेपाली लोकमा विद्यमान छन्। लोकविश्वासका दृष्टिले नेपाली समाज समृद्ध रहेको देखिन्छ। सबै लोकविश्वासको विस्तृत चर्चा गर्न सम्भव नभएकाले यहाँ प्रमुख लोकविश्वासको मात्र चर्चा

गरिएको हो। तथापि  कतिपय दैन्दिन व्यावहारिक, सामजिक, धार्मिक, सांस्कृतिक मूल्य रहेका विश्वासको आंशिक चर्चा गर्न आवश्यक हुनाले तिनको संक्षिप्त चर्चा गरिन्छ-

लोकचिकित्सामा लोक औषधी खाएर बटुको घोप्ट्याउनु पर्छ। यसो गर्नाले रोग चाँडो निको हुन्छ भन्ने लोकविश्वास छ। लोकमा प्रचलित औषधीको ज्ञान योग्य व्यक्तिलाई मात्र दिनुपर्छ तथा बिरामीलाई औषधी के हो त्यो ज्ञान दिनु हुँदैन भन्ने अर्को लोकविश्वास छ। यसले लोक औखतीको संरक्षण हुनका साथै त्यसको मूल्य क्षति हुनबाट सुरक्षित रहन सक्छ।

जन्तर मन्तर सम्बन्धी लोकविश्वासमा, लागो भागो हटाउनु, पिनास फुक्नु, स-साना केटाकेटी रोए वा झगडा गरेमा रुञ्चे लागेछ भनि बुट्टी लगाईदिनु र रुञ्चे झार कुट्नु, विभिन्न प्रकारका बुट्टीको प्रयोग गर्नु, नजर हटाउन कालो टिका लगाइदिनु, विभिन्न प्रकारको हैंजा, देसान, रोग-व्यादि आदि लागेको खण्डमा अक्षता फुक्ने, पानी फुक्ने, खरानी फुक्ने र खरानी, दल्ने वा खाने र सिरानी मुनि राख्ने चलन छ। त्यसरीनै ससाना शिशु, सुत्केरी सुत्ने पलङ वा सिरानेमुनि हर्दी, छुरी, आदि राख्ने चलन पनि पाइन्छ

खेती सम्बन्धी लोकविश्वासमा कुनजरबाट काँक्रा, फर्सी, सिमी आदिको झ्याङ जोगाउन जुत्ता बाध्ने, गङ्गटा बाध्ने, आदि प्रचलन छ। यदि बारीमा बाँदर लागे हनुमानको पूजा गरी अलिकति खेती जन्तुलाई भनि छुट्ट्याउँने चलन छ। मुसाले अन्न-पात नष्ट गरे लड्डु बाटेर श्रीगणेशलाई भोग लगाए मुसा हट्दछन् भन्ने लोकविश्वास छ।

खानपान सम्बन्धी लोकविश्वासमा, खाना खाँदा बोल्नु हुँदैन भन्ने धारणा छ, हरियोपरियो सागको सब्जी वा तरकारी प्रातःकालीन भान्सामा मात्र खानु तथा दही पनि बिहानको भोजन या दिनको भोजनमा खानु भन्ने लोकविश्वास छ। वैज्ञानिक दृष्टिकोणमा पनि दही चिसो वस्तु भएकाले रातमा सेवन गर्न उचित ठहर्दैन्। यसो गर्नाले गोला गानो हुने सम्भावना कम हुन्छ।

## ४.४ नेपाली लोकविश्वासको वर्तमान स्तिथि

लोकविश्वास मासिएर जाने वस्तु होइन् तर यसमा नवीनता, नयाँ दृष्टिकोण, नयाँ सोच भने समयानुरुप आउँदै जाँदछ। नेपाली लोकविश्वास मासिएर गएका छैनन् बरु तिनको रुप परिवर्तन हुँदै जाँदैछन्। तिनमा रहेको तथ्यको अध्यनन गरी तिनको अझ व्यापकता तथा विस्तृताको गहन अध्ययन भइरहेको छ। जादू, मन्तर टुना मुना जस्ता विषयलाई

विज्ञानले पनि सोझै नकार्न सकेको छैन्। नेपाली लोकले आत्मविश्वाससाथ यसको पालन आजसम्म गरिरहेकै छ।

विभिन्न विश्वविद्यालयबाट प्रकाशित जर्नलहरू, लेख पत्र-पत्रिका, शोधकार्य आदिमा लोकविश्वासबारे चर्चा भइरहेको पाइन्छ। नेपाली समाज मात्रै होइन् सारा विश्वका जनसमुदाय आ-आफ्ना नै लोकविश्वासलाई मान्दछन्। परस्परका पर्व, उत्सव, विश्वासका प्रभाव पनि परस्परमा परेका देखिन्छ। जस्तै रक्षाबन्धनका दिन दिदी-बहिनीका हातबाट राखी लगाउनाले दाजुभाइबाट दिदीबहिनीको रक्षा हुन्छ भन्ने धारणा नेपाली समाजले पछिबाट मानिल्याएको हो। त्यस्तै लक्ष्मी पूजा अघि धन्तेरसमा सुन, चाँदी अथवा ताँबाकै वस्तु भए पनि किनेर लक्ष्मी पूजाका दिन पुज्नाले शुभ हुन्छ औ वर्षभरि धन प्राप्त हुन्छ भन्ने मारवाडी, बिहारी आदि जातिमा रहेको लोकविश्वास नेपाली समाजले पनि अप्नाउदै ल्याएको देखिन्छ। फागु पूर्णीमाका दिन मदेशीया समुदायसँग होली खेल्ने नयाँ तरिका पनि नेपाली समाजले अप्नाएको पाइन्छ। सांस्कृतिक सम्वन्यताको भावना प्रबल रहेको नेपाली लोकमा  परस्परमा सौहार्द पाइन्छ।

### ४.५ लोकविश्वास अनि संस्कृति : परम्परा अनि परिवर्तन

कुनै पनि लोक त्यसको संस्कृतिसँग बाँधिएको हुन्छ। विश्वाससँग संस्कृति पनि बाँधिएको हुन्छ। लोकविश्वासलाई रूढि सम्झेर त्यसप्रति वक्रता देखाए लोकविश्वास र आस्थाको कुनै मूल्य रहँदैन। यसरी हेर्दा लोकविश्वास र संस्कृति एकै तराजुका दुई पल्ला हुन। संस्कृति रुढ रुपमा गाडिएर बसे तापनि आंशिक रुपमा परिवर्तित भइरहेको हुन्छ।

संस्कृतिसँगसँगै लोकविश्वास, लोकधारणा, लोकचेतना केही सीमासम्म परिवर्तित भइरहेको हुन्छ। उदाहरणार्थ प्राचीन समयमा सती प्रथा, जात-भात प्रथा, बालविवाह प्रथा, वहुविवाह प्रथा प्रचलित थिए। आज आएर जब समाज शिक्षा र सभ्यताले सम्पन्न भयो र यस्ता प्रथा वा लोकविश्वास समाजबाट हराएर गए। शिक्षित समाजमा यस्ता प्रथा अन्धपरम्परा बन्न पुगे। यसरी नै जब समाज वा लोक शिक्षित हुँदै जान्छ, लोकमा विज्ञान तथा तकनिकीको प्रभाव बढ्दै जान्छ तब नयाँ सोच नयाँ विचार अङ्कुरित भई नयाँ विश्वास फलिभूत हुन्छ। पुराना विश्वास, आस्था, परम्परा मासिएर जान्छन्।

## निष्कर्ष

नेपाली समाजमा विभिन्न प्रकारका विश्वास, आस्था, लोक चेतना, लोकविचार व्याप्त छन्। जसलाई नेपाली लोकविश्वास भनिन्छ। नेपाली समाजले कहिले र कसरी यी लोकविश्वास निर्माण गऱ्यो र कसरी यसको प्रयोग गर्न थाल्यो यसको कुनै प्रमाण उपलब्ध छैन्। केवल यति भन्न सकिन्छ कि निश्चय नै प्राकृतिक प्रकोप, रोग व्याधि, भोकमरी(भुखमरी), सूर्य चन्द्र, झरी बादल दुर्भिक्ष-भूकम्प, वज्र-चटयाङ, विजुलीको चड्कन् आदिबाट ईश्वरीय सत्ताको चेतना पाएर लोकले ईश्वरीय शक्तिमा विश्वास गर्न थाल्यो। यही लोकको पहिलो विश्वास हो। नेपाली समाजमा पनि विभिन्न प्रकारका लोकविश्वासहरू छन्। कुनै प्रकृतिसँग सम्बन्धित, कुनै पशुप्राणीसँग सम्बन्धित, कुनै भूत-प्रेतसँग सम्बन्धित, कुनै बेला-बारसँग सम्बन्धि लोकविश्वासहरू छन्। जो युगौँदेखि नेपाली समाजमा प्रचलनमा छन्। यी सबै खाले लोकविश्वासको आफ्नो आफ्नो महत्त्व र मूल्य रहेको छ। आज विज्ञानले पनि यस्ता अनेकौं लोकविश्वासभित्र रहेको रहस्य पत्तो लगाई वैज्ञानिक ढङ्गले वास्तविक प्रमाण अन्वेषण गरिरहेको पाइन्छ। लोकपरम्परा, लोकमान्यता, लोकसंस्कृति, लोकविश्वास एक अर्कासँग आश्रित देखिन्छन्। समयानुरुप लोकविश्वास विकासशील तथा परिवर्तनशील देखिन्छ। लोकले नै लोकविश्वास र अन्धविश्वास माझको सीमा तय गर्दछ। कुनै समयमा

लोकविश्वास रहेको कुरा लोकको दृष्टिकोण परिवर्तन हुँदा अन्धविश्वास पनि बन्न सक्तछ। यसलाई खुट्याउने श्रेय देश, काल परिस्थिति तथा लोक स्वयंलाई नै जान्छ।

# पाँचौं अध्याय

## ५ निष्कर्ष

### ५.१ शोध निष्कर्ष

शोध निष्कर्षलाई बुँदागत रुपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

वैदिक परम्परादेखि नै 'लोक' शब्दको प्रयोग तथा प्रचलन भएको पाइन्छ। ***वेद***मा प्रयुक्त संस्कृतलाई वैदिक संस्कृत तथा ***वेद*** इत्तर संस्कृतलाई लौकिक संस्कृत भनिएको पाइन्छ। ***ऋग्वेद***मा 'लोक' शब्दका निम्ति 'जन' शब्दको प्रयोग भएको पनि पाइन्छ। लोक शब्द दुई अर्थका निम्ति प्रयोग भएको पाइन्छ। स्थानका रुपमा जस्तै स्वर्गलोक, मर्त्यलोक, देवलोक, आदि र जनसाधारणका निम्ति, जस्तै बङ्गाली लोक, नेपाली लोक, बिहारी लोक, आदि।

अङ्ग्रेजी साहित्यमा लोक शब्दका निम्ति 'फोक' शब्दको प्रयोग भएको पाइन्छ। अङ्ग्रेजी फोक शब्दले अशिक्षित, असभ्य, असंस्कृत जाति विशेष भन्ने अर्थ दिइएको पाइन्छ। अङ्ग्रेजीमा लोकवार्तालाई 'फोकलोर' भनिएको पाइन्छ।

पूर्वीय साहित्य परम्परामा प्रयुक्त लोक शब्दले विस्तृत र व्यापक अर्थ बोकेको पाइन्छ। लोक भन्नाले सभ्य-असभ्य, शिक्षित-अशिक्षित, संस्कृत-असंस्कृत, शहरीय-ग्राम्य सबै जातिको अर्थ बोकेको पाइन्छ। लोक सर्वत्र, सार्वभौम व्याप्त धारणाका रुपमा प्रचलित छ।

पूर्वीय विद्वाहरूले फोकलोर अथवा लोकवार्ता शब्दका निम्ति विभिन्न शब्दको प्रयोग गरेको पाइन्छ जसमा कृष्णदेव उपध्यायले लोक-संस्कृति शब्द, सुनीतिकुमार च्याटरजीले लोकयान, वासुदेवशरण अग्रवालले लोकवार्ता आदि शब्दको प्रयोग गरेको पाइन्छ। तथापि अग्रवालको लोकवार्ता शब्द नै सर्वसम्मत भइ प्रयोग गरिएको पाइन्छ। नेपाली साहित्यमा पनि लोकवार्ता शब्द नै प्रयोग भएको पाइन्छ।

लोकको व्यापक र विस्तृत अध्ययन गर्ने शास्त्र विशेषलाई 'लोकवार्ताविज्ञान' भनिन्छ। जस अन्तर्गत लोकसाहित्य, लोककला, लोककौशल, लोकविश्वास, लोकोक्ति आदि लोकमा निहित तथा व्याप्त रहेका तत्त्व पर्दछन्। लोकवार्ताका पनि शाखा प्रशाखा छन्। सर्वप्रथम चार्लोट सोफिया बर्नले लोकसाहित्य, लोकजीवनका रीती-थिति, लोकविश्वास आदि तीन विषयलाई लोकवार्ता अन्तर्गत राखेको पाइन्छ। श्याम परमारले लोकसाहित्य, रीति-रिवाज, लोकविश्वास, लोकनाटक, लोकखेल गरी पाँच शाखा देखाएको पाइन्छ। त्यसतै

कृष्णदेव उपाध्यायले लोकविश्वास, लोकआचार तथा संस्कार, सामाजिक राजनैतिक संस्था, धार्मिक तथा आध्यात्मिक मान्यता र लोकसाहित्य गरी पाँच भेद देखाएको पाइन्छ। चूडामणि बन्धुले लोकसाहित्य वा मौखिक परम्परा, लोकविश्वास, लोककला र भौतिक संस्कृति गरी चार विषय देखाएका छन्। यसैगरी मोहनराज शर्मा र खगेन्द्र लुइटेलले मौखिक-श्रव्य लोकवार्ता, दृष्य लोकवार्ता र चिन्तनमूलक लोकवार्ता गरी तीन भेद देखाएका छन्। उपर्युक्त विद्वानले गरेका विभाजनलाई हेरेर लोकसाहित्य, लोकसंस्कृति, लोकखेल, भौतिक संसाधन, लोकोपचार, लोकविश्वास यी छः विषयलाई लोकवार्ता शाखा अन्तर्गत समेट्न सकिन्छ।

लोकवार्तको सङ्कलन संवर्धन भारतबाट भएको पाइन्छ। भारतीय ***वेद*** युगौसम्म मौखिक परमपरामा नै हुर्किएको पाइन्छ। पौराणिक कथा ***रामायण*** र ***महाभारत*** जनजिब्रोमा रहेको पाइन्छ। ***पञ्चतन्त्र***को कथा पनि कैयौं युगसम्म लोकमा मौखिक परम्परामा नै रहेको पाइन्छ। पछिबाट यी लिपिबद्ध गरिएको पाइन्छ। भारतीय समाज लोककथाको दृष्टिले प्राचीन कालदेखि नै समृद्ध रहेको पाइन्छ।

लोकसाहित्यको अध्ययन भने पाश्चात्य जगतबाट भएको पाइन्छ। सन् १७४६मा रेवरेन्ड हेनरीले ***Antiquities of the Common People*** (साधारण जनताका विश्वासहरूको पुरावशेष)

भन्ने ग्रन्थ प्रकाशन गरेको पाइन्छ। त्यसपछि उनले नै ***Popular Antiquities*** (लोकप्रिय पुरावशेष) भन्ने नाम दिएर अर्को ग्रन्थ प्रकाशित गरेको पाइन्छ। त्यसपछि सन् १७६५मा टामस पर्सीले ***Relics of Ancient English Poetry*** (प्राचीन अङ्ग्रेजी कविताको अवशेष) नामक ग्रन्थ प्रकाशित गरेको पाइन्छ। ज्याकव ग्रीम र विल्हेल्म ग्रीम दुई दाजुभाइको लोकवार्ता अध्ययनका क्षेत्रमा महत्त्वपूर्ण योगदान पाइन्छ। उनीहरूले सन् १८१२मा ***Deutsche Kinder Unce Housemarchen*** नामक लोककथाको सङ्कलन प्रकाशित गरेको पाइन्छ। यसैबाट लोककथाको तुलनात्मक अध्ययन गर्ने परिपाटिको पनि विकास भएको पाइन्छ। त्यसपछि लोकवार्ता अध्ययनका विभिन्न सिद्धान्तको विकास भएको पाइन्छ।

लोकविश्वास पनि लोकवार्ता अन्तर्गतको एउटा शाखा हो। यसको अध्ययन अध्यापन लोकवार्ताविज्ञान अन्तर्गत नै पर्दछ। लोकविश्वास शब्द 'लोक' र 'विश्वास' दुई शब्दको योगद्वारा बनेको छ। 'लोक' अर्थात् साधारण जनता र 'विश्वास' अर्थात् कुनै पनि कुराको पत्यार वा भरोसा गर्नु भन्ने बुझिन्छ। लोकविश्वासको अर्थ लोकले गरेको भरोसा, पत्यार हो। लोकले आत्मसात गरेका विभिन्न लौकिक तथा अलौकिक तत्त्वहरू लोकविश्वासअन्तर्गत पर्दछन्। लोकविश्वास विश्वभर नै प्रचलित पाइन्छन्। लोकधारणा,

लोकप्रचलन, लोकआस्था, लोकपरम्परा, लोकमान्यता, लोकव्यवहार, लोकपरिपाटी आदि लोकविश्वासका विशेषता हुन्।

नेपाली समाज विश्वव्यापी रुपमा फैलिएको छ। छेत्री-बाहुन, राई-लिम्बु, तामाङ-सेर्पा आदि विभिन्न जातिगोष्ठी मिलेर नेपाली समाज बनेको छ। नेपाली समाजलाई अन्य समाजबाट विशिष्ट परिचय र चिन्हारी गराउने नेपाली बोली वा नेपाली भाषा पनि हो। संस्कृतिमा पनि नेपाली समाज समृद्ध र सम्पन्न मानिन्छ। नेपाली समाजमा जन्मदेखि लिएर मृत्युसम्मका संस्कारहरू पाइन्छन्। जसलाई सोलह संस्कार भनिन्छ।

धार्मिक सांस्कृतिक चाडपर्व वा उत्सवका क्षेत्रमा पनि नेपाली समाज सक्रिय देखिन्छ। दशै, तिहार, माघे संक्रान्ति, चैते दशै जस्ता विभिन्न प्रकारका चाडपर्व परापूर्वकालदेखि नेपाली समाजले मनाउदै ल्याइरहेको पाइन्छ। तिहारमा खेल्ने देउसी-भैलीको आफ्नै महत्त्व र गरिमा रहेको पाईन्छ। विवाहमा भनिने सिलोक, खाडो जगाउनु, प्रश्नोत्तर गर्नु आदि संस्कृतिले नेपाली समाजलाई आफ्नो पहिचान वा चिन्हारी दिईरहेको पाइन्छ। वेशभूषाले पनि नेपाली समाज समृद्ध देखिन्छ। दौरा सुरुवाल, भादगाउँले टोपी, चौबन्दी चोली आदि वस्त्रको ठूलो महत्त्व नेपाली लोकमा पाइन्छ। पहिरनका साथ-साथै शिरफूल,

शिरबन्दी, फुली, मुन्द्रि, तिलहरी आदि गहनाको पनि प्रचलन उत्तिकै नेपाली समाजमा देखिन्छ।

हात-हतियार पनि नेपाली समाजमा आफ्नै परिपाटिका छन्। खुकुरी त नेपाली समाजको पौरख, गौरव, साहस वा वीरताको प्रतीक नै मानिन्छ।

नेपाली समाज विभिन्न व्यवसायमा कार्यरत छ। खेती किसानमा प्रयोग गरिने विभिन्न परिपाटीका हात-हतियार छन्। हलो, कोदालो, फरुवा, आदि खेतीमा प्रयोग गरिने हतियार हुन्।

गौ पालन पनि नेपाली समाजको मुख्य व्यवसाय हो। गाई दुहुन प्रयोग गरिने दुधेरो, दही जमाउन प्रयोग गरिने ठेकी, मोही पार्न प्रयोग गरिने ठेको तथा ठेकी आदि काठले बनिएका वस्तुको पनि नेपाली समाजमा उत्तिकै प्रचलन पाइन्छ।

दुना, टपरी, बोहोता, गुन्द्री, गजरा आदि खर, पराल र रुखका पातले बनिएका वस्तुको पनि प्रयोग नेपाली समाजमा भइरहेको पाइन्छ। खानपानमा पनि नेपाली समाज उत्तिकै समृद्ध देखिन्छ। चाडपर्व वा पूजा पाठमा पकाइने सेल रोटी, खीर, ढकने आदिको आफ्नै महत्त्व पाइन्छ। सिन्की, गुन्द्रुक, किनेमा आदिको आफ्नै महत्त्व र स्थान देखिन्छ।

लोकबाजहरू पनि उत्तिकै प्रचलनमा रहेका छन्। नौमती वाजा, विनायो, मुर्चुङ्गा, सारङ्गी, मादल आदिको आफ्नै वर्चस्व रहेको पाइन्छ। यसरी हेर्दा नेपाली जातिको संस्कृति र सांस्कृतिक पहिचान उच्च स्तरको देखिन्छ।

**नेपाली लोकविश्वासको सांस्कृतिक अध्ययन** विषयमा कार्य गर्दा संस्कृतिको लोकविश्वाससँग सोझो सम्बन्ध रहेको देखिन्छ। लोक संस्कृतिमा हुर्किएको पाइन्छ भने संस्कृति विश्वासमा बाँचेको देखिन्छ। लोकविश्वासले मात्र संस्कार-संस्कृति बचाउँदै ल्याएको देखिन्छ। लोकविश्वास विश्वभर नै व्याप्त रहेको पाइन्छ। नेपाली समाज पनि लोकविश्वासको दृष्टिकोणले समृद्ध देखिन्छ। दैनन्दिन व्यावहारिक जीवनका हरेक क्रियाकलापहरू जस्तै खानु, सुत्नु, बोल्नु, हिँड्नु आदि सबैमा लोकविश्वास निहित पाइन्छ।

नेपाली लोकविश्वास विभिन्न प्रकारका पाइन्छन्। देवी-देउराली पूजा, पानीको मुहानको पूजा, नदी तालको पूजा, वर-पीपलको पूजा आदि प्रकृतिसँग सम्बद्ध लोकविश्वास हुन्। यी लोकविश्वासले मानिसको प्राकृतिक मोह देखाउँछ। यी लोकविश्वाससँग प्रकृति संरक्षणको अवधारणा जोडिएको पाइन्छ।

शकुन-अपशकुन जस्तै हिँड्दा साइत मिलाएर हिँड्नु, विरालाले बाटो काटेको राम्रो होइन, बाटोमा भरि डोको घाँस भेटिए राम्रो हो आदि लोकविश्वास मनोविज्ञानसँग सम्बद्ध देखिन्छ। सपना सम्बन्धि लोकविश्वास पनि मनोवैज्ञानिक भावको उपज हो भन्न सकिन्छ।

देव-देवतालाई न्वागी चडाएर खाने लोकविश्वाले समाजमा कुनै पनि फलफूल परिपक्क नपाकी तथा त्यसलाई ईश्वरलाई अर्पण नगरी खानु हुँदैन भन्ने बौद्धिक चेतनाको विकास गराएको पाइन्छ।

धामी-झाँक्री सम्बन्धी लोकविश्वासले मनोवैज्ञानिक तौरमा चिकित्सा प्रणालीलाई जीवित राखेको छ। यसले शारीरिक तौरमा भएको रोगलाई मनोवैज्ञानिक परिपाटीबाट निको पार्ने यथासम्भव प्रयास गरिरहेको पाइन्छ। लोकविश्वासले कतिपय तत्त्वहरू समाजबाट मासिएर जानदेखि सुरक्षित राखेको पाइन्छ।

पहाडमा पाइने विभिन्न जडीबुटीको संरक्षणका निम्ति त्यसको ज्ञान योग्य व्यक्तिलाई मात्र दिइन्छ। यदि सबै मानिसलाई लोकऔषधीको ज्ञान भयो भने त्यसको कार्य क्षमता लुप्त भएर जान्छ भन्ने लोकविश्वास यसको उदाहरण हो।

नागमणि, रूद्राक्ष, दाहिने शङ्ख आदिको महत्त्वको लोकविश्वाले मानिसलाई लोकमा असाधारण वस्तुको पनि मोह जागृत गराएको पाइन्छ। मानिसहरूको जिज्ञासा वृद्धि गरिरहेको पाइन्छ। पाप-पुण्य तथा स्वर्ग-नर्कको लोकविश्वासले मानिसलाई सत्मार्गको ज्ञान दिईरहेको पाइन्छ। सद्व्यवहार र सत्य कर्म गर्न प्रेरित गरिरहेको पाइन्छ। लोकविश्वासको सीमा नेपाली समाजमा तय गर्न गाह्रो पर्दछ। आजको विज्ञान, प्रविधि तथा प्राबिधिक संसारमा पनि नेपाली समाजमा लोकविश्वासको प्रचलन रहिरहेको पाइन्छ। कतिपय लोकविश्वास धरोहरका रुपमा नेपाली समाजमा जीवित रहिरहेको पाइन्छ। यस्ता लोकविश्वासहरूको संरक्षण तथा संवर्धन हुन आवश्यक देखिन्छ।

## सन्दर्भग्रन्थ सूची

### नेपाली पुस्तक

१. अधिकारी , हेमाङराज र भट्टराई, सन् २०६८ बद्रीविशाल, **प्रयोगात्मक नेपाली शब्दकोश** (चौथो संस्करण), काठमाडौं: विद्यार्थी प्रकाशन प्रा. लि

२. आचार्य, भानुभक्त, वि.सं. २०६७, **भानुभक्तको रामायण** (छैटौं संस्करण) नेपाल: साझा प्रकाशन

३. खत्री, प्रेमकुमार, वि.सं २०५० **नेपाली समाज र संस्कृति** (तेस्रो संस्करण) काठमाडौं: साझा प्रकाशन

४. नेपाल, खेमराज, सन् २००३, **नेपाली लोक साहित्यको रुपरेखा,** दिल्ली: साहित्य अकादेमी

५. पराजुली, कृष्णप्रसाद, वि.सं २०५७, **नेपाली लोकगीतको आलोक**, काठमाडौं: विणा प्रकाशन

६. पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव, वि.सं २०६८, **नेपाली लोकसाहित्यको रुपरेखा,** ललितपुरः साझा प्रकाशन

७. बन्धु, चूडामणि, वि.सं २०६६**नेपाली लोकसाहित्य,** काठमाडौंः एकता बुक्स प्रकाशन

८. बराल, ईश्वर (सम्पा), वि. सं २०५८ **सयपत्री** (पाँचौं प्रकाशन) ललितपुरः साझा प्रकाशन

९. राणा, युद्धवीर, सन् २००६, **नेपाली संस्कृति : हाम्रो अस्तित्व,** सिक्किमः निर्माण प्रकाशन

१०. लुइँटेल, तिलकप्रसाद, वि.सं २०६३, **ऋग्वेद नेपालीमा,** काठमाडौंः विद्यार्थी पुस्तक प्रकाशन

११. वाइबा, एम.एम. सन् २००८, **परम्परागत नेपाली लोकगीत-लोकसंस्कृति,** द.सिक्किमः निर्माण प्रकाशन

१२. वशिष्ठ, उदयचन्द्र, सन् २००६, **सिक्किमका चापर्व,** दोस्रो संस्करण, गान्तोक: जनपक्ष प्रकाशन

१३. सुवेदी, हंसपुरे, वि.सं २०५५ **नेपाली लोकजीवन : लोकविश्वास**, काठमाडौं: साझा प्रकाशन

१४. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र, वि.सं २०६३ **लोकवार्तीविज्ञान र लोकसाहित्य**, काठमाडौं: विद्यार्थी पुस्तक प्रकाशन

१५. श्रेष्ठ, कविताराम, वि. सं. २०५८, **के किन भनियो?**, काठमाडौं: बगर फाउण्डेशन प्रकाशन

**हिन्दी पुस्तक**

१. उपध्याय, कृष्णदेव, सन् २००८, **लोक-साहित्य की भूमिका**, इलाहावाद: विश्वविद्यालय प्रकाशन

२. चौधरी, नारायण, सन् २००९, **लोक साहित्य के स्वरुप का सैद्धान्तिक विवेचन**, कानपुर: चन्द्रलोक प्रकाशन

३. दुबे, श्यामचरण, सन् १९९८, **मानव और संस्कृति**, दिल्ली: राजकमल प्रकाशन

४. बाठ, सुखविन्दर कौर, सन् २००७, **कवीर का लोकतत्विक चिन्तन**, दिल्ली: वाणी प्रकाशन

५. वर्मा, श्याम बहादुर, सन् २०१०, **प्रभात वृहत हिन्दी शब्दकोश खण्ड १**, दिल्ली: प्रभात प्रकाशन

६. शर्मा हरद्वारीलाल, सन् १९९०, **लोकवार्ता विज्ञान खण्ड दो**, लखनउः दया प्रकाशन

७. वि,सं २०७०, **श्रीमद्देवीभागवत महापुराण**, गोरखपुरः गीता प्रेश

८. हण्डु, ज्वारलाल, सन् १९८२, **लोकसाहित्य स्वरुप एवं सर्वेक्षण डा सतेन्द्र अभिनंदन ग्रन्थ**, मैसूरः भारतीय भाषा संस्थान

**अङ्ग्रजी पुस्तक**

१. Charlotte Sophia Burn, 1914, **A Handbook Of Folklore,** London: The Folklore Society

२. Kharel, M P, and Basnet Lovendra**,** 2008, **The Khasas of Sikkim,** Sikkim: Akhil Sikkim Chhetri Bhaun Kalyan Sangh,

३. Miller, Casper, 1997**, FAITH-HEALERS IN THE HIMALAYA,** Delhi: Book Faith of India


**पत्र–पत्रिका तथा जर्नल**

१. चामलिङ पवन (सम्पा), सन् १९९९, **निर्माण सांस्कृतिक विशेषाङ्क,** वर्ष १९, अङ्क ३४, द. सिक्किम: निर्माण प्रकाशन

२. प्रधान, विनेश, सन् २०१३, *नेपाली लोकविश्वास र लोकव्यवहारको अध्ययन,* **नेपाली लोकवार्ता: अध्ययनहरू (लोकवार्ता विषयक अध्ययन पत्रहरूको सङ्कलन)** (सम्पा. पुष्कर पराजुली), प. बङ्गाल: उत्तर बङ्ग विश्विद्यालयद्वारा प्रकाशित

३. शर्मा, गङ्गाप्रसाद, २०१३, *लोक-विश्वास: तुलनात्मक अध्ययन,* **नेपाली लोकवार्ता: अध्ययनहरू** (सम्पा. पुष्कर पराजुली), प. बङ्गाल: उत्तर बङ्ग विश्विद्यालयद्वारा प्रकाशित

## परिशिष्ट



अन्तर्वार्ता

दिनाङ्क - २१.8. 2018
समय - 7:30pm.

नाम - जि.पि मल्लेस
उमेर ६५.
स्थान - द्रेग

हि.दी अन्तर्वार्ताको नेपाली अनुवाद —

उनको भनाई - लोकविश्वासहरू देशकाल र परिस्थिति अनुरूपका हुन्छन्। भारतमा प्रातः स्नान गर्नुपर्छ त्यो पनि चिसो पानीले भन्ने लोकविश्वास छ तर यो भारतको सन्दर्भमा ठीक हो। यदि युरोपमा यो मानियो भने पागल हुने त हुन्छ। गङ्गाको पानी पवित्र मानिन्छ कारण त्यसमा पहाडबाट आएका औषधी हरू मिसिएका हुन्छ भन्ने वैज्ञानिक तथ्य छ।

प्र.१. मासु किन खानु?

एक त त्यो बेलाको ज्यान मोटो मात्र हासिल हुन्छ। अर्को नजिकमा त्यसको पचाउन सामर्थ्य हुँदैन बाहेक मासु खाएपछि त्यसलाई पचाउन परिश्रम गर्नु पर्दथ्यो। पहिलाई मासु, ज्यान र लुगा पाल्न नसक्ने गर्दथे हुनाले त्यसलाई स्वार्थ भनेर गरियो। वैदिककाल मा यज्ञपछि गरेर मासु खान्थे भन्ने प्रमाण छ।

प्र.२. सिन्दुर किन पैदा हुन्छ?

सिन्दुर पैदा हुनु खुट्टाको एउटा भूमिका छ। यदि एउटै कुरा गयो भने पुरुषमा नारी तत्व आउने सम्भावना र नारीमा पुरुष तत्व आउने सम्भावना हुन्छ। आफ्नो गोत्रमा विवाह गर्नो भनेर त्यो रहर छुट्टाउने कारणले सिन्दुर पैदा हुन्छ।

त्यसैले आफ्नुमा विवाह गर्नु जातिको हो।

प्र.३. लोकविश्वास समय अनुरुप परिवर्तन हुन्छ?

हुन्छ, किनकी तपाईंलाई टेक्नोलोजी परिवेश बुझ्दै छौं,
त्यसैले विगतका पुस्ताको लोकविश्वास धेरै
समाजमा अझै अर्थात प्रयोग हुनसक्छ। जस्तै
उदा. भारतबाट ... गाउँ फुलेर अनुमान गर्छ तर
हामी वैज्ञानिक कारण बुझेको हुनाले मान्दैनौं
अर्को तपाईंको हुँदा चिप्लिएर गएको अनुमान गर्छन्।
हामी त्यसलाई पुरा मान्दैनौं।

तपाईंलाई पनि धन्यवाद।

८८
अन्तर्वार्ता

मिति – 19-9-2015
समय – 10:40 AM.

नाम – गोविन्द घिमिरे
उमेर – २०
ठेगाना – सामुद्रे टिन्टेक, पूर्व सिक्किम

प्र.१ नेपाली समाजमा के कस्ता लोकविश्वास पाइन्छन्?
नेपाली समाजमा विभिन्न नियम छन्। विभिन्न लोकविश्वास छन्। खानु, हिँड्नु, पढ्नु, लेख्नु, आदि सबै आफ्नै लौकिक लोकविश्वास छन्। जस्तै
खाँदा नबोली खानु। साँझपखपछि घर बाहिर नजाउनु। दिनैपिच्छे नुहाउनु। भा चोखो पाल्नु आदि।

प्र.२ देवीदेवता र भूत प्रेत के कस्ता छन्?
कुल देवता, महाकाली, वनदेवी, भद्रकाली आदि विभिन्न देवीदेवताको पूजा अर्चना नेपालीहरू गर्छन्।
त्यसैं भूत प्रेत भन्नु हुँदैन। भूत र प्रेत छुट्टै छुट्टा छन्। मानिस मरेपछि प्रेत हुन्छ। भूत त जन्मन्छ न त मर्छ। भूत देवता जस्तै हुन्छन् त्यसमा पनि शक्ति हुन्छ। मसान, ... भूत आदि भूत हुन्। चुँडेल, नागिन आदि प्रेत हुन्।

हुन्छ तपाईंलाई धन्यवाद

विचरइ – २४/११/२०१५
समय – 9AM

अन्तर्वार्ता

नाम – ठाकुर प्रसाद अधिकारी (उपाध्याय)
उमेर – ८३
ठेगाना यस्टे रुम्टेक पू० सिक्किम

प्र.१. श्राद्ध संस्कारको बारेमा बताइदिनु होस् न ?
उत्तर – नेपाली समाजमा जम्म श्राद्ध संस्कार हुन्छन्। जन्मदेखि लिएर मृत्युसम्म श्राद्ध संस्कार गरिन्छ। जसको विवरण एउटा पर्चीमा बाहमा दिने छु।

प्र.२. सपनाको बारेमा बताइदिनुहुन्छ कि?
उत्तर – सपनाबारे यस्तो श्लोक छ त्यो बताइदिन्छु।
"सपनामा जति देखियो त्यति सबै पहिला प्रहरमा
भए, दोस्रो तीन महिना छ एक महिना दोस्रो प्रहरमा
भए, तेस्रो तीन महिना छ एक महिना चौथो प्रहरमा
भए, रातको चार घडीमा छ दशदिन त्यो
बखत बिहानै भए।" – नेपाली लोकमा प्रचलित श्लोक।

प्र.३. भूत तथा धामी झाँक्रीको बारेमा बताइदिनु न।
उत्तर – मलाई धामीमा केही विश्वास थिएन। धामीहरूलाई ठग छ ढकाएरै ठिक पार्छे। तर एकदिन मेरो छोरो बिरामी हुँदा म धामी भएको ठाउँमा गएँ। तिनले मलाई जोखाना हेरेर नदीमा फूल नचढाई तरेको भनि गाली गरे अनुसार उसले दिएको चामल छोरालाई खवाइदिँदा छोरो ठिक भयो। अब यसलाई के भन्नु संयोग या सत्य? भूत प्रेतका कुरा हिन्दु धर्ममा मात्र होइन विश्वमा नै पाइन्छ।

राजुप्रसाद अधिकारी द्वारा लिखित



## सोह्र संस्कार

वैदिक धर्म परम्परा अनुसार सोह्र (१६) संस्कारहरुको विशेष महत्व रहेको छ। जुन संस्कारहरु हाम्रो जीवन, समाज र विश्वको आधार हो भन्नमा दुईमत नहोला। यद्यपी यस विषय माथि पनि विभिन्न मत-मतान्तर रहेको पाइन्छ, तर, हाम्रो सनातन धर्मको मूल ग्रन्थ 'वेद' को आधारमा लेख्नु पर्दा हाम्रो ग्रन्थमा जम्मा ४२ (बयालीस) वटा संस्कारहरु छन् अनि ती सम्पूर्ण ४२ वटा संस्कारहरुलाई १६ ~~क्रमा~~ वटा ~~संस्कार~~ संस्कारहरुमा अन्तरभुक्त गरिएको पाइन्छ अथवा संक्षीप्तमा भन्नु पर्दा ती ४२ वटा संस्कारहरुकै अर्को रुप हो

सोह्र संस्कार

पहिलो संस्कार :- गर्भधान (स्त्री एवं पुरुषको विधि सम्मिश्रण गई गर्भ बस्नु)

दोस्रो " :- ~~पुंस~~ पुंसवनम् (पेटभित्र बच्चाको आकार (२ महिनादेखि ४ महिना भित्रमा गरिन्छ

तेस्रो :- (सिमन्तोनयन संस्कार)
जब गर्भमा रहेको शिशु ६ महिनाको हुन्छ तब उसको शिरमा पाँचवटा सिउँदो (सन्धि देखा पर्छ)

Teacher's Signature

Page No.:
Date: / /

तब छ वैदिक र सम्भव यो संस्कार गर्नु पर्छ।

चौथो! — (जात कर्म संस्कार)

यो कर्म मि. बालक जन्मिएपछि बालकलाई चाँदीको बटुकामा आठ भाग मह र एक भाग घिउ फिटेर बालकलाई ख्वाउन पर्छ र ३६ घण्टा पछि असल मुहूर्त हेरेर स्नान गराउनु पर्छ।

पाँचौं — (नाल छेदन कर्म)

बालक जन्मेर गर्ने कर्म। नाल छेदन गर्दा आठ अंगुल नापेर गर्नु पर्छ। छेदन गर्नुभन्दा अघि तातो पानीमा उमालेको धागोले बाँध्नु पर्छ र ~~सफा~~ सफा हतियारले काट्नु पर्छ। नाल छेदन नगरुन्जेल सम्म सुतक प्रारम्भ हुँदैन त्यस पछि दश रात पछाडि सुतक समाप्त हुन्छ।

Teacher's Signature ..........................

राजु [?] प्रसाद अधिकारीद्वारा लिखित

Page No.:
Date : / /

छैटौं संस्कार :- (षष्ठि कर्म)

षष्ठिको अर्थ हो :- दुइ हात, दुइ (खुट्टा) एकघड [?] एक शिर हो, यो छवटा अंग संचालन गर्ने शक्तिको नाम हो 'षष्ठि' का देवी हो।

नानी जन्मिएको ६ दिनको दिन यो षष्ठिका देवी को पुजा गर्नुपर्दछ। यो पुजा गर्दा पाँचौं दिनको रात्री १२ बजेर १ मिनेट देखि ६ दिनको रात्री १२ बजे सम्म सुतक मानिदैन।

सातौं संस्कार :- नामाकरण संस्कार

११ दिनमा न्वारण गरेर नाम राख्नु पर्छ

Teacher's Signature ..................

गर्भाधानं पुंसवनं सिमन्तो जातकर्म च ।
नामक्रिया निष्क्रमणो ऽन्नाशनं वपनक्रिया
~~कर्ण वेधो~~ कर्णवेधो व्रतादेशो वेदारम्भ क्रियाविधि
केशान्तः स्नानमुद्वाहो विवाहाग्नि परिग्रह
त्रेताऽग्नि संग्रहश्चेती संस्काराः षोडशस्मृताः

Teacher's Signature ..............................